गाउँ शिक्षा योजना

# (२०८२/०८३-२०९२/०९३)

माण्डवी गाउँपालिका
माण्डवी गाउँपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
लुम्बिनी प्रदेश, नेपाल

## अध्यक्षको भनाइ

शिक्षा कुनै पनि समाजको समग्र विकास, समृद्धि र सामाजिक रूपान्तरणको प्रमुख आधार हो । गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको विकासमार्फत सक्षम, सिर्जनशील, नैतिकवान् र प्रतिस्पर्धी नागरिक उत्पादन गर्नु आजको आवश्यकता हो । यस यथार्थलाई आत्मसात गर्दै माण्डवी गाउँपालिकाले आगामी दस वर्षको मार्गदर्शन गर्ने उद्देश्यले गाउँ शिक्षा क्षेत्र योजना तयार गरेको छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत तथा माध्यमिक शिक्षाको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्दै सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्नु हाम्रो प्रमुख दायित्व हो । यस योजनाले शिक्षाको पहुँच विस्तार, सिकाइ उपलब्धि सुधार, विद्यालय व्यवस्थापन सुदृढीकरण, शिक्षक पेशागत विकास, सूचना तथा सञ्चार प्रविधिको उपयोग, बालमैत्री तथा समावेशी सिकाइ वातावरण निर्माण, विपद् व्यवस्थापन तथा शैक्षिक सुशासनलाई प्राथमिकतामा राखेको छ ।

माण्डवी गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि तथा सरोकारवालाहरूको सक्रिय सहभागिता र सहकार्यबाट मात्र यस योजनाका लक्ष्यहरू हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छु । शिक्षा क्षेत्रको दिगो विकासका लागि स्थानीय स्रोत, साधन र अवसरहरूको अधिकतम उपयोग गर्दै आवश्यक साझेदारी र लगानीलाई समेत प्रवर्द्धन गरिनेछ ।

यो योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण सरोकारवाला, विज्ञ, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस योजनाको प्रभावकारी कार्यान्वयनबाट माण्डवी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि भई समुन्नत, शिक्षित र सक्षम समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु।

**'समाजवाद उन्मुख माण्डवीबासीको पहिचान, सर्वसुलभ गुणस्तरीय शिक्षा प्रमुख अभियान'**भन्ने मूल भावनाका साथ योजनाको सफल कार्यान्वयनमा सबै पक्षको सक्रिय सहयोग र प्रतिबद्धताको अपेक्षा गर्दछु ।

धन्यवाद ।

**(नमराज अधिकारी 'रोशन')**
**अध्यक्ष**
माण्डवी गाउँपालिका , प्युठान

## उपाध्यक्षको भनाइ

स्थानीय सरकारको महत्वपूर्ण दायित्वमध्ये शिक्षा क्षेत्रको विकास र व्यवस्थापन प्रमुख विषय हो । समृद्ध, सक्षम र प्रतिस्पर्धी समाज निर्माणका लागि शिक्षामा गरिएको लगानी सबैभन्दा प्रभावकारी र दीर्घकालीन लगानी मानिन्छ । यही मान्यतालाई आत्मसात् गर्दै माण्डवी गाउँपालिकाले आगामी शैक्षिक आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले गाउँ शिक्षा क्षेत्र योजना तर्जुमा गरेको छ ।

यो योजना गाउँपालिकाको शैक्षिक अवस्थाको यथार्थ विश्लेषण, स्थानीय आवश्यकता तथा राष्ट्रिय शिक्षा नीतिका प्राथमिकताका आधारमा तयार गरिएको छ । योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउने मार्गनिर्देशन प्रदान गरेको छ। साथै, सिकाइ उपलब्धि सुधार, विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि, प्रविधिको प्रयोग विस्तार, शिक्षकको पेशागत क्षमता अभिवृद्धि तथा विद्यालयको भौतिक पूर्वाधार सुदृढीकरणलाई विशेष प्राथमिकता दिइएको छ ।

शिक्षाको विकास केवल सरकारको प्रयासबाट मात्र सम्भव हुँदैन । विद्यालय, अभिभावक, समुदाय, शिक्षक तथा सरोकारवाला निकायहरूको साझा उत्तरदायित्व र सहकार्यबाट मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ । त्यसैले योजनामा उल्लेखित लक्ष्य, उद्देश्य र कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको छ ।

यस योजनाले माण्डवी गाउँपालिकामा गुणस्तरीय, समावेशी, न्यायपूर्ण र जीवनोपयोगी शिक्षाको आधार निर्माण गर्दै भावी पुस्तालाई सक्षम, सिर्जनशील र उत्तरदायी नागरिकका रूपमा विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दछु ।

गाउँ शिक्षा क्षेत्र योजना निर्माणका क्रममा सुझाव, परामर्श तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवाला पक्षप्रति हार्दिक आभार व्यक्त गर्दै यसको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोग रहने अपेक्षा गर्दछु ।

**(पूर्ण प्रसाद कालाथोकी)**
**उपाध्यक्ष**
माण्डवी गाउँपालिका, प्युठान ।

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

विकासको पूर्वाधारमध्ये अग्रपंक्तिमा रहने शिक्षा कुनैपनि समाजको समृद्धि, सुशासन र सामाजिक-सांस्कृतिक रुपान्तरणको माध्यमबाट दिगो विकास हासिल गर्ने आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षाको माध्यमबाट सक्षम, सिर्जनशील र जिम्मेवार नागरिक उत्पादन गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी जनशक्ति निर्माणको आधार तय गर्नु हाम्रो उदेश्य हो ।

माण्डवी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना यसै उद्देश्यलाई केन्द्रमा राखी तयार गरिएको प्रथम शैक्षिक मार्गदर्शन तथा शैक्षिक दस्तावेज हो । योजना निर्माणमा तथ्य र तथ्यांकको यथार्थपरक प्रयोग र अनुमानयोग्य लक्ष्य निर्धारण गर्ने प्रयास गरिएको छ । यस योजनाले स्थानीय आवश्यकता अनुसार बालविकास देखि माध्यमिक तहसम्मको शिक्षाको सरल र सहज पहुँच सुनिस्चित गर्न , गुणस्तरयुक्त शिक्षा, समानता, सुशासन, शिक्षक क्षमता विकास, विद्यालय पूर्वाधार सुदृढीकरण, सूचना प्रविधिको प्रयोग तथा सिकाई उपलब्धि अभिवृद्धिका स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ ।

संविधान प्रद्दत्त स्थानीय तहको अधिकारको व्यवहारिक प्रयोग गर्दै मौलिक हकको वस्तुनिष्ठ कार्यान्वयन गर्न कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुने वातावरण सृजना गर्नु हाम्रो प्रतिबद्धता हो । योजनाको प्रभावकारी कार्यान्वयनको सुनिस्चितका लागि जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, नागरिक समाज, विकास साझेदार तथा सरोकारवालाको राय र सुझाव योजना निर्माणको क्रममा समेट्ने प्रयास गरिएको छ ।

यस योजना निर्माणमा प्रत्यक्ष/परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, विज्ञ सदस्य, शिक्षक, कर्मचारी तथा स्थानीय समुदाय तथा सम्पूर्ण शिक्षा क्षेत्रका सरोकारवाला प्रति हार्दिक आभार व्यक्त गर्दछु । माण्डवी गाउँपालिकाको शिक्षा क्षेत्र थप गुणस्तरीय, समावेशी, सृजनशील, प्रविधिमैत्री र प्रतिस्पर्धी बन्ने विश्वासका साथ यो योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाको सार्थक सहभागिताको विश्वास लिएको छु ।

**(भिमकान्त भण्डारी)**
**प्रमुख प्रशासकीय अधिकृत**

**शिक्षा योजना निर्माण कार्यदलको सदस्यहरुः**

| | |
|---|---|
| श्री नमराज अधिकारी (रोशन) | संयोजक |
| श्री भिमकान्त भण्डारी | सदस्य |
| श्री प्रकाश वली | सदस्य |
| श्री डिल बहादुर घर्ती | सदस्य |
| श्री कमला कामी | सदस्य |
| श्री जीत बहादुर रोका | सदस्य |
| श्री धर्मराज रोकाय | सदस्य |
| श्री प्रमिला पोख्रेल | सदस्य |
| श्री खिमानन्द पोख्रेल | सदस्य |
| श्री श्री कुमार शर्मा अधिकारी | सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | सदस्य |
| श्री तुल्सी कार्की | सदस्य सचिव |

प्रकाशक :
प्रकाशन प्रति :
सर्वाधिकार :
मुद्रण :
प्रमाणित मिति :
प्रकाशन मिति :
प्राविधिक परामर्श सेवा सहयोग :

## विषयसूची


योजनाको सारांश ..... 9

१. विषय प्रवेश ..... 9

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ..... 9

३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ..... 11

४. शिक्षा योजना निर्माणका आधार ..... 11

५. शिक्षा योजना निर्माण प्रक्रिया ..... 12

समीक्षा एवम् पृष्ठपोषण : ..... 13

६. योजनाको लेखाजोखा ..... 13

७. योजनाको दस्तावेजको स्वरूप ..... 14

परिच्छेद एक परिचय : ..... 15

पृष्ठभूमि ..... 15

१.२ वर्तमान अवस्था ..... 15

१.२ गाउँपालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरु : ..... 23

परिच्छेद २ : दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति ..... 26

२.१ परिचय ..... 26

२.२ दूरदृष्टि (vision ( ..... 26

२.३ ध्येय (Mission ( ..... 26

२.४ उद्देश्यहरू (Objectives ( ..... 26

२.५ रणनीतिहरू (Strategics) ..... 27

२.५ कार्यनीतिहरू ..... 28

२.७ अपेक्षित मुख्य उपलब्धि ..... 30

२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ..... 32

परिच्छेद ३उपक्षेत्र मुख्य क्षेत्रका शिक्षा विद्यालय : ..... 38

३.१ प्रारम्भिक बालविकास र शिक्षा ..... 38

३.२ आधारभूत शिक्षा ..... 44

३३. माध्यमिक शिक्षा ..... 54

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ..... 61

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... 66

प्ररिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्र ..... 72

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..... 72

४.२ शिक्षक व्यवस्थापन र विकास ..... 81

४.३ शैक्षिक समता र समावेशीकरण ..... 90

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ..... 96
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ..... 101
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ..... 107
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... 113
परिच्छेद ६व्यवस्थापन तथा सुशासन : ..... 122
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ..... 122
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... 127
परिच्छेद ७व्यवस्थापन स्रोत र लगानी : ..... 131
परिच्छेद ८अनुगम :न तथा मूल्याङ्कन ..... 142
सन्दर्भ ग्रन्थ सूची ..... 145
अनुसूची : एक
दश बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि गरिएका निर्णयहरु ..... 147

# योजनाको सारांश

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारीरूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम शिक्षामा पहुँच,गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्व यनमा रहेको छ। त्यसैगरी प्रदशसे स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशलुक माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारकाले योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । माण्डवी गाउँपालिकाले स्थानीय गाउँ शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरको सन्दर्भमा शिक्षा योजना कार्यान्वयनका लागि सहजतत र शैक्षिक गुणस्तर कायम गर्नका लागि यो गाउँ शिक्षा योजना तयार गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

मानव जातिको सर्वाङ्गीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो । दिगो विकास, शान्ति सुशासन र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले असल, योग्य, सक्षम प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। यसैका माध्यमबाट नै समग्र मुलुकले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको आकाङ्क्षा र अठोट समेत पूरा हुन्छ।

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्नुका साथै माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्ने व्यवस्था शिक्षा सम्बन्धी हक अन्तर्गत रहेको छ । माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेकाले सामुदायिक विद्यालयको संस्थागत क्षमता विकास र शैक्षिक गुणस्तर अभिवृद्दि गर्नु गाउँपालिकाको अनिवार्य दायित्व बनेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले कुनै बालबालिका शिक्षाबाट वञ्चित हुनु नपरोस् र सबैको पहुँचमा शिक्षा सुनिश्चित होस् भनी परिकल्पना गरेको छ।

निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै परिच्छेद ३ मा अनिवार्य तथा निःशुल्क र दफा २० मा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने कुरा समेत उल्लेख गरेको पाइन्छ। यसैलाई टेकेर बनाइएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को परिच्छेद २ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, आवासीय सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तह सम्मको शिक्षामा शुल्क लिन नहुने कुरामा विशेष जोड दिएको पाइन्छ।

नियमावलीको परिच्छेद ३ मा छात्रवृत्ति विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गर्ने कुरा उल्लेख गर्दै परिच्छेद ४ मा वैकल्पकि र अनौपचारकि तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षार्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ। कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथामकिताहरुलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ। यसै परिप्रेक्ष्यमा नेपाल सरकारले संघीय संरचना अनुरुप शिक्षा क्षेत्रको गाउँ शिक्षा नीति

२०८० मार्गदर्शक नीतिका रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ। जसको दूरदृष्टि नै "शिक्षित सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने रहेको छ भने यसको लक्ष्य सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधि मैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने रहेको छ।

शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो। नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ। ती मौलिक हकहरु निम्न छन् (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ, २) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ, ३) अपाङ्ग भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ, ४) दृष्टिबिहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ, ५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ।

संविधानले प्रत्यभूत गरेको शिक्षा सम्बन्धी मौलिक हकलाई पूर्णरुपमा कार्यान्वयन गर्न, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ कार्यान्वयन गर्दै प्रत्येक नागरिकलाई अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गरेको छ। नेपालले सबैको लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाई अपाङ्गता भएका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चित गरेको छ। प्रतिवद्धतालाई कार्यान्वयन गर्न, नेपालले समावेशी नीति २०७३ कार्यान्वयन गरी समावेशी शिक्षालाई प्राथमिकतामा राखी सबै बालबालिकालाई विभेदरहित वातावरणमा साँस्कृतिक, वर्गीय, जातीय एवं भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समुदायमा जीवनउपयोगी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ।

शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था र अन्तराष्ट्रिय अभियानमा गरेको प्रतिबद्धताको पूर्ण कार्यान्वयन गरी जनतालाई संविधानले प्रत्याभूत गरेका अधिकारको जनस्तरबाटै सुनिश्चित गर्न माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने, नेपालको संविधान २०७२ ले कानुनी जिम्मेवारी स्थानीय तहलाई दिएको छ स्थानीय तहले सो कानुनी व्यवस्था अनुसार प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय शिक्षा, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरुलाई जीवन पर्यान्त सिक्ने वातावरण सृजना गरी सर्वसूलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क सुनिश्चितता स्थानीय सरकारको जिम्मेवारी भित्र आएको छ।

स्थानीय तहले आफ्नो योजनामा राष्ट्रिय नीति साथै योजनाले प्राथमिकीकरण गरेको कुरामा आधारित भइ आफ्नो आवश्यकता अनुसार योजना तय गर्नु पर्ने स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन २०८१ ले निर्दिष्ट गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले तय गरेको लक्ष्य सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने र सोह्रौ पञ्चवर्षीय योजना आ.व. २०८१/८२ देखि २०८५ र ८६ ले शिक्षा सम्बन्धी लिएको लक्ष्य पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर १००% र सबै शैक्षिक संस्थामा प्रविधिको पँहुचको बिस्तार गर्ने लक्ष्य तय गरेको छ भने इन्चोन सम्मेलनमा भएको तय गरिएका विश्वव्यापी घोषण पत्रमा हस्ताक्षर गरी

सन् २०३० सम्ममा नेपालको सार्वजनिक शिक्षालाई सुधार गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्ने लक्ष्य लिएको छ।

स्थानीय तहले आफ्नो शिक्षा योजनाको निर्माण गर्दा विद्यालय शिक्षा क्षेत्र योजना २०७७ देखि २०८८ ले तय गरेको दुरदृष्टि,लक्ष्य, उद्देश्य तथा रणनीति साथै प्राथमिकिकरण गरेको मुख्य चुनौती, विषयहरु प्रारम्भिक बालविकासको भर्नादर ९९% पुऱ्याउने तय गरेको छ, आधारभूत तहमा विद्यार्थी टिकाउदर ९५% पुऱ्याउने तय गरेको छ। विद्यालय भन्दा बाहिर रहेका विद्यार्थीको सङ्ख्या शून्य बनाउने, साक्षरत दर बढाउने लक्ष्य तय गरेको छ, शिक्षामा कुल बजेटको २०% पुऱ्याउने लक्ष्य लिएको छ। त्यसै गरी आधारभूत तहमा महिला शिक्षक ५०% र माध्यमिक तहमा ३३% पुऱ्याउने लक्ष्य लिएको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षामा ३०% विद्यार्थी सहभागिता गराउने र ९९% विद्यालयमा इन्टरनेट सेवा बिस्तार गर्ने लक्ष्यलाई प्राथमिकिकरण गरी समग्र नगर/गाउँ शिक्षालाई व्यवस्थापन गर्ने र शिक्षाको विकासमा अगाडि बढ्ने मान्यताको साथमा माण्डवी गाउँपालिकाले पनि यस योजना मार्फत शैक्षिक विकास अभ्यासलाई लक्ष्य प्राप्तिको लागि अगाडि बढ्नु पर्ने आवश्यकतालाई आत्मासाथ गर्दै गाउँपालिकाले दशवर्षीय शिक्षा क्षेत्र योजना बनाइ जानु पर्ने आवश्यकता र औचित्य ठानेको छ। माण्डवी गाउँपालिकाले माथि उल्लेखित नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६, सोह्रौ पञ्चवर्षीय योजना आ.व. २०८१/८२ देखि २०८५ र ८६ र विद्यालय शिक्षा क्षेत्र योजना २०७७ देखि २०८८ को आधारमा वर्तमान शिक्षाको अवस्थाको विश्लेषणको आधारमा आगामी दश बर्षका मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण शिक्षा योजनामा लक्ष्य योजना निमार्ण गरेको छ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
३.२ सङ्घ र प्रदशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३.३ कार्यक्र म र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
३.४ साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन।

## ४. शिक्षा योजना निर्माणका आधार

गाउँ शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक् त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी समेत योजना निर्माण गरिएको छ।
४.१ नेपालको सविंधान
४.२ सोह्रौं आवधिक योजना
४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४.४ संघ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
४.५ अनिवार्य तथा निःशशिक्षासम्बन्धी ऐन, २०७५
४.६ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७
४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
४.८ विद्यालय शिक्षामा समता रणनीति
४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
४.१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित सस्कंरण ,२०८१/४/१४ विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यो शिक्षा योजना निर्माण गर्दा माण्डवी गाउँपालिकाले निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सधुार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । यसका लागि माण्डवी गाउँपालिका अन्तगत विभिन्न शाखासंग समन्वय गरी तयार पारिएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

देशको मूल योजनासँगै हरेक क्षेत्रको विकास र उन्नतिका लागि पनि विशिष्ट किसिमका योजनाहरूको आवश्यकता पर्दछ । योजनाको यही मूल अभिप्रायका साथ शिक्षामा पनि विशेष किसिमका आवधिक योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने गरिन्छ । यस सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम सम्पन्न हुन थालेपछि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजनाको नामबाट दिगो विकासका लक्ष्यहरूलाई समेत सम्बोधन हुने गरी सङ्घीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको मस्यौदाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरूलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनका लागि मार्ग निर्देशन गरेपश्चात योजनाको आवश्यकता महसुस गरी यसको तयारी र निर्माण कार्यले गति लिएको हो । यो भन्दा एक वर्ष अघि तयार हुनुपर्ने योजना केही समय पछि धकेलिएको भए तापनि यस योजनालाई द्रुत गतिमा निर्माण गर्नका लागि गरिएका प्रक्रिया र क्रियाकलापहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १.६.१ योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

- **योजना निर्माण समिति (ESP Steering Committee):** यस माण्डवी गाउँपालिकाको अध्यक्ष श्री नमराज अधिकारी (रोशन) को संयोजकत्वमा माण्डवी शिक्षा क्षेत्रको दश वर्षे योजना निर्माणको लागि निर्माण समितिको गठन गरिएको थियो जसमा गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक, वडाध्यक्षहरू सबै, गाउँपालिकाका प्रशासकीय प्रमुख, माध्यमिक विद्यालयका शिक्षकहरू सबै र शिक्षा शाखा प्रमुखलाई समेट्ने काम भएको थियो ।
    - **विषयगत अध्ययन एवम् लेखन समूहहरू** (Thematic Teams): माथि उल्लेख भएअनुसार गाउँपालिकाले सम्बन्धित विषयका विज्ञ (परामर्श दाता), विषय शिक्षक, प्राध्यापकहरूसमेत संलग्न भएका विषयगत अध्ययन समूहहरू गठन गरेको थियो । यी समूहहरूले देहायका शीर्षकहरूमा कार्य विभाजन गरी योजना लेखन कार्य गरेको थियो ।
    - प्रारम्भिक बालविकास र शिक्षा
    - आधारभूत शिक्षा
    - माध्यमिक शिक्षा
    - उच्च शिक्षा र माध्यमिक शिक्षासँग यसको सम्बन्ध
    - प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम
    - अनौपचारिक शिक्षा, साक्षरता र निरन्तर सिकाइ
    - पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन
    - शिक्षक व्यस्थापन तथा विकास

- शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन
- शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श
- शिक्षामा सूचना र संचार प्रविधि
- संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध
- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा
- शिक्षण संस्थाहरूको पूर्वाधार विकास

**समीक्षा एवम् पृष्ठपोषण :**

विभिन्न समयमा भर्चुअल एवम् भौतिक उपस्थिति एवम् भेलाको माध्यमबाट शिक्षा योजनाका बारेमा भए गरेका कार्यहरूको प्रस्तुति र सरोकारवालाहरूबाट सुझाव र पृष्ठपोषण सङ्कलन गर्ने काम भएको थियो।

### १.६.२ योजनाको मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित विषयगत समूहबाट आ-आफ्नो तोकिएको विषयमा योजना तयार गरी प्राविधिक समूहमा पेश भएको थियो भने विषयगत समूहहरूबाट तयार गरेको योजनालाई आवश्यक परिमार्जन गर्दै निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको थियो। यस क्रममा उल्लिखित विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित क्षेत्रका आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो। यस प्रकार तयार गरिएको योजनाको प्रथम मस्यौदा परामर्श बैठकमा पेश गरिएको थियो।

### १.६.३ परामर्श बैठक (Consultation Meeting)

योजना लेखन समूहका सदस्य लगायत अन्य विज्ञ समूह समेतको प्रतिनिधित्व भएको  गाउँस्तरीय परामर्श बैठकमा व्यापक छलफल गरी सुझावहरू प्राप्त भएका थिए। यस किसिमको परामर्श बैठक  गाउँपालिकाका ५ वटै वडामा समेत सञ्चालन भई सुझावहरू प्राप्त भएका थिए। उक्त सुझावहरूलाई समेत सम्बोधन गरेर योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो। यसरी तयार भएको अन्तिम मस्यौदा आवश्यक छलफल र अनुमोदनका लागि  गाउँ कार्यपालिकामा पेश गरिएको थियो।

### १.६.४ योजनाको स्वीकृति तथा अनुमोदन (Approval of Education Sector Plan - ESP)

विषयगत समूहबाट विषयगत लेखन परामर्श समूहबाट आवश्यक परामर्श र सुझाव एवम् उल्लिखित सबै पक्षहरूलाई समेटेर विज्ञबाट लेखन र पुनर्लेखन हुँदै तयार भएको योजनाको अन्तिम मस्यौदा अनुमोदनका लागि गाउँ कार्यपालिकामा पेश भएकोमा गाउँ कार्यपालिकाको बैठकमा योजनाका बारेमा घनीभूत छलफल गरी सामान्य संशोधन सहित व्याकरणीय हिसाबले सम्पादन गरी प्रकाशन गर्न कार्यसमितिको बैठकले मिति २०८३।०१।०३ गते स्वीकृति प्रदान गरेको थियो।

## ६. योजनाको लेखाजोखा

गाउँशिक्षा समितिको नेतृत्वमा मिति २०८१।०५।१७ र मिति २०८२।०८।०४ का दिन बैठक बसी शिक्षा योजना बनाउने निणर्यलाई कार्यपालिकाको मिति  बैठकबाट बहुमतले पारित गरी र १० बर्षे शिक्षा योजना बनाउने निणर्य गरेको हो। सोही निर्णय अनुसार सदस्य कार्यदल गठन गरी शिक्षा योजना निर्माण गर्ने काम शुभारम्भ गरेको हो। स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन २०८१ ले निर्दिष्ट गरे अनुसाको शिक्षा योजना ढाँचामा आवश्यक तथ्याङ्क संकलन र सो को आधारमा लेखन कार्य गरी लेखेको कुराहरूको समीक्षा गर्दै यो योजना तयार गरेको हो।

### ७. योजनाको दस्तावेजको स्वरूप

शिक्षा विकासको लागि १० वर्षे शिक्षा योजना, गाउँपालिकाले यस शिक्षा योजना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन परिमार्जित संस्करण २०८१ अनुरुप तयार गरिएको छ। सोही दिग्दर्शनले निर्दिष्ट गरे बमोजिम यस शिक्षा योजनाको सुरुवात विषय प्रवेशबाट गरी शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, योजना निर्माणका आधार, योजना निर्माण गर्दा अपनाइएका आधारहरु, योजनाको लेखाजोखाको बारेमा प्रस्तुत गरिएको छ भने ८ परिच्छेदमा विभाजन गरी योजनाको दस्तावेज तयार गरिएको छ। परिच्छेदको हिसाबले परिच्छेद -१ वर्तमान अवस्थाको बिश्लेषण, परिच्छेदमा -२ मा शिक्षा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा समेटिएको छ भने परिच्छेद -३ मा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र समेटिएको छ भने परिच्छेद - ४ मा अन्तरसम्बन्धित विषय तथा क्षेत्र बारेमा उल्लेख गरिएको छ त्यसै गरी परिच्छेद - ५ मा अन्य उपक्षेत्र बारेमा उल्लेख गरिएको छ भने परिच्छेद -६ मा, सुशासन तथा व्यवस्थापन, परिच्छेद -७ लगानी र स्रोत व्यवस्थापन र परिच्छेद - ८ अनुगमन तथा मूल्याङ्कन राखिएको छ।

# परिच्छेद एक : परिचय

## पृष्ठभूमि

माण्डवी गाउँपालिकाको बुझाइमा योजना हिजोको अनुभवबाट, आजको आवश्यकता पूरा गर्ने र भोलि कहाँ पुग्ने भनेर आफ्नो आवश्यकता, क्षमता, दक्षतामा आधारित देखिएको सपना हो । समाजको भौगोलिक, सामाजिक र आर्थिक पक्षको अवस्थाले योजनाको आवश्यकता, औचित्य, सान्दर्भिकताको, योजना मार्फत के प्राप्त गर्न खोजेको हो त्यो कुराको आधार तय गर्ने भएकोले यस परिच्छेदमा माण्डवी गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्था, र शैक्षिक अवस्थाको बारेमा विश्लेषण गरी शिक्षा आवश्यकता, चुनौती बिश्लेषण गरिएको छ ।

## १.२ वर्तमान अवस्था

### क) भौगोलिक अवस्थितिको विश्लेषण :

लुम्बिनी प्रदेशको प्यूठान जिल्लामा अवस्थित माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" पूर्व देशान्तर र २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ । कुल ११३.०८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो गाउँपालिका समुद्री सतहबाट ४९२ मिटर उचाईदेखि १८८२ मिटर सम्मको उचाईमा फैलिएको छ । प्राकृतिक तथा प्रशासनिक सीमानाका दृष्टिकोणले यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्वारी र प्यूठान नगरपालिका, पश्चिमतिर दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन्।माण्डवी गाउँपालिकाको कुल क्षेत्रफल ११३.०८ वर्ग किलोमिटर मध्ये २१.७० वर्ग किलोमिटर जमिन खेतीपातीका लागि उपयोग भएको देखिन्छ। यसैगरी, पालिकाको करिब ७६.३२ वर्ग किलोमिटर भू-भाग वनजङ्गलले ओगटेको छ भने २.३५ वर्ग किलोमिटर क्षेत्र जलक्षेत्रको रूपमा रहेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिका लागि उपयुक्त उर्वर माटोको धनी हुनुका साथै झिमरुक नदीको जलाधार क्षेत्रमा पर्ने भएकाले राम्रो जलाधार भएको गाउँपालिका हो। यस क्षेत्रका कृषकहरूले उत्पादन गर्ने प्रमुख खाद्यान्न तथा अन्न बालीहरूमा मुख्यतया धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, अरहर र तोरी आदि पर्दछन् ।

माण्डवी गाउँपालिका समुद्री सतहबाट ४९२ मिटरको न्यून उचाइदेखि १,८८२ मिटरसम्मको उचाइमा अवस्थित छ, जसको भौगोलिक बनावटअन्तर्गत प्यूठान जिल्लाको दक्षिणी भागमा चुरे क्षेत्र, पश्चिममा महाभारत पहाड र उत्तरी भू-भागमा तल्लो हिमाली (मध्य पहाडी) क्षेत्र पर्दछ। यस गाउँपालिकाको समुद्री सतहबाट ४९२ मिटरदेखि ९१५ मिटरसम्मको भू-भागलाई मुख्य बेसी क्षेत्र मानिन्छ, जहाँ तराई तथा भित्री मधेशको जस्तो उपोष्ण (Sub-tropical) हावापानी पाइन्छ। यो बेसी क्षेत्र झिमरुक नदी र स्थानीय खोलाहरूको जलाधार क्षेत्रमा पर्ने भएकाले यहाँ समथर खेतबारी रहेका छन्, जहाँ धान, मकै र गहुँ जस्ता मुख्य खाद्यान्न बालीहरूको प्रचुर उत्पादन हुन्छ। अनुकूल भूगोल र सुगम यातायातका कारण यसै बेसी भागमा गाउँपालिकाको घनाबस्ती (जस्तै जस्पुर, नयाँगाउँ बजार) केन्द्रित छ, जसले गर्दा यहाँ व्यापारिक क्रियाकलापहरू फस्टाएका छन् र साना घरेलु तथा लघु उद्योगहरू समेत सञ्चालनमा रहेका छन् । साथै, पर्यावरणीय दृष्टिकोणले यो तल्लो तथा बेसी क्षेत्र जैविक विविधतामा धनी छ, जहाँ साल, शिरीष, वैदार, बाँस, निगालो र चिउरी जस्ता महत्त्वपूर्ण प्रजातिका रुख तथा वनस्पतिहरू प्राकृतिक रूपमा पाइन्छन्।

जलवायुको दृष्टिकोणले माण्डवी गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी पाइन्छ, जहाँ भौगोलिक उचाइको भिन्नता (४९२ मिटरदेखि १८८२ मिटर) का कारण बाह्रै महिना एकैनासको मौसम रहँदैन। यस गाउँपालिकामा मुख्यतया चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी महसुस हुन्छ भने आश्विन, कार्तिक र फागुन महिनामा यहाँको जलवायु समशितोष्ण (Tropic) रहने गर्दछ; तर हिउँदका मुख्य महिनाहरू अर्थात् मंसिर, पौष र माघमा यहाँ निकै जाडो हुने गर्दछ। जल-मौसम विज्ञान विभागको तथ्याङ्कीय प्रवृत्ति अनुसार यहाँ जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म दक्षिण-पूर्वी मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ। तापक्रमको सन्तुलनलाई हेर्दा, गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सियस सम्म पुग्ने गर्दछ भने हिउँदको समयमा न्यूनतम तापक्रम ८.० डिग्री सेल्सियस सम्म ओर्लिने गर्दछ।

यहाँको जङ्गलमा चितुवा, रतुवा, घोरल, बँदेल, दुम्सी, बाँदर ,खरायो आदि जनावर पाईन्छन भने मयूर, कालिज, च्याखुरा, तित्रो लगायतका पंक्षीहरु पाईन्छन् । स्वस्थ्यकर हावापानी समेत भएको यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ भने मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ । यस भेगको जङ्गलमा कटुस, चाँप, ओखर चिउरी, पिपल टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन् ।

यस माण्डवी गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, गोठधूप, माता तीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोहश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार माण्डवी गाउँपालिकाको पाश्र्वचित्र विभिन्न पर्वहरु, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, जेष्ठ पूर्णिमा, असारे १५ आदि चाडपर्वहरु रहेका छन् ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्त्वका स्थलहरु रहेको यो गाउँपालिका गहनाको रुपमा गौमुखी, झाँक्रीढुङ्गा, ईश्वादेवी लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक संस्कृति आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू सृजना गर्न सकिने देखिन्छ ।

### ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

लुम्बिनी प्रदेशको प्यूठान जिल्लाको दक्षिणी भागमा अवस्थित माण्डवी गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल ३,७९४ घरधुरी र १५,८६३ कुल जनसङ्ख्या रहेको छ। कुल जनसङ्ख्यामध्ये पुरुषको सङ्ख्या ४४.३७ प्रतिशत (७,०३९ जना) र महिलाको सङ्ख्या ५५.६३ प्रतिशत (८,८२४ जना) रहेको छ, जसले यस पालिकामा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी भएको देखाउँछ। जातजातिगत बनोटका हिसाबले यो गाउँपालिका बहुजातीय विशेषतायुक्त रहेको छ, जहाँ कुल जनसङ्ख्याको ४३ प्रतिशतसहित सबैभन्दा धेरै मगर समुदायको बसोबास छ। मगर समुदायपछि २९.४ प्रतिशतसहित क्षेत्री जाति दोस्रो ठूलो समुदायको रूपमा रहेका छन्। यसैगरी, यहाँ १२.१ प्रतिशत विश्वकर्मा (कामी), ५.३ प्रतिशत ब्राह्मण, ४.० प्रतिशत ठकुरी, २.६ प्रतिशत परियार (दमाई), २.२ प्रतिशत मिजार (सार्की), १.३ प्रतिशत

सन्यासी/दशनामी, ०.९ प्रतिशत घर्ती/भुजेल र ०.७ प्रतिशत कुमाल लगायतका जातजातिहरूको बसोबास रहेको छ। समग्र जातीय सन्तुलनलाई हेर्दा माण्डवी गाउँपालिकामा मगर, क्षेत्री र विश्वकर्मा जातिको मुख्य बाहुल्यता रहेको पाइन्छ।

जनसाङ्ख्यिक संरचनाले शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विद्यालय उमेर समूहका बालबालिकाको अवस्था, जनसङ्ख्याको अनुपातमा विद्यालयको मौजुदा उपलब्धता, नयाँ विद्यालयको स्थापना वा पुनर्वितरण, र बालबालिकाको भर्नामा पहुँच जस्ता प्रमुख शैक्षिक सूचकहरूको गहन विश्लेषण गर्न आवश्यक देखिन्छ। यसै पृष्ठभूमिमा, माण्डवी गाउँपालिकाको वडागत जनसङ्ख्याको तुलनात्मक अवस्थालाई आधार मानी विद्यालयको पुनर्संरचना तथा शिक्षक दरबन्दी पुनर्वितरणको आँकलन गरिएको छ। गाउँपालिकामा विद्यालय जाने उमेर समूह (५ देखि १६ वर्ष) का बालबालिकाको सङ्ख्या करिब ५,००० रहेको अनुमानित तथ्याङ्कलाई कुल जनसङ्ख्याको वडागत वितरणसँग तुलना गर्दा प्रशासनिक तथा व्यापारिक केन्द्र रहेको वडा नं. ३ मा सबैभन्दा उच्च चाप देखिन्छ। यस वडामा गाउँपालिकाको कुल जनसङ्ख्याको २४.५७ प्रतिशत अर्थात् ३,८९८ जना (१,७०४ पुरुष र २,१९४ महिला) बसोबास गर्दछन्। जनसङ्ख्याको आधारमा दोस्रो धेरै चाप भएको क्षेत्र वडा नं. २ हो, जहाँ कुल जनसङ्ख्याको २१.२१ प्रतिशत अर्थात् ३,३६४ जना (१,५६१ पुरुष र १,८०३ महिला) को बसोबास रहेको छ। यसैगरी, वडा नं. १ मा १९.६४ प्रतिशतका दरले ३,११६ जना (१,४३२ पुरुष र १,६८४ महिला), वडा नं. ४ मा १९.३२ प्रतिशतका दरले ३,०६५ जना (१,२७४ पुरुष र १,७९१ महिला) र सबैभन्दा कम जनसङ्ख्या भएको वडा नं. ५ मा १५.२६ प्रतिशतका दरले २,४२० जना (१,०६८ पुरुष र १,३५२ महिला) बसोबास गर्दछन्। यस जनसाङ्ख्यिक वितरणको प्रवृत्तिले वडा नं. ३ र २ मा विद्यालयहरूको स्तरोन्नति र थप दरबन्दीको आवश्यकतालाई सङ्केत गर्दछ भने वडा नं. ५ र भौगोलिक रूपमा विकट रहेका क्षेत्रहरूमा विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय सङ्घीयता वा कक्षा समायोजन (मर्जर) को नीति अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार माण्डवी गाउँपालिकाको कुल साक्षरता दर ८१.६ प्रतिशत रहेको छ, जसमा लैङ्गिक आधारमा ठूलो असमानता देखिन्छ। कुल साक्षर जनसङ्ख्यामध्ये पुरुषको साक्षरता दर ८९.८ प्रतिशत उच्च रहँदा महिलाको साक्षरता दर भने तुलनात्मक रूपमा निकै न्यून अर्थात् ५२.२ प्रतिशत मात्र सीमित रहेको छ। साक्षरताको प्रवृत्तिको सूक्ष्म विश्लेषण गर्दा कुल जनसङ्ख्याको ८१.६ प्रतिशत नागरिक साधारण लेखपढ गर्न सक्ने (Functional Literacy) क्षमताका छन् भने १ प्रतिशत जनसङ्ख्या केवल अक्षर वा अङ्क पढ्न मात्र सक्ने अवस्थामा रहेका छन्। यस सकारात्मक पाटोका बावजुद गाउँपालिकाभित्र अझै पनि १७.४ प्रतिशत अर्थात् २,५१९ जना नागरिक पूर्ण रूपमा निरक्षर रहेका छन्। समग्र जनसङ्ख्याको यो साक्षरता स्थिति, विशेष गरी महिला साक्षरताको कमजोर अवस्था र निरक्षरहरूको यो सङ्ख्यालाई मध्यनजर गर्दा, माण्डवी गाउँपालिकाले आगामी आवधिक तथा वार्षिक विकास योजनाहरूमा 'पूर्ण साक्षर गाउँपालिका' को संकल्पलाई उच्च प्राथमिकतामा राखी लक्षित साक्षरता अभियान तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार माण्डवी गाउँपालिकामा कुल जनसङ्ख्याको २.४६ प्रतिशत (३९० जना) नागरिकहरू कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्। लैङ्गिक आधारमा हेर्दा कुल अपाङ्गता भएका व्यक्तिहरूमध्ये १.९ प्रतिशत महिला र २.६ प्रतिशत पुरुष रहेका छन्। अपाङ्गताको प्रकृतिको वर्गीकरण अनुसार सबैभन्दा धेरै ३५.७ प्रतिशत शारीरिक अपाङ्गता, १९.४ प्रतिशत कमजोर दृष्टि (Low Vision), १०.० प्रतिशत सुनाइमा कठिनाइ भएको, ९.७ प्रतिशत सुस्त श्रवण (Hard of Hearing), ७.७ प्रतिशत पूर्ण दृष्टिविहीन, ६.० प्रतिशत बोल्न नसक्ने (Speech Impairment), २.३ प्रतिशत मनोसामाजिक अपाङ्गता, १.४ प्रतिशत बहिरा-दृष्टिविहीन (Deaf-Blind), ०.९ प्रतिशत बौद्धिक अपाङ्गता र ० प्रतिशत अटिज्म भएका व्यक्तिहरू रहेका छन् भने ६ प्रतिशत नागरिकमा बहु-अपाङ्गता (Multiple Disabilities) को अवस्था देखिन्छ। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा पूर्ण रूपमा कार्यान्वयन गर्न, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली

२०७७ को मर्म बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षा सुनिश्चित गर्ने गाउँपालिकाको सर्वोपरि लक्ष्य रहेको छ। यस लक्ष्य प्राप्तीका लागि भौगोलिक, सामाजिक तथा सांस्कृतिक अवरोधहरूलाई चिर्दै विशेष गरी यी विभिन्न प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त भौतिक पूर्वाधार (Ramp र Braille), विशेष शिक्षकको व्यवस्था, र छात्रवृत्ति सहितको निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न गाउँपालिकाले एक मूर्त, समावेशी र व्यावहारिक कार्ययोजना बनाएर अघि बढ्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

### ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले माण्डवी गाउँपालिका छिमेकी स्थानीय तहहरूको तुलनामा एक विशिष्ट र पृथक् पहिचान बोकेको क्षेत्र हो। यहाँको बहुल सामाजिक संरचना, मौलिक रीतिरिवाज र सांस्कृतिक धरोहर यस गाउँपालिकाको मुख्य विशेषताका रूपमा रहेका छन्। विशेष गरी मगर, क्षेत्री, विश्वकर्मा, कुमाल, परियार, ब्राह्मण, ठकुरी, मिजार र सन्यासी/दशनामी लगायतका मुख्य नौभन्दा बढी जातजातिहरूको ऐतिहासिक बसोबास रहेका कारण यहाँको सामाजिक, सांस्कृतिक र धार्मिक पक्षमा निकै ठूलो विविधता र अनुपम सन्तुलन पाउन सकिन्छ। जातजाति अनुसार मनाइने फरक-फरक चाडपर्व, परम्परागत कला-संस्कृति, भेषभूषा र रहनसहनले यो गाउँपालिकालाई बहुसांस्कृतिक साझा फूलबारीको रूपमा स्थापित गरेको छ। यस्तो विविधतायुक्त सामाजिक र सांस्कृतिक परिवेशले स्थानीय नागरिकहरूबीच आपसी सद्भाव, सहिष्णुता र एकता कायम राख्न ठूलो मद्दत पुर्‍याएको छ, जसलाई गाउँपालिकाले आगामी रणनीतिक योजनाहरूमा स्थानीय पहिचान र सांस्कृतिक पर्यटन प्रवर्द्धनका रूपमा अघि बढाउनु सान्दर्भिक देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ को धार्मिक तथ्याङ्क अनुसार माण्डवी गाउँपालिकामा हिन्दु धर्म मान्ने नागरिकहरूको अत्यधिक बाहुल्यता रहेको छ, जहाँ कुल जनसङ्ख्याको ९९.७ प्रतिशत नागरिक हिन्दु धर्म अवलम्बन गर्दछन्। यसैगरी, यहाँ ०.३ प्रतिशतले बौद्ध धर्म, ०.२ प्रतिशतले इस्लाम धर्म र ०.२ प्रतिशतले क्रिश्चियन धर्म मान्ने गरेको पाइन्छ। धार्मिक एवं सांस्कृतिक अभ्यासका दृष्टिकोणले यहाँ बहुल संस्कृति र आपसी सद्भावको राम्रो दृश्य देखिन्छ। हिन्दु धर्मावलम्बीहरूले विशेष गरी बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका (तीज), श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने र माघे संक्रान्ति, माघी, मातातीर्थ औंसी, हरिशयनी एवं हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा) र श्री स्वस्थानी पूर्णिमा जस्ता परम्परागत चाडपर्वहरू हर्षोल्लासका साथ मनाउने गर्दछन्। अर्कातर्फ, बौद्ध धर्मावलम्बीहरूले मुख्य रूपमा बुद्धजयन्ती र विभिन्न प्रकारका ल्होसारहरू (जस्तै सोनाम, तामू र ग्याल्पो ल्होसार) मनाउने गर्दछन् भने क्रिश्चियन धर्मावलम्बीहरूले विशेष गरी क्रिशमस डे र अङ्ग्रेजी नयाँ वर्ष (New Year) धुमधामका साथ मनाउने गरेका छन्। यसरी थोरै सङ्ख्यामा रहेका अल्पसंख्यक धार्मिक समूहहरूले पनि आफ्नो मौलिक परम्परा स्वतन्त्र रूपमा अभ्यास गरिरहेका हुनाले माण्डवी गाउँपालिका सामाजिक-धार्मिक सहिष्णुता र बहुसांस्कृतिक एकताको एक गतिलो उदाहरणका रूपमा स्थापित छ।

सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरूले गर्दा विद्यालयको पहुँचभन्दा बाहिर रहेका र बीचैमा कक्षा छाड्न सक्ने जोखिममा (Drop-out risk) देखिएका बालबालिकाहरूलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याई सहज पहुँच सुनिश्चित गर्नु माण्डवी गाउँपालिकाको प्रमुख दायित्व हो। राष्ट्रिय तहको सोह्रौँ पञ्चवर्षीय योजना (आ.व. २०८१/८२–२०८५/८६) ले लिएको ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर शतप्रतिशत (१००%) पुर्‍याउने दीर्घकालीन लक्ष्य [1] तथा विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं. २०७९–२०८९) ले प्राथमिकतामा राखेका सूचकहरू—जस्तै विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शून्य (०) मा झार्ने, प्रारम्भिक बालविकास (ECED) को खुद भर्नादर ९९ प्रतिशत पुर्‍याउने र आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी टिकाउदर (Retention Rate) ९५ प्रतिशत कायम गर्ने राष्ट्रिय सङ्कल्पलाई यस गाउँपालिकाले पूर्ण रूपमा आत्मसात् गरेको छ। यी राष्ट्रिय लक्ष्य र सूचकहरूसँग स्थानीय नीतिलाई

सामञ्जस्यता कायम गर्दै, माण्डवी गाउँपालिकाले आफ्नो आवधिक शिक्षा योजनामा सामाजिक-सांस्कृतिक रूपमा सीमान्तकृत, विपन्न र जोखिमपूर्ण अवस्थामा रहेका सबै समुदायका बालबालिकाका लागि समतामुलक र गुणस्तरीय शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्ने स्पष्ट लक्ष्य, उद्देश्य र कार्यनीतिहरू तय गरी कार्यान्वयनको मार्गचित्र कोरेको छ ।

### घ) आर्थिक अवस्थाको विश्लेषणः (कृषि, उद्योग, पर्यटन आदि)

माण्डवी गाउँपालिकाको आर्थिक तथा रोजगारको स्थितिलाई हेर्दा, राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका १० वर्ष वा सोभन्दा माथिल्लो उमेर समूहका कुल १२,५१७ जना नागरिकहरूमध्ये ६५.८ प्रतिशत (८,२३६ जना) जनसङ्ख्या आर्थिक रूपमा सक्रिय (Economically Active) रहेका छन् भने बाँकी ३४.२ प्रतिशत (४,२८१ जना) जनसङ्ख्या आर्थिक हिसाबले निष्क्रिय अवस्थामा रहेका छन्। यसरी आर्थिक रूपमा सक्रिय रहेको श्रमशक्तिमध्ये ११.१ प्रतिशत (९१४ जना) जनसङ्ख्या पूर्ण रूपमा बेरोजगार रहेको तथ्याङ्कले देखाउँछ। अर्कातर्फ, गाउँपालिकाको वास्तविक खाद्य सुरक्षाको अवस्थालाई हेर्दा, यहाँका कुल ३,७९४ घरधुरीहरूमध्ये आफ्नै कृषि उत्पादनले ३ महिनाभन्दा कम अवधिका लागि मात्र खान पुग्ने परिवार १२.९ प्रतिशत (४८९ घरधुरी) रहेका छन्। यसै गरी, ३ देखि ६ महिनासम्म खान पुग्ने कृषक परिवारको सङ्ख्या पनि १२.९ प्रतिशत (४८९ घरधुरी) नै रहेको छ भने आफ्नो उत्पादनले ६ महिनाभन्दा बढी अवधिका लागि खान पुग्ने आत्मनिर्भर कृषक परिवारको सङ्ख्या ३६.5 प्रतिशत (१,३८५ घरधुरी) रहेको छ। समग्र आर्थिक तथा खाद्य उपलब्धताको यो वास्तविक अवस्थाले माण्डवी गाउँपालिकामा बेरोजगारी न्यूनीकरण र खाद्यान्न आत्मनिर्भरता बढाउन कृषि आधुनिकीकरण, व्यावसायिक कृषि पकेट क्षेत्रको विकास र गैर-कृषि क्षेत्रमा सीपमूलक स्वरोजगारीका कार्यक्रमहरूलाई आगामी योजनामा विशेष प्राथमिकता दिनुपर्ने आवश्यकतालाई औंल्याउँछ ।

राष्ट्रिय जनगणना २०७८ को आधिकारिक प्रतिवेदन अनुसार माण्डवी गाउँपालिकाको आर्थिक जगको मुख्य खण्ड कृषि क्षेत्र नै हो। यस पालिकाको कुल उत्पादनशील जनसङ्ख्यामध्ये ७५.९ प्रतिशत नागरिक कृषि पेसामा प्रत्यक्ष रूपमा आबद्ध रहेका छन्। कृषि क्षेत्रमा आबद्ध श्रमशक्तिको लैङ्गिक अवस्थालाई सूक्ष्म रूपमा नियाल्दा पुरुषको तुलनामा महिलाको संलग्नता निकै उच्च देखिन्छ; जहाँ ६६.१ प्रतिशत पुरुष कृषिमा सङ्लग्न रहँदा ८३.३ प्रतिशत महिला यसै पेसामा आश्रित छन्। यस तथ्याङ्कीय बनोटले पुरुषको तुलनामा महिलाको आबद्धता १७.२ प्रतिशतले बढी रहेको देखाउँछ, जसले स्थानीय कृषि क्षेत्रमा महिला श्रमशक्तिको वर्चस्व (Feminization of Agriculture) लाई स्पष्ट पार्दछ। परम्परागत कृषि प्रणाली अन्तर्गत यहाँ मुख्यतया मकै, धान खेती र गाईपालन जीविकोपार्जनको मुख्य माध्यमको रूपमा रहँदै आएको छ। यद्यपि, पछिल्लो समय यस गाउँपालिकामा कृषिको आधुनिकीकरण र व्यवसायीकरणतर्फ सकारात्मक रूपान्तरण भइरहेको छ; जसका कारण हाल गाउँपालिकामा विभिन्न व्यावसायिक कृषि फर्म, आधुनिक तरकारी खेती, व्यावसायिक बाख्रापालन, भैंसीपालन, कुखुरापालन, बङ्गुरपालन र मौरीपालन जस्ता व्यवसायहरू कानुनी रूपमा दर्ता भई सफलतापूर्वक सञ्चालनमा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार माण्डवी गाउँपालिकाको आर्थिक अवस्था र पारिवारिक संलग्नताको स्वरूप निकै चुनौतीपूर्ण देखिन्छ। कुल जनसङ्ख्यामध्ये २९.६ प्रतिशत (४,६५१ जना) नागरिक मात्र आर्थिक रूपमा रोजगार (सक्रिय रूपमा काम गरिरहेका) छन् भने ७.० प्रतिशत (७६७ जना) जनसङ्ख्या पूर्ण रूपमा बेरोजगार रहेका छन्। यसैगरी, गाउँपालिकाका कुल परिवारमध्ये ६१.८ प्रतिशत (९,२६० जना) नागरिकहरू घर गृहस्ती तथा घरायसी क्रियाकलापमा मात्र सीमित रहेका छन्। घरायसी काममा यति ठूलो जनशक्ति अलमलिँदा यस समुदायको प्रत्यक्ष आयआर्जन हुन नसकी आर्थिक अवस्था कमजोर बन्न पुगेको देखिन्छ। यस विषम सामाजिक-आर्थिक अवस्थालाई मध्यनजर गर्दै, विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई यस विपन्न समुदायका विद्यालय उमेर समूहका

बालबालिका र तिनका अभिभावकहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउनु गाउँपालिकाको प्रमुख दायित्व हुन आउँछ। यसका लागि जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यावसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा तथा अनौपचारिक शिक्षाका माध्यमबाट जीवनपर्यन्त सिकाइ (Lifelong Learning) को वातावरण सिर्जना गरी सर्वसुलभ, अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चितता गर्नु माण्डवी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो। तसर्थ, यसै शिक्षा योजना मार्फत जोखिममा रहेका र आर्थिक रूपमा विपन्न सबै समुदायको गुणस्तरीय शिक्षामा न्यायोचित पहुँच पुऱ्याउने सवाललाई गाउँपालिकाले उच्च प्राथमिकीकरण गरी अघि बढ्नुपर्ने देखिन्छ।

### ङ) शैक्षिक अवस्थाको विश्लेषणः

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार माण्डवी गाउँपालिकाको कुल साक्षरता दर ८१.६ प्रतिशत रहेको छ, जसमा लैङ्गिक रूपमा पुरुषको साक्षरता दर ८९.८ प्रतिशत र महिलाको साक्षरता दर ७५.२ प्रतिशत रहेको देखिन्छ। यस गाउँपालिकाको कुल साक्षरताको प्रवृत्तिलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा कुल जनसङ्ख्याको ८१.६ प्रतिशत नागरिकहरू साधारण लेखपढ गर्न सक्ने (Functional Literacy) क्षमताका छन् भने १ प्रतिशत जनसङ्ख्या केवल अक्षर वा अङ्क पढ्न मात्र सक्ने अवस्थामा रहेका छन्। यस सकारात्मक सूचकका बावजुद गाउँपालिकाभित्र अझै पनि १७.४ प्रतिशत अर्थात् २,५१९ जना नागरिक पूर्ण रूपमा निरक्षर रहेका छन्। समग्र जनसङ्ख्याको यो साक्षरता स्थिति, विशेष गरी महिला साक्षरताको अवस्था र निरक्षरहरूको यो सङ्ख्यालाई मध्यनजर गर्दा, माण्डवी गाउँपालिकाले आफ्ना आगामी आवधिक तथा वार्षिक शैक्षिक रणनीतिहरूमा 'पूर्ण साक्षर गाउँपालिका' को गौरवमय सवाललाई उच्च प्राथमिकीकरण गर्दै लैजानु पर्ने देखिन्छ। यसका लागि पालिकाले सघन साक्षरता अभियान, प्रौढ शिक्षा, र विद्यालय बाहिर रहेका बालबालिकालक्षित विशेष अनौपचारिक शिक्षाका कार्यक्रमहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाउनु पर्ने आवश्यक देखिन्छ।

माण्डवी गाउँपालिकामा विश्वविद्यालय र विद्यालय शिक्षाको विगतको अवस्थालाई नियाल्दा उच्च शिक्षाको पहुँच निकै सीमित र चुनौतीपूर्ण रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ५ वर्ष वा सोभन्दा माथिको साक्षर कुल १४,४४२ जना जनसङ्ख्यामध्ये मात्र ०.६२ प्रतिशत (९० जना) ले स्नातकोत्तर तह (मास्टर डिग्री) र १.१३ प्रतिशत (१६४ जना) ले मात्र स्नातक तह (बैचलर डिग्री) सम्मको विश्वविद्यालय स्तरीय शिक्षा हासिल गरेका छन्। यसैगरी, विद्यालय शिक्षाको माथिल्लो तह अर्थात् उच्च माध्यमिक (+२) तहसम्मको शिक्षा पूरा गर्ने नागरिकहरूको सङ्ख्या पनि मात्र ४.६८ प्रतिशत (६७६ जना) सीमित रहेको छ। उच्च शिक्षा हासिल गरेको यो न्यून जनसङ्ख्याको अवस्थाले पालिकाभित्र उच्च शैक्षिक जनशक्तिको ठूलो अभाव र ड्रप-आउट (Drop-out) को उच्च दरलाई सङ्केत गर्दछ। तसर्थ, स्थानीय स्तरमै दक्ष, प्राविधिक र प्राज्ञिक जनशक्ति निर्माण गर्नका लागि विद्यालय शिक्षाको सुधारसँगै विश्वविद्यालय शिक्षा र उच्च शिक्षाको पहुँच एवं गुणस्तर प्रवर्द्धनको सवाललाई समेत महत्त्वका साथ प्राथमिकीकरण गर्दै लैजानु पर्ने टड्कारो आवश्यकता देखिन्छ। यसका लागि गाउँपालिकाले उच्च शिक्षामा छात्रवृत्ति, प्राविधिक क्याम्पसहरूसँगको सहकार्य र शैक्षिक प्रोत्साहनका कार्यक्रमहरूलाई आफ्नो आगामी शिक्षा योजनामा अनिवार्य रूपमा समेट्नुपर्ने देखिन्छ।

माण्डवी गाउँपालिकामा विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि २१ वटा आधारभूत विद्यालय ,५ वटा माध्यमिक विद्यालय,२ वटा संस्थागत विद्यालय गरी जम्मा २८ वटा शैक्षिक संस्थाहरू रहेका छन् । विद्यालयस्तरमा २६ वटा र समुदायस्तरमा ८ वटा गरी जम्मा ३४ वटा बालविकास केन्द्र रहेका छन् ।

शैक्षिक सत्र २०८२ को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या ५२९ जना रहेको छ । त्यसैगरी आधारभूत तहअन्तर्गत कक्षा १-५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या १९७३ र कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या १३०१ जना रहेको छ । माध्यमिक तह अन्तरगत कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ५७६ र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या २२६ जना जम्मा गरी ४६०५ जना विद्यार्थी रहेका छन् । संस्थागत विद्यालयतर्फ कक्षा १-५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३८७ र कक्षा ६-८ मा

अध्ययनरत विद्यार्थीको सङ्ख्या ७७ जना रहेको छ । एक विद्यालयमा कक्षा ९ -१२ मा प्राविधिक धारतर्फ कम्प्यूटर इन्जिनियरिङ् समेत अध्ययन हुँदै आइरहेको छ ।

शिक्षकको विवरणको आँकलन गर्दा सामुदायिक विद्यालय तर्फ प्राथमिक तहमा ७६ जना, निम्न माध्यमिक तहमा ४१ जना र माध्यमिक तह कक्षा ९-१२ मा ३९ जना शिक्षकहरू साथै संस्थागत विद्यालयतर्फ प्राथमिक तहमा २५ जना, निम्न माध्यमिक तहमा ११ जना रहेको देखिन्छ ।
शिक्षक अपर्याप्ततालाई मध्यनजर राखी गाउँपालिकाको समानीकरण अनुदानबाट व्ययभार हुने गरी नियुक्ति गरिएको शिक्षकहरूको सङ्ख्या प्राथमिक तहमा १६ जना, निम्न माध्यमिक तहमा २४ जना र माध्यमिक तहमा २ जना गरी ४२ जना रहेको देखिन्छ । यसरी सामुदायिक विद्यालयमा शिक्षकको थप व्यवस्थापन गर्दा समेत आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थीको अनुपात १:२०.६३ कक्षा ६-८ मा शिक्षक विद्यार्थीको अनुपात १:३१.३४ र माध्यमिक तह कक्षा ९-१२ मा १:२२.६४ र कक्षा ११-१२ मा शिक्षक विद्यार्थीको अनुपात १.५१.३७ अझै पनि बढी रहेको छ ।

बालविकासमा कुल भर्ना दर १३५.८ र खुद भर्ना दर ९९ रहेको देखिन्छ । यसै गरी कक्षा १-५, कक्षा १-८ र कक्षा ९-१२ को कुल भर्ना दर क्रमशः१४७.६०, १४२.७५ र ६९.५ देखिन्छ भने खुद भर्ना दर क्रमशः ९६.५८, १०१.७२ र ४४.२२ रहेको देखिन्छ । राष्ट्रिय स्तरको तुलनामा गाउँपालिकाको उल्लेखित खुद भर्ना दर कम रहेको देखिन्छ । शैक्षिक सत्र २०८२ को तथ्याङ्क अनुसार प्राथमिक तह कक्षा १-५ को औषत सिकाइ उपलब्धि रहेको छ । कक्षा उत्तीर्णदर १-८ र कक्षा ९-१० को क्रमशः८१.८६ र ९५.६२ रहेको छ भने लैङ्गिक समता सूचक १-५, कक्षा १-८ र कक्षा ९-१२ मा क्रमशः१.००१,१.५५ र रहेको छ । यसका बावजुद पनि विद्यार्थीहरूको सिकाइ उपलब्धि १०० प्रतिशत गर्नका लागि विभिन्नि किसिमका कार्यक्रमहरू कार्यान्वयन गर्ने कार्य अघि बढी रहेको अवस्था छ ।
वि.स. २०७८ सालको जनगणना अनुसार माण्डवी गाउँपालिकामा जम्मा १५८६३ जनसङ्ख्या मध्ये ५५.६२ प्रतिशत महिला रहेका छन् । यस गाउँपालिकामा साक्षरता दर ८१.५५ रहेको छ । हाल माण्डवी गाउँपालिकालाई साक्षर पालिका घोषणा गर्नका लागि २ वटा सामुदायिक सिकाइ केन्द्रबाट निरन्तर शैक्षिक क्रियाकलाप सञ्चालन भए तापनि गाउँपालिकालाई पूर्ण साक्षर बनाउन थुप्रै चुनौती तथा समस्याहरु रहेका छन् ।

आधारभूत तह १-८ को विद्यार्थी भर्नाको अवस्थालाई बिश्लेषण गर्ने हो भने आधारभूत तह अध्ययन पछि माध्यमिक तहमा भर्ना हुने विद्यार्थी सङ्ख्या न्यून रहेको छ । यसो हुनुमा न्यून आर्थिक अवस्था, प्राविधिक शिक्षा प्राप्तिको अवसर र बसाइसराइ प्रमुख कारक तत्त्वको रुपमा रहेका छन् । सामुदायिक विद्यालयहरूमा ९०% बालबालिका सामाजिक आर्थिक अवस्था कमजोर भएका अभिभावकका बालबालिकाहरूको मात्रै बाहुल्यता देखिन्छ ।
आधारभूत तह १-८ को शिक्षाको पहिलो अधारभूत जग हो । बालबालिकाको यो तहको शिक्षाको जग राम्रो र मजबुद बनाउन सकियो भने सो भन्दा माथिल्लो तहको शिक्षामा स्वत: राम्रो हुने भएकोले गर्दा पनि आधारभूत तह १-८ को सामुदायिक विद्यालयको अवस्था सुधारको लागि पहिलो प्रथमिकतामा राखेर अगाडि जानु पर्ने देखिन्छ । आधारभूत तह कक्षा १-३ को पाठ्यक्रमले निर्धारण गरेको सक्षमताको पहिलो सक्षमता सामान्य भाषिक सीप विकास गर्ने रहेको छ । पढाइ सीप विकास गर्नु बालबालिकालाई अक्षर चिनाउनु, शब्द र वाक्य पढ्न सक्षम बनाउनु आधारभूत तह कक्षा १-३ को पाठ्यक्रमको उद्देश्य रहेको छ ।

यस गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-३ को कक्षागत सिकाइ सक्षमता २०८२ को विद्यालय रेकर्ड अनुसार बिश्लेषण गर्दा पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि हासिल गर्न शिक्षकको क्षमता अभिबृद्दि, कक्षा कोठा व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन, अभिभावक सचेतीकरणका साथै आर्थिक रुपले विपन्न, निम्न

वर्गका अभिभावकहरूको चेतनास्तर विकास नभएसम्म समाज र विद्यालयको उन्नतिमा टेवा पुग्न सक्दैन। विद्यार्थीसँगै विद्यालय नजिकको समाज सचेत बनाउने जिम्मेवारीपन विद्यालयकै हुने भएकोले अभिभावक लक्षित कार्यक्रमहरू प्राथमिकता दिन आवश्यक रहेको छ।

**माण्डवी गाउँपालिकाले शिक्षा क्षेत्रमा सम्पादन गरेको उल्लेख्य कार्यहरु :**

१. सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निःशुल्क आधारभूत शिक्षा गरिएको साथै माध्यमिक तह कक्षा १० सम्म नि:शुल्क गरिएको,
२. तहगत स्थायी शिक्षक प्र.अ. व्यवस्थापन तथा प्र.अ. हरुसँग करार सम्झौता गरी कार्यान्वयन भएको,
३. विद्यार्थी सङ्ख्या को आधारमा शिक्षक सङ्ख्या अपुग भएको साविकको प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा विषयगत ४२ जना गाउँ शिक्षक व्यवस्थापन गरिएको,
४. सबै बालविकास केन्द्रहरुमा शैक्षिक सामग्रीको व्यवस्था, करिब ३०० जना आर्थिक अवस्थाले कमजोर भएका बालबालिकाहरुलाई पोशाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्था, आधारभूत तह तथा माध्यमिक विद्यालयमा स्टेशनरी बैंक व्यबस्थापन गरिएको,
५. प्र.अ., बालविकास, स.का. लगायत विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा दिइएको,
६. शिक्षामा अभिभावकहरुको चासो र सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम कार्यान्वयन गरिएको,
७. सबै बालविकास शिक्षकहरूलाई मन्टेश्वरी तालिम दिइएको,
८. विद्यालय भौतिक सुधारको कार्यक्रमहरू (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय, घेरावार) समेत कार्यक्रमहरु सञ्चालन गरेको, न्यून विद्यार्थी रहेका १ वटा विद्यालयहरूलाई समायोजन गरिएको,
९. कक्षा ९-१२ मा प्राविधिक धारतर्फ कम्प्यूटर इन्जिनियरिङ १ वटा विद्यालयमा सञ्चालनमा रहेको
१०. माण्डवी गाउँपालिका भित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई चिकित्सा शिक्षा उच्च शिक्षा अध्ययनका लागि डाक्टर इन्जिनियरिङ छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको,
११. माण्डवी गाउँपालिका भित्रका आर्थिक रुपले विपन्न तथा जेहेन्दार, सहिद, वेपत्ता परिवारका सन्तति अति विपन्न दलित, जनजाति, तथा अपाङ्ग विद्यार्थीहरुका लागि स्नातक तह सम्म अध्ययनका लागि १ जनाका लागि छात्रवृत्ति प्रदान गरिएको,
१२. कोरोना भाइरस दोस्रो भेरियन्टको संक्रमणका कारण विद्यालय बन्द रहेकाले विद्यार्थीहरुलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्नका लागि आधारभूत र मा.वि. का सबै विद्यार्थीको लागि परियोजना अभ्यास पुस्तिका छपाई, अडियो मोबाइल शिक्षण, कक्षा (९-१२) का विद्यार्थीहरुलाई डाटा खरिद गर्न प्रति विद्यार्थी अनुदान वितरण गरी कार्यान्वयन गरिएको,
१३. विद्यालयको परिसर, शौचालय, बाहिरी वातावरण र पर्खाललाई सरसफाइ एवम् निर्मलीकरण गरिएको,
१४. शिक्षकहरूलाई पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको,
१५. संस्थागत विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको,
१६. सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्छता तथा सरसफाइ लागि सेनिटरी प्याडको व्यवस्था गरिएको,
१७. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शिक्षामा नयाँ योजना तथा अभियान सञ्चालन गरिएको। जस्तै (सार्वजानिक विद्यालय रुपान्तरणका लागि मेरो १ दिन, आफ्नो विद्यालय आफै बनाउ ,वडा स्तरीय समीक्षा, कोभिड संक्रमणको समयमा विद्यालय बन्द रहेको समयमा मेरो घर अस्थायी विद्यालय, मेरो कोठा अस्थायी कक्षाकोठा अभियान, अभिभावक शिक्षा सञ्चालन )

१८.विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि प्र.अ, शिक्षक, कर्मचारी, स.का. लगायत विद्यालय कर्मचारीहरूको उच्च मनोबल बढाइ शैक्षिक गुणस्तरमा सुधार हुने उद्देश्यले थप प्रोत्साहन भत्ता र पोशाक खर्चको व्यवस्था गरेको । (२६ प्र.अ.,३४ जना बालविकास शिक्षक , २६ जना विद्यालय कर्मचारीहरू र २ जना सामुदायिक अध्ययन केन्द्र परिचालक)

१९.माण्डवी गाउँपालिकाले " हाम्रो माण्डवी हाम्रो गौरव" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी सार्वजनिकरण गरिएको, स्थानीय पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि स्थानीय सन्दर्भ सामग्री निर्माण गरिएको,

२०.स्थानीयतहमा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम सञ्चालनमा रहेका, विद्यालयलाई दिनु पर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत, व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत) नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको र विद्यालयले कार्यसम्पादन गरिरहेका,

२१.भौतिक सुविधा विस्तार १०० प्रतिशत खर्च भएको (शौचालय र २ /४ कोठे भवन निर्माणाधीन) साधारण तथा प्राविधिक शिक्षा सञ्चालनका लागि औषत करिब ३० प्रतिशत वजेट विनियोजन गरेको, एकीकृत पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि कक्षा १-३ मा अध्यापन गर्ने सबै शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मूल्याङ्कन गर्न मूल्याङ्कन पुस्तिका र वितरण र व्यबस्थापन,

२२.विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरुलाई संघीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने बजेट विनियोजन गरिएको,

२३.विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन,

२४.विद्यालयको शैक्षिक गुणस्तरका लागि एक शिक्षक पाठ्यक्रम, पाठ्यपुस्तक,शिक्षक निर्देशिका र शिक्षक डायरीको व्यवस्था गरेको ,

२५.प्रविधिमैत्री शिक्षा कार्यान्वयनका लागि प्राविधिक धार कम्प्यूटर इन्जिनियरिङ विद्यार्थीहरुको OJT का लागि विद्यार्थीहरुलाई विद्यालयमा परिचालन, एक विद्यालय एक ल्यापटप ,प्रिन्टर र प्रोजेक्टरको व्यवस्था गरी ICT क्षमता विकास तालिम सञ्चालन गरिएको,

२६.गाउँपालिकामा सञ्चालन भएका सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका विद्यालय, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षकहरुलाई नगद पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको,

२७.गाउँपालिकाका सबै विद्यालयमा एकरुपता कायम गरी साङ्गीतिक प्रार्थनाको व्यवस्था गरिएको आदि ।

## १.२ गाउँपालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरु :

माण्डवी गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न किसिका कार्यक्रमहरूको थालनी गर्दा पनि केही समस्या तथा चुनौतीहरू झेलिहेको विद्यमान अवस्था रहेको छ । समग्रमा नेपालको शिक्षा प्रणालीले गर्दा समेत समस्या तथा चुनौतीहरू हाम्रा सामू विद्यमान छन् । तत् पश्चात माण्डवी गाउँपालिकाको शिक्षामा भएका केही समस्या तथा चुनौतीहरू यस प्रकार रहेका छन्

### चुनौतीहरू

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास शिक्षा केन्द्र /कक्षाको समायोजन तथा पुनर्वतिरण गरी मापदण्ड अनुसार सञ्चालन ,

२. पूर्ण साक्षर गाउँपालिका घोषणाका लागि निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन ,

३. यस माण्डवी गाउँपालिका भित्रका आर्थिक रुपले विपन्न, सहिद परिवारका बालबालिका, दलित, जनजाति, बालवालिकाहरुलाई छात्रवृत्ति सहित घर आँगनमै प्राविधिक शिक्षा अध्यापन गराउनका लागि माण्डवी गाउँपालिकाको साझेदारीमा बहुप्राविधिक शिक्षालय, क्याम्पस स्थापना गरी सञ्चालन ,
४. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गर्ने कार्यक्रम भए पनि चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी गराउन नसकिने,
५. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितिरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्न कठिन ,
६. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन कठिन,
७. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहको शिक्षालाई नि: शुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न कठिन ,
८. शिक्षाको माध्यमबाट गाउँपालिकाको जीवन र जगतलाई सम्मानपूवर्क समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भकिता बढाउन कठिन,
९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्न कठिन ,
१०.पाठ्ययक्रमलाई समयसापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न कठिन ,
११.आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्नु सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापनामा कठिन ,
१२.सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्व तयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निन्तरता दिन चुनौती,
१३.सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नमा कठिन ,
१४.बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न कठिन,
१५.छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नमा चुनौती ,
१६.गाउँपालिकाको सक्षम र प्रतिभावान जनशक्तिलाई गाउँपालिका भित्र टिकाउने गरी गाउँपालिकामा उत्प्रेरणात्मक वातावरणको सिर्जना गर्न कठिन,
१७.गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्न तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नमा कठिन,
१८.विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरुलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्न कठिन ,

१९.गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्न कठिन ,

२०.संस्थागत विद्यालयहरुको नियमन र अनुगमन गरी त्यस्ता विद्यालयहरुबाट प्रदान गर्न सकिने शिक्षालाई व्यावहारिक र राष्ट्रिय भावना अनुकूल गर्न प्रेरित गर्नु ,सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नमा चूनौती,

२१.विद्यार्थीहरुको टिकाउदर तथा सिकाइ उपलब्धि बृद्धि गर्नु, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर कम गर्नु, आधारभूत तह ९ कक्षा १-३० मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर बृद्धि गर्नु, कक्षाकोठा व्यबस्थापन, शिक्षक नियमितिता, सिकाइ स्थान्तरणलाई व्यवस्थित गर्न कठिन,

२२.विषम परिस्थिति कोभिड -१९ कोराना, पहिरो, हावाहुरी, आगलागीमा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्न कठिन आदि ।

### अवसरहरू

उल्लिखित चुनौतीहरूको समाधान गर्नका लागि माण्डवी गाउँपालिकालाई निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमताहरू पूर्वाधारका रूपमा रहेको,

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको,

३. शिक्षामा नागरिकको पहुँचमा वृद्धि तथा गुणस्तरमा समेत सुधारका साथै विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा आशातीत प्रगति हुँदै गएको,

४. दिगो विकास लक्ष्य प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश सहकार्य तथा सहयोगका निम्ति प्रतिबद्ध भएको,

५. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको,

६. सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको,

७. संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार प्रदान गरेको कारण आफ्नो गाउँपालिकाको आवश्यकता अनुकुलको माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकारलाई उपयुक्त अवसर प्राप्त भएको,

८. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने अवस्था भएको,

९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको र सोही अनुसार गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको,

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने देखिएको,

११. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको,

१२. सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुँदै गएको,

१३. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा योगदान पुग्न सक्ने देखिएको,

# परिच्छेद २ : दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति

## २.१ परिचय

यस परिच्छेदमा अबको दश वर्ष पछि पुग्न सकिने माण्डवी गाउँपालिकाले शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्न गरिएको छ। परिच्छेद एकमा उल्लेख गरिएको सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट यस माण्डवी गाउँपालिकाले वि. सं. २०९२ (सन् २०३६) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (vision), ध्येय (Mission, उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategics) तथा प्रमुख उपलब्धि सूचकहरू (Key Indicators) प्रस्तुत गरिएको छ।

## २.२ दूरदृष्टि (vision)

**समाजवाद उन्मुख माण्डवीबासीको पहिचान, सर्वसुलभ गुणस्तरीय शिक्षा प्रमुख अभियान**

## २. ३ ध्येय (Mission)

निःशुल्क एवम् अनिवार्य र गुणस्तरीय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सिपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमूल्यमा आधारित उन्नत सोच भएको तथा आफू माण्डवीवासी भएकोमा गर्व गर्ने, खुसी तथा नवपर्वतनशील जनशक्तिको विकास गर्ने।

## २.४ उद्देश्यहरू (Objectives)

यस योजनाको उद्देश्य शिक्षालाई गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिताको प्रवर्धन गर्नुका साथै प्राविधिक शिक्षालाई गाउँपालिकाको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नेगरी निर्धारण गरिएको छ। उक्त लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यत सिकाइको अवसर सुनिश्चित गर्नु,
५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु,
६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु,
७. सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरुले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षा प्रतिको आकर्षणमा अभिबृद्धि गर्नु,

८. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नव प्रवर्तनात्मक, प्रतिस्पर्धी, प्रतिबद्ध र अनुसन्धानमुखी मानव संशाधन विकास गर्न सहयोग पुऱ्याउनु,

९. गाउँपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरुको उत्खनन् र अन्वेषण गरी गाउँबासीको सुख र समृद्धिका लागि उपयोग गर्ने गरी उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउन सहयोग गर्नु,

१०. विधि तथा व्यवसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै गाउँपालिका विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु,

११. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्धन गरी विद्यार्थीहरूको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्नु,

१२. पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच तथा व्यवहार कुशलसिप भएको निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु,

१३. समतामूलक पहुँच र समावेशी सहभागिता, लैङ्गिक रुपान्तरणमुखी शिक्षा सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु,

१४. शैक्षिक क्षेत्रलाई भय, विभेद र दुरव्यवहार मुक्त तथा सुरक्षित र विविधता अनुकूल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपतकालीन तथा संकटपूणर् परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चत गर्नु,

१५. युग सुहाउँदो जनशक्ति विकासको लागि ICT अनुकुलित वातावरण निर्माण गरी STEAM Education लाई शिक्षा प्रणालीको मेरुदण्डको रुपमा विकास गर्ने,

१६. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको परिचालन गरी विद्यालयलाई सुरक्षित सिकाइ थलोको रुपमा विकास गरी विषम परिस्थितिमा पनि सिकाइलाई निरन्तरता दिनु, संस्थाहरूलाई भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद् प्रति संवेदनशील र अपाङ्गतामैत्री बनाइनु,

## २.५ रणनीतिहरू (Strategics)

१. सुरक्षित पूर्वाधार, बालमैत्री वातावरण, वातावरणमैत्री, सिकाइमैत्री वातावरणको, साथै नीतिगत व्यवस्थाको सुनिश्चित गरी प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गर्ने,

२. गाउँपालिका क्षेत्रभित्र रहेको विद्यालयको नक्साङ्कनका आधारमा समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने,

३. अभिभावक र सरोकार निकायसंग सहकार्य साथै अवश्यक नीतिगत व्यवस्थामा सुधार गरी आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क सुनिश्चित गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराई भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्ने,

४. आधारभूत तह कक्षा १-३ र १-५, कक्षा ६-८ र माध्यमिक तह ९-१२ गुणस्तर सुधारको लागि सङ्घ तथा प्रदेश सरकारको सहयोग र सहजीकरण तथा गाउँरपालिका नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्ने,

५. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गर्ने,

६. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू गाउँपालिका वाडगत तहमा उपलब्ध गराउने,

७. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गर्ने,

८. आवश्यक संयन्त्रको निर्माण गरी, विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता गर्ने,

९. गाउँपालिकाको संम्भावित विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलता,पढदै कमाउदैसँग सिक्दै कार्यक्रम प्रर्वधन गर्ने,

१०. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी संघीय सरकारको दिवा खाजा कार्यक्रमसँग साझेदारी गरी स्थानीय तथा रैथाने उत्पादनलाई प्राथमिकता दिने,

११. गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधार गर्न जोड गर्ने,

१२. निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गर्ने,

१३. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने,

१४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने,

१५. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय स्रोतको उचित किसिमबाट व्यवस्थापन गर्ने,

१६. गणित, अंग्रेजी विज्ञान, प्राविधि तथा व्यावसायिक विषयका जनशक्ति स्थानीय तहमा उत्पादन गर्न यस्ता विषयमा जिल्ला बाहिरबाट शिक्षा हासिल गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने,

१७. स्थानीय पाठ्यक्रम अन्तर्गत स्थानीय विषय तथा मगर भाषा सम्बन्धी पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने,

## २.५ कार्यनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन्। ती रणनीतिक प्राथमिकताहरू अन्तर्गत विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने,  गाउँपालिकाको समुन्नतिसँग प्रत्यक्ष जोड्दै शिक्षामा सुशासन तथा उत्तरदायित्त्व अभिवृद्धि गर्ने रहेका छन्। यी रणनीतिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएको छः

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गरिने छ।

२. नक्साङ्कनका आधारमा गाउँपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिने छ।

३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न गाउँपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गराई तथा भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गरिने छ।

४. सङ्घीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा गाउँपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रबर्धन गरिने छ।

५. नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

६. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गरिने छ।

७. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गरिने छ।

८. पेसाप्रति समर्पित, सामाजिक आचरणको हिसाबले अब्बल एवम् बालबालिका र शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकतानुसार शिक्षक छनोट पाठ्यक्रमको विकास र परिमार्जनमा समेत गाउँपालिकाबाट विशेष योगदान गरिने छ।

९. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रबर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गरिने छ।

११. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गरिने छ।

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षाको सुविधा विद्यालयमार्फत प्रदान गरिने छ।

१३. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागू गरिने छ।

१४. निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिने छ।

१५. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने छ।

१६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाइने छ।

१७. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय श्रोतको उचित किसिमबाट व्यवस्थापन गरिने छ।

१८. उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आर्थिक एवम् व्यवस्थापकीय सहयोगको सुनिश्चितता प्रदान गरिने छ।

१९. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ।

२०. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा गाउँपालिकाद्वारा श्रोत परिचालन तथा व्यवस्थापन गरिने छ।

२१. सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न माध्यमिक विद्यालयहरूको क्षमतामा सुधारका लागि आवश्यक सहकार्य गरिने छ।

२२. सबै तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा गाउँपालिकाद्वारा आवश्यक सहयोग र सहजीकरण गरिने छ।

२३. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिने छ।

२४. विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र संग्रहालयको स्थापना र विस्तार गरिने छ।

२५. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न गाउँपालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायीकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गरिने छ।

२६. गाउँपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रबर्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिने छ।

२७. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिने छ।

२८. सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

२९. युग सुहाउँदो जनशक्ति विकासको लागि ICT अनुकूलित वातावरण निर्माण गरी STEAM Pedagogy लाई शिक्षा प्रणालीको मेरुदण्डको रूपमा विकास गरिने छ।

३०. प्रारम्भिक कक्षाहरूमा पठन सिपको विकास गर्न मातृभाषामा शिक्षण सिकाइलगायतका क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई अभिप्रेरित गरिने छ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,

४. गाउँक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,

५. शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने,

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने,

७. विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरूबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने,

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने,

९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने,

१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग्ने,

११. उच्च शिक्षा प्रदायक संस्थाहरूलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त हुने,

१२. उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन हुने,

१३. अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुने,

१४. विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने,

१५. विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र सहयोग प्राप्त हुने,

१६. संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसङ्गत ढङ्गले नियमन हुने,

१७. सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन हुने,

१८. नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पुनर्वितरण तथा समायोजन हुने,

१९. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,

२०. विद्यालय तह एवम् उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने,

२१. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता (well-being) मा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार हुने,

२२. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने,

२३. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

२४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई असहज परिवेशमा समेत प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग हुने,

२५. शैक्षिक क्षेत्रलाई प्राथमिकताको क्षेत्रमा स्थापित गरी पालिका र समग्र मुलुकका अब्बल नागरिकहरू शैक्षिक क्षैत्रमा रोजगारीका लागि आकर्षित हुने,

२६. अभिभावक र शिक्षकको बीचको निरन्तरको अन्तरक्रिया र सहकार्यको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने,

२७. शैक्षिक संस्थाहरू बालबालिकाको सिकाइको सवालमा अभावमुक्त थलोको रूपमा विकास भएको हुने,

२८. प्रारम्भिक कक्षाहरूमा पढाइ सिप तथा सिकाइ उपलब्धि विकास गर्ने वातावरण सृजना भएको हुने,

२९. स्टिम पेडागोजीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा विकास गरी शिक्षकको क्षमता विकास भएको हुने,

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छः

**तालिका २ परिमाणात्मक लक्ष्य मुख्य कार्य सम्पादन सूचक तथा :१.**

| क्र.स | सूचक | सूचक को तह | आधार बर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | सूचक को स्रोत | तथ्याकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर % | स्थानीय | १३५.८ | १६५ | १५५ | १२७ | टुलकिट | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४ | ९९ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर % | स्थानीय | ९९ | ९९.५ | ९९.७ | १०० | CEHRD | |
| | | प्रदेश | ७२.६ | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षा को अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका % | स्थानीय | ७५.१३ | ७८ | ८० | ९५ | | |
| | | प्रदेश | ८४.३ | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३ | ८५ | ९५ | | |
| २ | आधारभूत शिक्षा (१ –८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर % | स्थानीय | १००.७१ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९ | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर % | स्थानीय | १३६.३३ | १२० | ११० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर % | स्थानीय | १०७.२ | १०५ | १०३ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९ | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर % | स्थानीय | १४७.६० | १४० | १२० | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५ | | | | |
| २.५ | आधारभूत तहको ५ को खुद प्रवेश दर % | स्थानीय | ८५.९८ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ९८.३ | | | | |
| २.६ | आधारभूत तहको ५ को कुल प्रवेश दर % | | स्थानीय | १३९.४९ | १२० | ११० | १०५ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | |
| २.७ | आधारभूत तहको ५ को टिकाउ दर % | | स्थानीय | ६०.०३ | ७० | ८० | ९५ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ९३.० | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर % | | स्थानीय | ६५.७२ | ७० | ८० | ९९ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका (% ) | | स्थानीय | २८.१७ | २० | १५ | १० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | |
| २.१० | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | ०.९४ | १ | १ | १ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.११ | आधारभूत तह (प्राथमिक कक्षा १-८) खुद भर्ना दर (%) | | स्थानीय | १०१.७२ | १०० | १०० | १०० | |
| | | | प्रदेश | ९५.१ | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | |
| २.१२ | आधारभूत तह (प्राथमिक कक्षा १-८) कुल भर्ना दर (% | | स्थानीय | १४२.७५ | १२५ | ११५ | १०० | |
| | | | प्रदेश | ९५ | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तह (प्राथमिक कक्षा १-८ सम्मको टिकाउ दर % | | स्थानीय | ७४.९२ | ८० | ९० | ९५ | |
| | | | प्रदेश | ८६.२ | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५ | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर % | | स्थानीय | ५८.३५ | ६० | ७० | ८० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५ | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | १.००१ | १ | १ | १ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ | नेपाली | स्थानीय | ९६.७० | ९८ | ९९ | १०० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ९६.७० | ९८ | ९९ | १०० | |
| | | | प्रदेश | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को आधारभुत वा वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ९२.७४ | ९३ | ९५ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ८१.९६ | ८५ | ९० | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अंग्रेजी | स्थानीय | ९२.०३ | ९४ | ९५ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका वा - कक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ९६.६४ | ९८ | ९९ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ८१.०५ | ८५ | ९० | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ९०.४० | ९५ | ९८ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका % | आधारभुत (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १ | ०.५ | ० | | |
| | | आधारभुत (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभुत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | | स्थानीय | ४९.५ | ५० | ५० | ५० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३ | **माध्यमिक शिक्षा (९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) कुल | | स्थानीय | ६९.५ | ७० | ७५ | ८० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भर्ना दर % | प्रदेश | ८०.९ | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) खुद भर्ना दर % | स्थानीय | ४४.२२ | ४५ | ४६ | ५० | | |
| | | प्रदेश | ५५.२ | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.५५ | १.०० | १.०० | १.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तह माध्यमिक तह ट्रान्जिसन दर % | स्थानीय | ७२.७७ | ७५ | ८० | ९५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर % | स्थानीय | ४२.७६ | ४५ | ५० | ५५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानीय | १३.२२ | १५ | २० | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह ९ -१२ मा कार्यरत महिला शिक्षकको सङ्ख्या | राष्ट्रिय | १२.८२ | १३ | १५ | १७ | | |
| | | स्थानीय | | | | | | |
| | | स्थानीय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएको विद्यार्थी सङ्ख्या % | स्थानीय | विज्ञान | ० | ० | ० | | |
| | | | प्रा.व्या | ८.५ | १० | ३० | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा.व्या | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | |
| | | | प्रा.व्या | १०.० | १७.० | ३०.० | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि अङ्कमा | नेपाली भाषा | स्थानीय | ९१.७१ | ९५ | ९८ | १०० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | १४.८५ | २० | २५ | ५० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | १३.६७ | २० | ४० | ५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अंग्रेजी | स्थानीय | ४०.०८ | ४५ | ४८ | ५० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ४ | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर ( पाँच वर्ष भन्दा माथि %) | स्थानीय | ८१.५५ | ८२ | ८२ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर ( ६वर्ष भन्दा माथि %) | स्थानीय | ८१.५५ | ८२ | ८२ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर ( १५-२४) वर्ष समुह | स्थानीय | ९४.८२ | ९३ | ९४ | ९५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता ( पाँच वर्ष भन्दा माथि % | स्थानीय | ०.८४ | ०.९४ | १ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप बिकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति% | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह ) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ४२ | ४५ | ५० | १२० | |
| | | | छात्र | ४० | ४५ | ५० | १२० | |
| | | प्रदेश | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| ६ | **सुशासन तथा व्यावस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह १-५ मा विद्यार्थी: शिक्षक अनुपात (सामुदयिक विद्यालय) | स्थानीय | २४.०६ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह ६-८ मा विद्यार्थी अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३२:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूत तह १-८ मा विद्यार्थी अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २६.८४ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह ९-१० मा विद्यार्थी अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २२.३४ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह ९-१२ मा विद्यार्थी: शिक्षक अनुपात | स्थानीय | २४.७१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७ | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च ( रु. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च रु. हजारमा | राष्ट्रिय | | | | | | |
| | | स्थानीय | | | | | | |
| | | स्थानीय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## पृष्ठभूमि

विद्यालय शिक्षा क्षेत्र योजना २०७७ देखि २०८८ ले प्रारम्भिक बालविकास, आधारभूत तह, माध्यमिक तह, जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमलाई विद्यालय शिक्षाको क्षेत्रका प्रमुख ६ ओटा क्षेत्रको रूपमा विभाजन गरी सुधारको लागि लक्ष्य निर्धारण गरेको छ। यस परिच्छेदमा सोही क्षेत्रको माण्डवी गाउँपालिको शिक्षाको वर्तमान अवस्था, समस्या चुनौतीको, लक्ष्य, उद्देश्य, नतिजा साथै मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा प्रस्तुत गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

प्रारम्भिक बालविकास र शिक्षा तथा विकास ४ वर्ष (४८-६० महिना) का बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास उपक्षेत्र अन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन् जस्तै- प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा तथा समुदाय/घरमा आधारित र अन्य। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ। प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ले ४-८ वर्षका बालबालिकाका लागि प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ (रा.यो.आ., २०७७) माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको लागि विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

माण्डवी गाउँपालिकामा अन्तर्गत हाल ५ वटा वडा रहेका जसमा जसमा प्रारम्भिक बालविकास केन्द्रको जम्मा सङ्ख्या ३४ ओटा सञ्चालनमा रहेको छ। विद्यालयको इमिस तथ्याङ्क २०८१ अनुसार हाल ३४ ओटा बालविकासमा जम्मा भर्ना दर १३५.८ % भर्ना भइ अध्ययन गरिरहेको अवस्था छ। जसमध्ये सामुदायिक विद्यालयमा ५०७ बालबालिका रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर **१३५.८%** रहेको छ भने खुद भर्ना दर २०८१ को इमिस तथ्याङ्क अनुसार ९९% रहेको छ। विभिन्न सामुदायिक बालविकासमा २ बर्षे केन्द्रहरु सञ्चालनमा रहनुको कारणले बालविकासमा कुल विद्यार्थी भर्ना दर बढी भएको पाइएको छ|

| | जम्मा सङ्ख्या | भर्ना (%) |
|---|---|---|
| छात्रा | २५६ | ५०.४९ |

| | | |
|---|---|---|
| छात्र | २५१ | ४९.५१ |
| जम्मा | ५०७ | १०० |

त्यसै गरि बालविकास एवम् पूर्वप्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ७५.१३ % रहेको छ | यसरी भर्ना हुने मध्येमा बालकको सङ्ख्या ४७.६१% र बालिकाको ५०.७१% रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा आउने बालबालिकाको लैङ्गिक सूचक ०.९३ रहेको छ।

माण्डवी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक र सस्थागत वालविकास केन्द्रहरुको बिस्तृत विवरण

| क्र.स | विवरण | सामुदायिक |
|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ३४ |
| २. | सहयोगी कार्यकर्ता | ३४ |
| ३. | विद्यार्थी सङ्ख्या | ३९५ |
| ४. | सरकारी सुबिधा ( तलब) | १२०००+८०५० |
| ५. | आधारभूत तालिम प्राप्त जनशक्ति | ३४ |

समस्या र चुनौतीहरु

१. बाल विकासका बालबालिकाको उमेर ३ देखि ५ वर्ष कायम गर्न,

२. बाल विकासमा पनि भर्ना र पोशाक अनिवार्य गर्ने, भर्ना गर्दा जन्म दर्ता अनिवार्य गर्न,

३. कक्षा १ मा भर्नाको लागि बाल विकासको न्यूनतम १ वर्षको अनुभव वा शिशु सिकाइ (नर्सरी, एल.के.जी., यु.के.जी.) जस्ता कक्षाको अनुभव प्रमाण पत्र अनिवार्य गरी विद्यार्थी भर्ना र स्थानान्तरणलाई अभिलेख व्यवस्थित गर्न,

४. बाल विकास सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता र तलव सुविधा सम्मानजनक बनाउन,

५. बाल विकास सहजकर्ताहरुलाई नियमित पुर्नताजगी तालिम अनिवार्य गर्न,

६. बाल विकासका लागि १:२५ मात्र शिक्षक विद्यार्थी अनुपात कायम गर्न ,

७. बाल विकासका लागि बस्ने, खेल्ने, रमाउने, छुने, चलाउने, हेर्ने मनोरञ्जन गर्ने, जिज्ञासा बढाउने र जिज्ञासा मेटाउने खालका विविध शैक्षिक सामग्रीको व्यवस्थापन गर्न,

८. बालविकास कक्षालाई एउटै कोठामा अटेच (जोडिएको) शौचालय र खानेपानी सरसफाई प्रबन्ध गराउन,

९. शिक्षक निर्मित तथा सङ्कलित स्थानीय सामग्रीमा आधारित शैक्षिक सामग्री निर्माण गर्न,

१०. अनाथ तथा असहाय बालबालिका सहायता कोष हरेक विद्यालयमा स्थापना गरी त्यस्ता बालबालिकाको संरक्षण र बालविकासमा सहयोग गर्न,

११. विद्यालयबाट बाल विकास केन्द्रलाई खोप केन्द्र तथा बाल स्वास्थ्य परीक्षण केन्द्रका रूपमा विकास गर्न,

१२. बाल दण्ड तथा बाल भय सिर्जना गर्ने व्यवहारलाई अपराध गरेको सरह सजाय व्यवस्थापन गर्न,

१३. चित्रात्मक, साङ्गितिक र बाल पुस्तक (प्लाष्टिक कोटेट) माध्यमबाट शैक्षिक क्रियाकलाप व्यवस्थापन गर्न,

१४. श्रव्य दृश्य सामग्री व्यवस्थापनमा जोड दिन,

### ३.१.२ उद्देश्य

माण्डवी गाउँपालिका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न यस योजनाको समग्र उद्देश्यहरु निम्नलिखित रहेका छन् :

१. प्रारम्भिक बालविकासको उमेर पुगेका बालबालिकाहरूलाई विद्यालय जाने बानीको विकास, बाल क्रियाकलापमा सकारात्मक सहभागिता, सामूहिकता र सरसफाइ प्रति प्रारम्भिक बानीको विकास र जीवनमा सिक्नुपर्ने असल मार्गको प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्नु,
२. चार वर्षको उमेर समूहका सबै बालबालिकाहरूलाई १ वर्षको बालविकास तथा शिक्षा कार्यक्रममा सहभागी गराउनु,
३. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम राष्ट्रिय मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु,
४. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवा गुणस्तर सुनिश्चित गर्नु,
५. विद्यालय अर्थात् बालविकास केन्द्रमा बाल क्रियाकलापका सामग्री सहित पौष्टिक दिवा खाजाको प्रबन्ध गर्नु,
६. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीको लागि प्रारम्भिक बाल विकास सेवामा पहुँच बढाउनु,
७. सत् प्रतिशत बालबालिकाहरूलाई प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु,

### ३.१.३ रणनीति

१. बालविकास केन्द्रको नक्साङ्कन, स्थानान्तरण, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने
२. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
३. पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
४. लागत सहभागिता अभिवृद्धि गर्ने,
५. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
६. गाउँपालिकामा प्रत्येक वडाका पायक पर्ने स्थानमा बालविकास केन्द्रको महत्त्व र आवश्यकता तथा त्यसमा अभिभावक र समुदायको जिम्मेवारीका विषयमा अभिभावकहरूका लागि सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने,
७. प्रारम्भिक बालविकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाहरूको पहुँच पुऱ्याइ कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सीप सिकेको सुनिश्चित गर्ने,
८. गाउँपालिकाभित्र रहेका विभिन्न जातजाति, धर्म र सम्प्रदायका मानिसहरूले परम्परागत रूपमा अपनाउँदै आएका बालबालिकाहरूको पालनपोषण र हेरचाह गर्ने तथा वृद्धि र विकासमा सहयोग गर्ने ज्ञान र सीपलाई खोज गरी आवश्यकता अनुसार बाल विकास कार्यक्रममा समावेश गर्ने, हाल सञ्चालित बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिका बारेमा सर्वेक्षण गर्ने र सुधारका क्षेत्रहरू पहिचान गर्ने तथा समायोजन र पुर्नस्थापना गर्नु पर्ने देखिएमा समायोजन र पुर्नस्थापना गर्ने,

९. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूमा कक्षाकोठा वा बालविकास केन्द्र भवन नयाँ बनाउनु पर्ने अवस्था भएमा अभिभावकको श्रमदान र गाउँपालिकाको आर्थिक सहयोगमा निर्माण गर्ने,

१०. बालविकास केन्द्रका बालबालिकाहरूका लागि दिवा खाजाको व्यवस्था अभिभावकको सहयोग गर्ने,

११. बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकतानुसार बालविकास केन्द्रको विकास र विस्तार गर्ने,

१२. सबै सहयोगी कार्यकर्ताहरूको लागि प्रारम्भिक साक्षरता र गणितको तालिम सञ्चालन गर्ने,

१३. सबै बालविकास केन्द्रहरूमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लिखित सुविधाहरू उपलब्ध गराउने,

१४. अपाङ्गता वा भौगोलिक विकटताका कारण बालविकास केन्द्रमा आउन नसक्ने (३-४) वर्ष उमेर समूहका बालबालिकाका अभिभावकका लागि नजिकको बालविकास केन्द्रले बालविकास र सिकाइ सहजीकरण तालिमको व्यवस्था गर्ने, त्यस्ता बालबालिकाका लागि घरमा सिकाइ सहयोगी सामग्री दिने व्यवस्था गर्ने,

१५. सिकाइमा कक्षा कोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने,

१६. शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र बाल विकास सहयोगी कार्यकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता गराउने,

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्न बमोजिम हुने छन :

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।
- प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० प्रतिशत पुगेको हुने छ।
- सबै बालविकास केन्द्रका कक्षाकोठाहरु छापामय भएका हुने छन्।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएका हुने छन्।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | १३५.८ | १३०.८ | १२५.८ | १२०.८ | ११५.८ | १००.८ |
| २. | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७५.१३ | ८० | ८२ | ८५ | ९० | ९५ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ० | १ | ० | १ | २ | ३ |
| २. | पकेट क्षेत्र कायम गरी घरदैलो भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ |
| ३. | बालविकास केन्द्रमा सिकाइ कुना सामग्री सहयोग गर्ने | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | ९ |
| ४. | बालविकास केन्द्रमा बसाइ कक्षाकोठा व्यवस्थापन सहयोग गर्ने कार्पेट तथा सुहाउदो टेबुल | कोठा | ५ | ५ | ५ | ५ | ५ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | बालविकास केन्द्रमा एल इ डी टिभी सहयोग | केन्द्र | १ | १ | १ | १ | १ | |
| ६. | नयाँ बालविकास केन्द्रको भवन तथा शौचालयको निर्माण | वटा | १ | १ | १ | १ | १ | |
| ७. | बालविकास सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम प्रदान गर्ने | जना | ० | ० | ३४ | ० | ३४ | ३४ |
| ८. | स्वास्थ्य शाखासँग समन्वय गरी वार्षिक रुपमा स्वास्थ्य परीक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | |
| ९ | उत्कृष्ट प्रदर्शन केन्द्रलाई निश्चित मापदण्ड कायम गरी वार्षिक रुपमा पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | |

## ३.२ आधारभूत शिक्षा

### परिचय

गाउँपालिकाको शिक्षा ऐन विद्यालय सुधार क्षेत्र योजना, राष्ट्रिय शिक्षा नीति राष्ट्रिय पाठ्यक्रम प्रारुप आधार मान्दै कक्षा १ देखि कक्षा ८ सम्मको विद्यालय शिक्षालाई आधारभूत शिक्षा भनी परिभाषित गरेको छ। नेपालको संविधानको धारा ३१ मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखिएको छ। आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षसम्मका बालबालिकालाई समेट्छ। आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिबृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री अनुकुल सिकाइ वातावरणमा जोड दिनु पर्ने हुन्छ। दिगो विकासको लक्ष्य, इन्चोन घोषणा (२०१५-२०३०), शिक्षा सम्बन्धी नि:शुल्क ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे बमोजिम आधारभूत शिक्षालाई गाउँपालिकाको अनिवार्य तथा नि:शुल्क शिक्षाको रुपमा कार्यान्वयन गर्दै आएको छ।

आधारभूत शिक्षाको विकासको लागि नीतिगत, संस्थागत तथा संरचनागत कुरालाई प्राथमिकतामा राखेर आधारभूत शिक्षालाई गुणस्तरीय नि:शुल्क, समता, समावेशी, प्रविधिमैत्री, व्यवहारिक बनाई समृद्द गाउँपालिकाको विकासको मेरुडण्डको रुपमा आत्मासाथ गर्दै यस गाउँपालिकाले आधारभूत शिक्षाको पहुँच पुर्‍याउने लक्ष्य लिएको छ।

### ३.२.१ वर्तमान अवस्था

यस गाउँपालिकामा हाल जम्मा २८ ओटा विद्यालय रहेका छन्। जसमध्ये आधारभूत तह १–५ १६ ओटा, आधारभूत तह १-८ को ७ ओटा, माध्यमिक तह १-१० को १ ओटा र माध्यमिक तह १-१२ को ४ ओटा गरी जम्मा २८ विद्यालय रहेको छ। २८ ओटा विद्यालयहरु मध्ये २६ ओटा सामुदायिक र २ ओटा संस्थागत रहेका छन् भने यस गाउँपालिकामा परम्परागत विद्यालयहरु छैनन्। हालको आधारभूत शिक्षा तर्फको वर्तमान अवस्थालाई तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ :

| क्र स | सूचकहरु | नतिजा / उपलब्धिहरु | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय सङ्ख्या कक्षा १- ८ | २१ | |
| २ | संस्थागत विद्यालय सङ्ख्या कक्षा १- ८ | २ | |
| ३ | सामुदायिक विद्यालयमा जम्मा विद्यार्थी सङ्ख्या | ३१४१ | |
| ४ | संस्थागत विद्यालयमा जम्मा विद्यार्थी सङ्ख्या | ४०८ | |
| ५ | कक्षा १ मा कुल प्रवेश दर (GER) | १००.७१ | |
| ६ | कक्षा १ मा खुद प्रवेश दर (NER) | १३६.३३ | |
| ७ | कक्षा १-५ मा कुल भर्ना दर (GER) | १४७.६० | |
| ८ | कक्षा १-५ मा खुद भर्ना दर (NER) | १०७.२ | |
| ९ | कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात | १:२४.०६ | |
| १० | कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात | १:३२.१ | |
| ११ | कक्षा १-८ मा शिक्षक विद्यार्थी अनुपात | १:२६.८४ | |
| १२ | कक्षा ६-८ मा कुल भर्ना दर (GER) | ७३.६१ | |
| १३ | कक्षा ६-८ मा खुद भर्ना दर (NER) | १२२.२६ | |

| | | | |
|---|---|---|---|
| १४ | कक्षा १-८ मा कुल भर्ना दर (GER) | १४२.७५ | |
| १५ | कक्षा १-८ मा खुद भर्ना दर (NER) | १०१.७२ | |
| १६ | कक्षा ८ मा टिकाउ दर | ९३.४९ | |
| १७ | कक्षा १-८ मा उत्तीर्ण दर | ८१.८६ | |
| १८ | कक्षा १-८ मा उही कक्षा दोहोऱ्याउने दर | १८.१४ | |
| १९ | कक्षा १-८ मा कक्षा छाड्ने दर | ६.५० | |
| २० | कक्षा ५ मा उत्तीर्ण दर | ७९.९ | |
| २१ | कक्षा ८ मा उत्तीर्ण दर | ८३.४२ | |
| २२ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | २४.८५ | |
| २३ | कक्षा ८ मा कक्षा दोहोऱ्याउने दर | १५.७२ | |
| २४ | कक्षा ५ मा कक्षा छाड्ने दर | ४.५६ | |
| २५ | कक्षा ८ मा कक्षा छाड्ने दर | ५.१६ | |

## चुनौती तथा अवसर

### चुनौती

१. सबै आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन,
२. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न ,
३. विद्यार्थीहरुको टिकाउदर तथा सिकाइ उपलब्धि बृद्धि गर्नु, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर कम गर्न, आधारभूत तह कक्षा १-३ मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर बृद्धि गर्न,
४. आधारभूत तह कक्षा ६-८ मा विषयगत शिक्षकको व्यवस्था नहुनु,
५. कक्षाकोठा व्यवस्थापन, शैक्षिक नियमितता, सिकाइ स्थानान्तरणलाई व्यवस्थित गर्न,
६. विषम परिस्थिति, कोरोना महामारी, बाढी पहिरो, हावाहुरी, आगलागिमा शैक्षिक क्षति न्यूनिकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्न ,
७. कम उमेर र बढी उमेर समूहका बालबालिकाको सङ्ख्या बढी हुनु,
८. आधारभूत तहमा टिकाउ दर तथा विद्यार्थी सिकाइ उपलब्धि दर कमजोर रहनु,
९. आधारभूत तहमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमि नहुनु आदि ।

### अवसर

१. आधारभूत तह कक्षा १-५ लाई दिवाखाजा निरन्तरता दिएको,
२. विद्यालय व्यवस्थापन समितिले निरन्तर रुपमा कक्षाहरुको अनुगमन गरेको,
३. आधारभूत विद्यालयहरुका निरन्तर रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन भएको,
४. प्रत्येक आधारभूत विद्यालयहरुमा इन्टरनेटको सुविधा भएको,
५. उत्कृष्ट विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था भएको,
६. वार्षिक योजना बमोजिम पठनपाठन भएको ,
७. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था भएको,

८. छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था भएको आदि।

### ३.२.२ उद्देश्यहरु

१. प्रारम्भिक कक्षाका बालबालिकाहरुको पठन सीप अभिवृद्दि गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सिर्जना गरी सुनिश्चित गर्नु,
४. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक र क्षमतायुक्त विद्यालय निर्माण गर्नु,
५. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
६. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, सुरक्षित र दण्डरहित बनाउनु,
७. आधारभूत शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि सुनिश्चित गर्नु,
८. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउँदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
९. विषम परिस्थिति, कोरोना महामारी, बाढी पहिरो, हावाहुरी, आगलागिमा शैक्षिक क्षति न्यूनिकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु,

### ३.२.३ रणनीति

१. आधारभूत तह विद्यालयहरुको नक्साङ्कन गरी विद्यालयहरुको पुन: वितरण तथा समायोजन गर्ने,
२. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जूमा गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने,
३. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
४. प्रारम्भिक कक्षामा पठन सीप अभिवृद्दि गर्नका लागि आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यान्वयन गर्ने,
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउँदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
६. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय गर्ने,
७. प्रत्येक विद्यालयसँगको सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सेवाक्षेत्र भित्र विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
८. आधारभूत विद्यालय उमेरका आफ्ना परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराएमा गाउँपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गराउने,
९. घरधुरी सर्वेक्षण मार्फत बालबालिकाहरुको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने,
१०. आधारभूत शिक्षामा सबैको अपनत्व वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न माण्डवी गाउँपलिकामा स्थायी बसोबास गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधि, वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई आफ्ना छोरा छोरी अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्न गराउन कार्यविधि बनाइ लागू गर्ने,

११.अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षालाई सुनिश्चित गर्न गाउँपालिकामा सञ्चालन भइरहेका संस्थागत विद्यालयहरुलाई समुदायिक विद्यालयमा समायोजन गर्न आवश्यक कार्यविधि बनाइ लागू गर्ने,

१२.आधारभूत विद्यालय उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्थाको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र सञ्चार माध्यमसँग सहकार्य गर्ने,

१३.आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने,

१४.निश्चित समयको अन्तरालमा प्रत्येक विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणमार्फत जवाफदेहिता सुनिश्चिताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने,

१५.आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गर्ने,

१६.आधारभूत शिक्षालाई कानुनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस माण्डवी गाउँपालिकामा सरकारी ढुकुटीबाट तलव भता खाने कुनै पनि जागिरेको न्युनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उतीर्ण हुनु पर्ने प्रावधानको व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने,

१७.सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइ बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गर्ने,

१८.विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा विभिन्न संघ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,

१९.तीन ओटै तहका सरकारको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरुमा दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिने,

२०.विद्यालयमा जङफुड, मध्यपान, धुमपान पूर्णरुपमा निषेध गरिनुका साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न पूर्ण रुपमा रोक लगाउने,

२१.मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउँदै सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मल्याङ्कनसंग सम्बन्धित क्षमताको विकास गर्ने,

२२.शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने साथै परीक्षा सञ्चालन गर्दा कक्षा ३ सम्म प्रश्नपत्र विहिन परीक्षा सञ्चालन गर्ने,

२३.आधारभूत तहको कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा सञ्चालन गरी परीक्षाको नतिजा र निश्चित मानकका आधारमा मूल्याङ्कन गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गर्ने,

२४.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकिकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गर्ने,

२५.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरे अनुसार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गर्ने,

२६.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरे अनुसार शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनलाई परियोजना कार्य, प्रयोगात्मक कार्य र अनुभव एवम् अनुभूतिजन्य कार्यबाट सिक्ने गरी क्रियाकलापहरुको विकास एवम् सो को अभ्यास गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गर्ने,

२७.विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्दि हुने,

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भइ सहभागी हुने,
२. सबै बालबालिकाले प्राथमिकता प्राप्त सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
३. आवश्यक सङ्ख्यामा योग्य सक्रिय तथा उत्प्रेरित विषय शिक्षकहरुको व्यवस्था हुने,
४. बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
५. प्रत्येक विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,
६. प्रत्येक विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्ध हुने,
७. आधारभूत तहका बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
८. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
९. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
१०.सूचना सञ्चार तथा प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
११.जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने आदि।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | कक्षा १ नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | १३५.८ | १३०.८ | १२५.८ | १२०.८ | ११५.८ | १००.८ |
| २. | कक्षा १ मा भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | ७५.१३ | ८० | ८२ | ८५ | ९० | ९५ |
| ३. | आधारभूत तह कक्षा १-५ मा खुद भर्ना दर (%) | ८५.९८ | ८७ | ९० | ९२ | ९५ | १०० |
| ४. | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दर (%) | १४७.६० | १४० | १३० | १२० | ११० | १०० |
| ५. | आधारभूत तह कक्षा ५ सम्म टिकाउ दर(%) | ६०.०३ | ६५ | ६६ | ६८ | ७० | ७५ |
| ६. | आधारभूत तह कक्षा ५ पुरा गर्ने दर (%) | ६५.७२ | ६८ | ७० | ७५ | ७८ | ८० |
| ७. | आधारभूत तह कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | २८.१७ | ३० | ३२ | ३५ | ३६ | ४० |
| ८. | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क (%) | ०.९४ | ०.९५ | ०.९६ | ०.९८ | १ | १ |
| ९. | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर (%) | १०१.७२ | १०० | १०० | १०० | १०० | १०० |
| १०. | आधारभूत तह कक्षा १-८ मा कुल भर्ना दर (%) | १४२.७५ | १४० | १३० | १२० | ११० | १०० |
| ११. | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर (%) | ७४.९२ | ८० | ८३ | ८५ | ९० | ९९ |
| १२. | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर (%) | ५८.३५ | ६० | ७० | ८० | ८५ | ९० |
| १३. | आधारभूत तह कक्षा १-८ कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क (%) | १.०१ | १.०१ | १ | १ | १ | १ |
| १४. | आधारभूत तह कक्षा १-८ मा अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | ४९.५ | ५० | ५० | ५० | ५० | ५० |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | लक्ष्य/ इकाई | भौतिक लक्ष्य (पहिलो ५ बर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | | |
| १ | विद्यालयहरुको नक्साङ्कन पुनर्वितरण तथा समयोजन गर्ने | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने | पटक | १ | ० | ० | ० | १ | २ | १ | |
| ३ | प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाहरुका लागि पठन सामग्रीको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ४ | विद्यालयमा मापदण्ड अनुसार तहगत तथा विषयगत अपुग शिक्षकको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ५ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यलाई निरन्तरता दिने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १ | |
| ६ | विपन्न वर्गका बालबालिकाहरूलाई शैक्षिक सामग्री (पोशाक स्टेशनरी छात्रबृत्ति) वितरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ७ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ८ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |
| ९ | विद्यालयमा न्यूनतम अपाङ्गमैत्री, लैङ्गिकमैत्री, बालमैत्री भौतिक पूर्वाधार | पटक | १ | १ | १ | १ | १ | ५ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास गर्ने | | | | | | | | | |
| १० | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरुको कार्यान्वयन गर्ने | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध मिलाउने | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १२ | पढाइ स्तर कमजोर भएका बालबालिकाहरुका लागि REAL कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १३ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्दि गर्न आवश्यक संरचना, सामग्री र क्षमता विकास गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | शिक्षण सिकाइ सामग्री, डिजीटल सिकाइ सामग्री तथा बुककर्नर व्यवस्थापनका लागि अनुदान दिने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | आधारभूत तह कक्षा ६-८ लाई लक्षित गरी विद्यालय स्तरमा जीवन उपयोगी सीप कक्षा सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | स्वास्थ्य शाखाको समन्वयमा अर्धवार्षिक रुपमा बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १७ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी गैह सरकारी संस्थाहरुको सहकार्यमा सहायक सामग्री प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | गरिबीकै कारणले विद्यालय छाडेका | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरुलाई लक्षित गरी निश्चित मापदण्डको आधारमा छात्रवृत्ति प्रदान गर्ने | | | | | | | | | |
| १९ | वार्षिक रुपमा उत्कृष्ट विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक र विद्यालयलाई पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | गाउँपालिकाले वार्षिक रुपमा केही विद्यालयहरु छनौट गरी बालबालिकाहरुको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २२ | कक्षा १- ३ का विद्यार्थीहरुका लागि बालमैत्री बसाइ व्यवस्थापन गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | छात्राहरुका लागि नि:शुल्क सेनेटरी प्याडको व्यवस्थापन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| २४ | आधारभूत तहमा प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालयको विकास गर्ने | वडा | ० | ० | १ | १ | १ | ३ | | |
| २५ | नमूना विद्यालय विकासका लागि अनुदानको व्यवस्था गर्ने | पालिका | ० | ० | १ | १ | १ | ३ | | |
| २६ | भूकम्प लगायत प्राकृतिक प्रकोपबाट सुरक्षित रहनका लागि विद्यालयमा सुरक्षित स्थान(Save Zone) निर्धारण गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २७ | सरकारी कोषबाट तलबभत्ता खाने कुनै पनि पदमा जागिर गर्नका लागि आधारभूत तहको शिक्षा पूरा गरेको योग्यता निर्धारण | सबै विद्यालय | २६ | २६ | २६ | २६ | २६ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरी सोको कार्यान्वयन गर्ने | | | | | | | | | |
| २८ | न्युनतम साधनश्रोतयुक्त कक्षाकोठा व्यवस्थापन गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २९ | उचित पुस्तकालयको व्यवस्था गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ३० | विद्यार्थीहरुबीच सिर्जनशील प्रतिस्पर्धाका लागि कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको वर्तमान विद्यालय शिक्षाको संरचना अनुसार माध्यमिक तह (९-१२) लाई मानेको छ। यस तहले मानवीय मूल्य मान्यताको विकास तथा आधुनिक प्रविधि र व्यवहारयुक्त ज्ञान हासिल गरी उच्च तहमा अध्ययनको आधार सहितको मध्यम स्तरीय जनशक्ति विकास गर्ने उद्देश्य राखेको छ। शिक्षा ऐन- २०२८ ले माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र संस्कृत गरी तीन प्रकारमा वर्गीकरण गरेको छ। माध्यमिक शिक्षा अन्तर्गतका विद्यालयहरुमा प्राविधिक धारका अतिरिक्त प्राविधिक तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त गरी प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप -२०७६ अनुसार माध्यमिक शिक्षाको पाठ्यक्रम एकलपथीय हुने व्यवस्था रहेको छ। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क पाउने अधिकारलाई सुनिश्चित गरेको छ भने त्यसको प्रभावकारी कार्यन्वयनमा तीनै तहका सरकारहरुलाई जिम्मेवार बनाइएको छ।
सरकारले ल्याएको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले पनि माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तरीयता र सान्दर्भिकता कायम गरी विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रवन्ध मार्फत विद्यालय शिक्षालाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने लक्ष्य लिएको छ। माध्यमिक शिक्षा नि:शुल्क, पहुँचयोग्य र गुणस्तरीय बनाउन राज्यले जति लगानी गरेता पनि त्यसको अपेक्षित प्रतिफल हासिल हुन सकिरहेको छैन। माध्यमिक शिक्षा मार्फत नेपालको आर्थिक-सामाजिक रुपान्तरणका लागि उपयोगी जनशक्ति तयार गर्न पनि माध्यमिक शिक्षाको सुदृढीकरण आवश्यक छ।

### ३.३.१ वर्तमान अवस्था

#### विद्यालयको सङ्ख्या र विद्यार्थी पहुँच र सहभागिता :

यस माण्डवी गाउँपालिकामा हाल जम्मा ५ ओटा माध्यमिक विद्यालय रहेका छन्। जसमध्ये माध्यमिक तह १–१० सञ्चालित १ ओटा र १–१२ सञ्चालित ४ ओटा विद्यालय रहेका छन्र। ५ विद्यालय मध्ये ५ ओटै विद्यालय सामुदायिक हुन भने संस्थागत माध्यमिक विद्यालय यस गाउँपालिकामा रहेका छैनन्। शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको अवस्था बिश्लेषण गर्ने हो भने जम्मा माध्यमिक तहमा १०६४ विद्यार्थीहरू भर्ना भई अध्ययन गरी रहेका छन्। २०८१ को तथ्याङ्क अनुसार कुल भर्ना ६९.५ दर रहेको छ भने खुद भर्ना दर ५५.२ % रहेको छ

#### माध्यमिक तहमा विषयगत शिक्षकको अवस्था :

यस गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयको माध्यमिक तहमा कार्यरत विषयगत शिक्षकहरुको अवस्था निम्न अनुसार रहेको छ।

| विषय | शिक्षकको नियुक्तिको किसिम | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | स्थायी | अस्थायी | राहत | संघीय अनुदान | गाउँपालिका अनुदान | |
| नेपाली | ३ | | १ | | | |
| अङ्ग्रेजी | ४ | | १ | १ | | |
| गणित | ३ | | | २ | | |
| विज्ञान तथा प्रविधि | ३ | | | २ | | |
| सामाजिक अध्ययन | २ | | | | | |
| लेखा | १ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अर्थशास्त्र | | | | | | |
| कम्प्युटर | | | | | | |
| जम्मा | | | | | | |

### माध्यमिक शिक्षामा स्थानीय तहले गरेका राम्रा अभ्यास :

माण्डवी गाउँपालिकाले माध्यमिक तहमा तहगत स्थायी शिक्षकलाई प्र.अ. व्यवस्थापन, विद्यार्थी सङ्ख्या को आधारमा शिक्षक सङ्ख्या अपुग भएका मा.वि. तहमा विषयगत २ जना गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन, बन्दाबन्दीको समयमा मा.वि.का सबै विद्यार्थीको लागि परियोजना अभ्यास पुस्तिका छपाई, अडियो मोबाइल शिक्षण, कक्षा (९-१२) का विद्यार्थीहरुलाई डाटा खरिद गर्न प्रति विद्यार्थी अनुदान वितरण गरी कार्यान्वयन गरिएको, प्रविधिमैत्री शिक्षा कार्यान्वयनका लागि प्राविधिक धार कम्प्यूटर इन्जिनियरिङ विद्यार्थीहरुको (OJT) का लागि विद्यार्थीहरुलाई विद्यालयमा परिचालन, माध्यमिक विद्यालयमा स्टेशनरी बैक व्यवस्थापन जस्ता नविनतम अभ्यासहरु गरेको अवस्था छ ।

### समुदायको सहभागिता तथा साझेदारीको अवस्था :

यस गाउँपालिकको माध्यमिक तहका विद्यालयहरुमा विद्यालयको भौतिक तथा शैक्षिक अवस्थामा सुधार ल्याउन अभिभावक तथा समुदायका व्यक्तिहरुको चासो रहेता पनि उल्लेख्य मात्रामा सहभागिता रहेको पाइदैन् । तथापि जन श्रमदान, अभिभावक सहयोग जस्ता कार्यमा भने समुदायको साझदारी र सहयोग रहँदै आएको छ ।

### चुनौती तथा अवसर

१. माध्यमिक तहमा व्यावसायिक तथा प्रावधिकि शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,
२. माध्यमिक शिक्षाको पाठ्ययक्रमलाई समयसापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,
३. गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही विषय शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु,
४. माध्यमिक शिक्षा उमेर समूहका सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापना गर्नु,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ,
६. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिव, सुविधाविहिन, कठिन परस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ,
७. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षकि संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु ,
८. दरबन्दी सङ्ख्या कम रहेको यस पालिकामा सबै माध्यमिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन गर्नु,
९. संस्थागत विद्यालयको अनुमति व्यवस्थापन र नियमन गर्नु

१०.कमजोर सामाजिक आर्थिक परिवेश भएका विद्यार्थीहरुको टिकाउ दर तथा सिकाइ उपलब्धि बृद्धि गर्नु, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर कम गर्नु,

### ३.३.२ उद्देश्यहरु

१. माध्यमिक शिक्षामा सबैको पहुँच अभिबृद्धि गर्नुका साथै विद्यार्थी टिकाउदर बढाउन उनीहरुकै रुचि र आवश्यकता अनुसारको साधारण र प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा अवसर प्रदान गर्नु,

२. माध्यमिक शिक्षालाई 'सिक्दै कमाउँदै' (Learning to earning) को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रम मार्फत विद्यार्थीमा अत्मनिर्भरता र श्रम प्रति सम्मान गर्ने भावनाको विकास गर्नु,

३. माध्यमिक शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान सिप, नैतिक मूल्य, स्वाभिमानी, स्वयमसेवी भावना, साँस्कृतिक विविधता र पहिचानको आधार स्तम्भको रुपमा स्थापित गर्नु,

४. निजी लगानीमा सञ्चालनमा आएका माध्यमिक विद्यालयको प्रभावकारी नियमन गरी नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्नु,

५. उच्च शिक्षा अध्ययनका लागि विषायगत लम्बीय सम्बन्ध र आधार स्थापित हुने गरी गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउनु,

६. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गर्नु,

### ३.३.३ रणनीति

१. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार , शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने,

२. माध्यमिक शिक्षालाई नि:शुल्क र पहुँचयोग्य बनाउन आवश्यक कार्यविधि र निर्देशिकाको विकास गर्ने,

३. सिकाइ र सीपको तादम्यता मिलाइ आर्थिक सबलीकरण गर्न विद्यालय परिवेश र स्रोत साधनको उपलब्धताको आधारमा कृषि, फलफूल, मेकानिक्स , सिलाइ बुनाइ , कुक जस्ता कार्यक्रम लागु गर्ने,

४. सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरी खाने शिक्षाको रुपमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने,

५. सिक्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप प्रमाणपत्र (Skill certificate) उपलब्ध गराउने व्यवस्था मिलाउने,

६. विद्यालय शिक्षा देखिनै विज्ञान, प्रविधि, ईन्जिनियर, कला र गणित शिक्षा ( STEAM) जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लैजाने,

७. सबै माध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउन विषयगत दक्षता हासिल गरेका शिक्षकहरुको समन्यायिक व्यवस्थापन गर्ने,

८. निजी लगानीका विद्यालयहरुको प्रभावकारीताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरुलाई सेवामूलक बनाउने,

९. माध्यमिक तहमा पठन पाठन हुने विषयका साथ साथै मानव मूल्य, स्थानीय सस्कृति, पूर्वीय दर्शनमा आधारितका विषयवस्तुलाई सिकाइमा अन्तरघुलन गरी सेवाभावले ओतप्रोत नैतिकवान, इमानदार र खुसी नागरिक उत्पादन गर्ने कुरालाई उच्च प्राथमिकता दिने,

१०. स्थानीय भाषा तथा सँस्कृति, इतिहास सम्बन्धी स्थानीय भौगोलिक परिवेश सुहाउँदो ज्ञान तथा सिप समावेश गरी जीवनोपयोगी सीपसंग आबद्ध गर्ने,

११.स्थानीय तहले विद्यालयसंग समन्वय गरी माध्यमिक तहको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई प्रकोप, संकट तथा महामारी लगायतका विपतको बेला स्वयम् सेवा गर्ने गरी आवश्यक पूर्व अभ्यासका कार्यक्रम सञ्चालन गर्ने,

१२.स्थानीय तहद्धारा निजी लगानीका विद्यालयहरुको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गर्ने,

१३.माध्यमिक शिक्षा प्राप्त गर्ने सबैका लागि पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार विद्यालयहरुमा आवासको व्यवस्था मिलाउने,

१४.संघीय मापदण्ड अनुसार गाउँपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत माध्यमिक विद्यालयको स्थापना गर्ने,

१५.गाउँपालिकाले सर्वेक्षण गरी बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका आर्थिक रुपले विपन्नहरुका लागि अवाश्यकताको अधारमा साधारण, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता कोष स्थापना गरी लागू गर्ने,

१६.विद्यार्थीको नियमितता, कक्षा छाड्ने दर न्युनीकरण र टिकाउदर बढाउन शिक्षक, वि.व्य.स., शि.अ. संघ र जनप्रतिनिधिको प्रतिनिधित्व रहेको अभिभावक समन्वय टिम बनाइ अभियान सञ्चालन गर्ने ,

१७.कक्षाकोठाको वातावरण सिकाइमैत्री, बालमैत्री र अपाङ्गमैत्री हुनुका साथै छापामय बनाउन आवश्यक पहल गर्ने,

१८.संघीय सरकार, प्रदेश सरकारबाट नमुना विद्यालयको रूपमा छनोट भएका विद्यालयका साथै गाउँपालिका आफैले समेत एक वडामा एक विद्यालयलाई अनुकरणीय विद्यालय घोषित गरी तिनका नमुनायोग्य कार्यलाई अन्य फिडर विद्यालयहरुमा पनि लागु गर्न आवश्यक स्रोत सामग्री सहित पहल गर्ने,

१९.विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि विभिन्न संघ संस्था, अभिभावक लगायत सम्पुर्ण सरोकारवालाको अपनत्व बृद्धि गर्ने वातावरण तयार गर्ने,

२०.माध्यमिक तहका कक्षाहरुमा विषयगत सिकाइको सहजता र सम्बन्ध स्थापित गर्न कक्षागत कक्षाकोठाका अतिरिक्त विषयगत सिकाइ कक्षाकोठा तयार गर्न पहल गर्ने,

२१. माध्यमिक शिक्षा परीक्षा (SEE) दिई बसेका विद्यार्थीहरुलाई नतिजा नआउञ्जेल सम्म दुई महिना अवधिको प्रतिकारात्मक स्वास्थ्य, आत्मसुरक्षा तथा अनुशासन, सन्तुलित भोजन र पाककला, कलात्मक सिप जस्ता सिपहरु समेटेर अभिमुखीकरण प्याकेज तयारी र सञ्चालन गर्ने,

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार भएको हुने छ।

२. माध्यमिक शिक्षामा भर्नादर, विद्यार्थी टिकाउदर र उक्त तह पूरा गर्ने दरमा उल्लेख्य बृद्धि भएको हुने छ।

३. विद्यार्थीहरुकोक रुचि र आवश्यकता अनुसारको प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर प्रदान गर्न प्राविधिक विषय र शिक्षा प्रदायक विद्यालको सङ्ख्यामा बृद्धि भएको हुने छ ।

## नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष २०८१ को अवस्था | शै.स. २०८२ | शै.स. २०८३ | शै.स. २०८४ | शै.स. २०८५ | शै.स. २०८६ | |
|---|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९-१२ मा खुद भर्ना दर (%) | ५५.२ | ५७ | ५८ | ६० | ६५ | ७० | |
| २. | माध्यमिक तह कक्षा ९-१२ मा कुल भर्ना दर (%) | ६९.५ | ७० | ७५ | ७६ | ८० | ८५ | |
| ३. | माध्यमिक तह कक्षा ९-१२ कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क (%) | १.५५ | १ | १ | १ | १ | १ | |
| ४. | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | ७२.७७ | ७४ | ७५ | ७७ | ७८ | ८० | |
| ५. | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ४२.७६ | ४५ | ४६ | ४७ | ४८ | ५० | |
| ६. | माध्यमिक तह कक्षा ९-१२ अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको संख्या (%) | १२.८२ | १५ | २० | २५ | ३० | ५० | |
| ७. | माध्यमिक तह कक्षा ९-१० मा विद्यार्थी : शिक्षक अनुपात | २२.३४ | ३०.१ | ३०.१ | ३०.१ | ३०.१ | ३०.१ | |
| ८. | माध्यमिक तह कक्षा ११-१२ मा विद्यार्थी : शिक्षक अनुपात | ३१.६ | ३०.१ | ३०.१ | ३०.१ | ३०.१ | ३०.१ | |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्र. | सूचक | | भौतिक लक्ष्य ( पाँच वर्षको ) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| सं. | | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | लक्ष्य (१० वर्षको) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मापदण्ड अनुसार दरबन्दी मिलान तथा विषयगत शिक्षक व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १ | |
| २ | माध्यमिक शिक्षालाई नि:शुल्क र पहुँच योग्य बनाउन आवश्यक कार्यविधि र निर्देशिकाको विकास | पटक | १ | ० | ० | १ | १ | १ | अद्यावधिक गर्ने |
| ३ | माध्यमिक विद्यालयका शिक्षकहरूलाई उनीहरूको शिक्षण विधि र विषयको ज्ञानमा सुधार गर्न निरन्तर व्यावसायिक विकास र तालिम कार्यक्रमहरू | पटक | १ | १ | १ | १ | १ | १० | |
| ४ | अनुकूल सिकाइ वातावरण सिर्जना गर्न कक्षाकोठा, प्रयोगशालाहरू, पुस्तकालयहरू, र प्रविधि पहुँच सहित विद्यालय सुविधाहरूको निर्माण र स्तरोन्नतीमा लगानी | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | माध्यमिक शिक्षामा समान पहुँच सुनिश्चित गर्दै, कम आय भएका परिवारका विद्यार्थीहरूलाई सहयोग गर्न छात्रवृत्ति र वित्तीय सहायता कार्यक्रमहरू स्थापना | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ६ | प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षा | १० | ९ | १२ | ११ | ११ | १२ | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ८ | माध्यमिक तहको कक्षा ११ र १२ का विद्यार्थीहरुलाई प्रकोप, संकट तथा महामारी लगायतका विपतको बेला स्वयम् सेवा गर्ने गरी आवश्यक पूर्व अभ्यासका कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सूचना प्रविधि पूर्वाधार तथा प्रयोगशाला निर्माण र सामग्री व्यवस्थापन | विद्यालय प्रतिशत | १ | १ | १ | १ | १ | ५ | |
| १० | विभिन्न कारणले हुने शिक्षकको अनुपस्थिति वा अन्य कारणले विद्यार्थीको कक्षा खाली हुन नदिनका लागि बैकल्पिक प्रबन्ध गर्ने (स्वयमसेवी शिक्षक वा आवधिक करार शिक्षक मार्फत) | विद्यालय प्रतिशत | | | | | | | |
| ११ | नमूना विद्यालयको प्रभावकारिता अध्ययन र वडागत अनुकरणीय विद्यालय घोषणा / स्थापना | पटक/ विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| १२ | कक्षा १० र १२ मा अध्ययनरत विपन्न विद्यार्थीहरुको अतिरिक्त कक्षा/सिकाइ निरन्तरताका लागि आर्थिक सहायता | विद्यार्थी सङ्ख्या | ५० | ७५ | १०० | २०० | २५० | | |
| १३ | विद्यालय आउन जान कठिन तथा लक्षित समूहका बालबालिकालाई आवासीय सुविधा प्रदान | विद्यार्थी सङ्ख्या | ० | | | | | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

प्राविधिक शिक्षा भन्नाले कुनै किसिमको विज्ञान, शिल्पकला, प्रविधि सम्बन्धी सिप वा ज्ञान दिइने शिक्षा हो भने व्यावसायिक शिक्षा भन्नाले कुनै पनि व्यावसाय वा पेसाको आधारमा दिइने शिक्षा हो। व्यक्तित्व विकास र क्षमतामा सवलता आई व्यवसायिक क्षमता बढ्नु नै प्राविधिक तथा व्यवसायिक शिक्षाको मर्म हो। यो शिक्षा विद्यालयको पाठ्यक्रममा व्यवसायिक विषय समाहित गरी कुनै निश्चित पेसा वा व्यवसायको लागि ज्ञान, सीप तथा प्रवृत्ति प्रदान गर्ने शिक्षा हो।

नेपालमा विद्यालय तह ९-१२ को संरचना दिई प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गर्ने गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा शिक्षा मन्त्रालयले तत्कालिन शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय २०६८ सालमा गरेको थियो। सोही निर्णय अनुसार कक्षा ९ -१२ को विद्यालयतहको पाठ्यक्रम विकास भई वि.स.२०७६ सालदेखि कम्प्युटर इन्जिनियरिङ, कक्षा ९ मा प्राविधिक शिक्षाको १ वटा विद्यालयमा पठनपाठन प्रारम्भ भएको थियो। हाल सम्म नेपाल सरकारले अनुदान दिने गरी ५३१ वटा प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालय सञ्चालनमा रहेका छन्। बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत शिक्षा सञ्चालनमा रहेका छन्। "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक र व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तह देखिनै समेट्ने गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

यस गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम अन्तरगत १ मात्र प्राविधिक विद्यालय रहेको छ जुन वि.स. २०७६ सालबाट सुरू भएको हो। हाल ९ देखि १२ सम्म कम्प्युटर इन्जिनियरिङ सञ्चालन भरहेको छ भने हाल ९ मा २५ जना, १० मा २० जना, ११ मा ३५ जना र १२ मा १४ जना गरी कुल ९५ जना अध्ययनरत छन्।

### चुनौती तथा अवसर

१. प्रविधिकधार तर्फ विद्यार्थी भर्नामा चुनौती
२. विभिन्न जनशक्ति पाउन र टिकाउनमा समस्या
३. व्यवस्थापनमा चुनौती
४. नीतिगत चुनौती
५. पाठ्यक्रममा चुनौती
६. व्यवहारिक अभ्यासमा चुनौती (ओ.जे.टी)
७. स्थानीय सरकारको अपनत्वको कमी
८. विषयगत जन शक्तिको अभाव

### ३.४.२ उद्देश्यहरु

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विस्तार गर्नु,
२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसर वृद्धि गर्नु ,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्नु ,

४. श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध गर्नु।

### ३.४.३ रणनीति

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विस्तार गर्ने ,

२. पालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गर्ने ,

३. प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय विद्यालय, प्रदेश प्राविधिक शिक्षालय तथा संघीय र प्रदेश विश्वविद्यालयसँग सहकार्य गर्ने ,

४. प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यवहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, विभिन्न संघसंस्था लगायतका कार्यस्थल र समूदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गर्ने ,

५. माण्डवी गाउँपालिकामा सञ्चालित प्राविधिक ९ -१२ शिक्षाका लागि छुट्टै भवन मार्फत सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ,

६. पालिकाभित्रका विद्यालयमा सम्भाव्यताका आधारमा विद्यालयको हावापानी, परिवेश, स्थानीय माग र क्षमताका आधारमा प्राविधिक धार तथा व्यावसायिक सीप विकासका कार्यक्रम सञ्चालन गर्ने,

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका कार्यक्रमहरुलाई गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकता अनुकूल हुने गरी छनौट गरेर सञ्चालन गर्न गाउँपालिका स्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन गर्ने ,

८. नवीन प्रविधि, व्यावसायिक दक्षता र परम्परागत सिपलाई एकीकृत गरी आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गर्ने,

९. परम्परागत तथा पुख्यौली सिप तथा व्यावसायलाई आधुनिक प्रविधिमार्फत स्थापित गर्दै परम्परागत व्यावसायिक सिपलाई प्रमाणीकरण गर्न संघीय र प्रदेशका त्यस सम्बन्धी संस्थागत संयन्त्रसँग सहकार्य गर्ने ,

१०.गाउँपालिकाको केन्द्र वा पायक पर्ने स्थानमा प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षार्थीहरुबाट उत्पादित सामग्रीहरुको बजारीकरणका लागि गाउँपालिकाको अनुदानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने र त्यसको सुरुवात पालिका भित्रका समग्र सामुदायिक विद्यालयका विद्यार्थी पोसाकको एकरुपताका लागि पालिकाको सहकार्यमा सहकारी मार्फत गार्मेन्ट उद्योग स्थापना गरी सुरुवात गर्ने,

११.निजी क्षेत्रका रोजगारदाता संघसंस्थाहरुको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसीप र अन द जब ट्रेनिङ सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ,

१२.शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९ -१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठयक्रम लागू गर्न संङघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,

१३. आर्थिक, सामाजिक तथा सांकृतिक कारणले पछि परेका व्यक्तिहरुलाई र अपाङ्गता भएका व्यक्तिहरुको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने,

१४.प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अबलम्वन गर्न सङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गर्ने ,

१५.गाउँपालिकामा सञ्चालनका रहेका सबै प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरुलाई विद्यालयमा अध्ययनरत विद्यार्थी संङख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम उपलब्ध गर्ने ,

१६.प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निःशुल्क अवसर वा सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउनका साथै हाल गाउँपालिकाबाट त्यसप्रकारको शिक्षा अध्ययनका लागि वा उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ,

१७. श्रम र श्रमिक सम्मान अभियानमार्फत अनुकरणीय श्रम गर्ने नवप्रवेशी श्रमिकलाई सम्मानका कार्यक्रम सञ्चालन गर्ने ,

१८. प्राविधिक र व्यावसायिक क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरेर कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ,

१९. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवाउन्मुख बनाउनका लागि र प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गर्न संघ र प्रदेश सरकारसँग समन्वय गर्ने ,

२०.सबै क्षेत्र, हैसियत र वर्गका मानिसहरुमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ,

२१. व्यवसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उत्पादित हस्तकला सामग्री जस्तै दुनाटपरी, माला, अतिथिसम्मानका व्याच, हाते झोला आदिको उत्पादनमा प्रोत्साहन तथा बजारीकरणमा प्रर्वद्धन गरी यस्ता सामग्रीमा आत्म निर्भर उन्मूख भएपछि वातावरण प्रदूषणजन्य आयातित सामग्रीहरुलाई पालिका भित्र प्रतिबन्धित गर्ने ,

२२.प्रत्येक वर्ष पालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आबद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वद्धन गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. गाउँपालिकामा आवश्यक रोजगारीमूलक जनशक्ति उत्पादन गर्ने ।

२. स्थानिय पेसा व्यवसायको आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने

३. व्यवसायिक तालिमका अवसरहरुको विस्तार गरि नागरिकहरुका लागि अन्तराष्ट्रिय रोजगार बजारको माग अनुरुप गुणस्तरीय व्यवसायिक शिक्षा प्रदान गर्ने।

४. बैदेशिक रोजगारीमा जान चाहेका व्यक्तिलाई सिपमूलक तालिम सञ्चालन गर्ने ।

### नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयका सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ९५ | १०० | ११० | १२० | १५० | १६० |
| ३ | प्राविधिक धार सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माण | १ | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक व्यवस्था | ८ | ८ | ८ | ८ | १० | १० |
| ५ | युवाहरुले इच्छाएका सीप सिक्नका निम्ती सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरुसंग सहकार्य (सीपको संख्या) | ० | १ | १ | १ | १ | १ |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य १० बर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | बजारको मागसँग मिल्ने सान्दर्भिक विषयहरू, व्यावसायिक तालिम र व्यावहारिक सीपहरू समावेश गर्न माध्यमिक शिक्षा पाठ्यक्रमलाई अद्यावधिक र विविधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षकहरूलाई शिक्षण विधि र विषयको ज्ञानमा सुधार गर्न निरन्तर व्यावसायिक विकास र तालिम कार्यक्रमहरू | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अनुकूल सिकाइ वातावरण सिर्जना गर्न कक्षाकोठा, प्रयोगशालाहरू, पुस्तकालयहरू, र प्रविधि पहुँच सहित विद्यालय सुविधाहरूको निर्माण र स्तरोन्नतिमा लगानी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | माध्यमिक शिक्षामा समान पहुँच सुनिश्चित गर्दै, कम आय भएका परिवारका विद्यार्थीहरूलाई सहयोग गर्न छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | वटा | १ | १ | १ | १ | १ | १ | |
| ६ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमुलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ७ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | आवश्यकता अनुसार | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेका मानिसलाई जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रविधिको प्रसार गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली नै अनौपचारिक शिक्षा हो । औपचारिक रूपमा प्राप्त गरिने शिक्षाभन्दा अनौपचारिक रूपमा प्राप्त गरिने ज्ञान, सीप र दक्षताको अर्थ विभिन्न सिकाइ पद्धतिहरूमार्फत जीवनका अविभाज्य अङ्गका रूपमा जीवनपर्यन्त सिकिरहनु पर्ने र असल जीवन जिउनका लागि महत्वपूर्ण हुने हुन्छ ।

अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षाबाट वञ्चित, औपचारिक शिक्षा प्राप्त गर्न अवसर नपाएका तथा निरन्तर शिक्षा प्राप्त गर्न इच्छुक नागरिकहरूलाई प्रदान गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमलाई बुझ्नुपर्छ । औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो ।

यस अन्तर्गत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम, जीवनपर्यन्त शिक्षा कार्यक्रम, वैकल्पिक विद्यालय शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन हुने गर्दछन् । अनौपचारिक शिक्षा यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरूले आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल गरी समाधानका उपाय खोजी निर्णय कार्यान्वयन गर्दछन् ।

सिकाइलाई जीवन पर्यन्त चलिरहने प्रक्रियाका रूपमा लिने गरिन्छ। मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट जीवन, जगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरू हासिल गर्दछन् र केही न केही नयाँ कुराहरूको सिकाइ पनि भइरहेकै हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले वञ्चित भएका मानिसहरू उमेरमा पढ्न पाइएन भन्दै पछुतो गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरूमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सक्रिय रूपमा संलग्न रहन सकिन्छ भन्ने भावनाको विकास गर्न सकेमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्छ । यसै कुरालाई मध्यनजर गर्दै माण्डवी गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा हाम्रो देशमा जिल्ला शिक्षा कार्यालयहरू मार्फत अनौपचारिक शिक्षा अन्तर्गत धेरै साक्षरता कक्षाहरू सञ्चालन गरिए । साक्षरताका सघन कार्यक्रमहरू मार्फत पालिकाहरूलाई साक्षर घोषणा गर्ने अभियान पनि सञ्चालन गरियो । यस अनुसार धेरै पालिकाहरूलाई साक्षर पालिका घोषणा पनि गरिएको छ । तर यस प्रकारका घोषणाहरू केवल घोषणाका लागि घोषणा मात्रै गरिएको र वास्तवमा साक्षरतामा हासिल हुनुपर्ने उपलब्धि हासिल नभएको भनी आलोचना पनि हुने गरेको छ । साक्षर घोषणा गरिएका कैयौँ पालिकामा धेरै मानिसहरू निरक्षर रहेको प्रमाण सहितका समाचारहरू सञ्चार माध्यमहरूमा पनि आएका छन् । यसबाट अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम सञ्चालनको परिपाटीमा केही परिवर्तन गर्नुपर्ने हो कि भन्ने पनि देखिन्छ । यी नै कुराहरूलाई विचार गरेर अब स्थानीय सरकारबाट सञ्चालन हुने साक्षरता अभियानलाई परिणाममुखी बनाउनु परेको छ ।

जीवनपर्यन्त शिक्षाको महत्त्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सु-सूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्योग, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेसा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुरा प्रति मानिसहरूलाई विश्वस्त गराउनका लागि स्थानीय स्तरकै

उदाहरण सहितका सामग्रीहरूको निर्माण गरी सिकाइका अनुभवहरूको उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवनपर्यन्त सिकाइलाई सफलतापूर्वक सञ्चालन गर्न सकिन्छ ।

### ३.५.१ वर्तमान अवस्था

आजीवन सिकाइ, अनौपचारिक शिक्षा, खुला तथा दूरशिक्षा गरी चारवटा पद्धतिहरू औपचारिक शिक्षाबन्दा बाहिर भएर व्यक्तिले प्राप्त गर्दछ । सिक्ने र सिक्न सक्ने मानवीय क्षमता भएको प्राणी भएकाले मानिसको सिक्ने कुरा कुनै बिन्दुमा पुग्दा रोकिने नभई एक निरन्तर चलिरहने प्रक्रिया हो । मानिसले जीवन-जगतसँग अन्तरक्रिया गर्दा प्राप्त हुने अतिरिक्त ढङ्गले हासिल गरेका ज्ञान, सीप र धारणाहरू क्रमशः अनौपचारिक ढङ्गबाट नयाँ पुस्तामा हस्तान्तरण हुन्छन् र हस्तान्तरित ज्ञानमा नयाँ पुस्ताको आश्रित अनुभव समेत थपिँदै पुरानो ज्ञान, सीप र धारणा विकसित हुँदै जान्छन् ।

अक्षर र लिपिको विकास हुनु पूर्व पनि शिक्षाका मौलिक परम्परा कायम थिए । श्रुति, स्मृति प्रमुख रूपमा सिकाइका जगको रूपमा विकास भएका थिए । "बूढा मरे कुरा सरे" भनेझैँ सिकाइको हस्तान्तरण एक पुस्ताबाट अर्को पुस्तामा अनौपचारिक रूपमा हुँदै जान्थ्यो । आफ्नो वातावरणसँग अनुकूल हुन परम्परागत रूपमा विकसित भएका अनुभव, ज्ञान र सीपको धारणाबाट आफ्नो ज्ञानको थप विकास गरी अर्को पुस्तामा हस्तान्तरण भएको पाइन्थ्यो ।

आजीवन सिकाइको अभ्यास मानव सभ्यताको प्रारम्भबाटै भएको पाइन्छ । आजीवन शिक्षाले सिकाइ मानव जीवनको एक अभिन्न पाटो हो र यसको जीवनमा सचेत अभ्यास हुनु पर्दछ भन्ने मान्यतालाई आत्मसात् गरेको छ । शिक्षा सबैलाई आवश्यक पर्ने भएकाले व्यक्तिलाई जीवनभर सिक्ने अवसर सहितको वातावरणको जरुरी पर्दछ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य ४ मा समेत आजीवन सिकाइलाई महत्वका साथ प्रस्तुत गरिएको छ । सुखी र खुसी जीवन यापनका लागि सिकाइ प्रक्रिया जीवनभर चलाउनुपर्छ । हरेक उमेर समूहका मानिसहरू सिकाइ प्रक्रियामा संलग्न भएर सिक्ने अवसर पाउनु पर्दछ ।

व्यक्तिले आफ्नो सिकाइलाई थप सुदृढ गर्नका लागि कामथलोमा गर्नका लागि सिक्ने ) Learning to Do), विद्यालय, विश्वविद्यालय, तालिम, सेमिनारमार्फत आफ्नो विद्यमान ज्ञान, सीप र धारणाको विकास गर्नका लागि सिक्ने )Learning to Know), समुदाय र सामाजिक स्थानमा सहभागी भएर सामाजिक सेवा भावको विकास गर्न सँगसँगै सिक्ने )Learning to Live Together) तथा आफ्नो अस्तित्व र संवेदनात्मक सिकाइसहित प्रतिबिम्बन गर्ने क्षमताका लागि सिक्ने )Learning to Be) जस्ता पक्षहरू निरन्तर सिकाइका अवसरहरू हुन् ।

आजभोलि जीवनपर्यन्त सिकाइका लागि आजीवन सिकाइ भन्ने चलन रहेको छ । आजीवन सिकाइ एउटा छुट्टै विधि नभई यो त समग्र शिक्षा प्रणालीलाई निर्देशन गर्ने सिद्धान्त हो । हाम्रो पूर्वीय परम्पराका चार पुरुषार्थ धर्म, अर्थ, काम र मोक्षलाई नै पश्चिमी दार्शनिकहरूले शिक्षाका चार आधार स्तम्भको रूपमा नामाकरण गरेको पाइन्छ । धर्म भन्नाले सँगै बस्ने, सँगै सहकार्य गर्ने, अर्थ भन्नाले गर्नका लागि सिक्ने र आर्थिक उन्नति गर्ने पेसा-व्यवसायको ज्ञान हासिल गर्नु हो । काम भन्नाले निरन्तर सिक्न, खोज्न र जिज्ञासु हुन प्रेरित गर्ने शक्ति जनाउँछ; र मोक्ष भन्नाले व्यक्तिको अस्तित्व, जीवन र जगतका प्रश्नमाथि चिन्तन गर्न सक्ने तथा जीवनको बोध गर्ने अन्तिम लक्ष्यका लागि सिक्ने भन्ने अर्थ दिन्छ ।

गाउँपालिकामा शिक्षा तथा खेलकुद शाखाको अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी पनि रहेको छ । यसका साथै यस गाउँपालिकामा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न विगतदेखि नै दुईवटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् ।

### ३.५.३ चुनौती तथा अवसर

#### चुनौती

१. अनौपचारिक तथा आजीवन शिक्षा सम्बन्धी सहज पहुँच विस्तार,
२. औपचारिक र अनौपचारिक शिक्षाको एकीकृत ढाँचा निर्माण,
३. साक्षरताको व्यवहारिक मापन, गुणस्तर लेखाजोखा तथा उपयोग,
४. परम्परागत र आजीवन शिक्षाको तालमेल,
५. सिक्नेहरूको सिकाइ आवश्यकताको पहिचान गरी सोअनुसार कार्यक्रम कार्यान्वयन।

#### अवसर

- स्थानीय स्रोत र ज्ञानको उपयोग
- मोबाइल टेक्नोलोजीको उपयोग
- महिला सशक्तिकरण
- शिक्षाको माध्यमबाट सांस्कृतिक संरक्षण

### ३.५.२ उद्देश्यहरु

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
२. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाबीच अन्तरसम्बन्ध स्थापना गर्नु,
   संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु,
३. स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्नु आदि।

### ३.५.३ रणनिति

१. गाउँपालिका भित्रका शिक्षकहरू परिचालन गरी निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने,
२. कक्षा ९ का बालबालिकालाई लक्षित गरी विद्यालय स्तरमा जीवन उपयोगी सीप सत्र सञ्चालन गर्ने,
३. निरक्षर व्यक्तिहरूको तथ्याङ्कका आधारमा साक्षरता कक्षाका लागि सहयोगी कार्यकर्ता छनोट गरी कक्षा सञ्चालन गर्ने व्यवस्था गर्ने,
४. हाल पालिका भित्र सञ्चालनमा रहेका ३ वटा सामुदायिक सिकाइ केन्द्रहरूलाई भौतिक रूपमा सुदृढ बनाउने,
५. प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र पर्ने गरी थप ६ वटा केन्द्र स्थापना गर्ने,
६. सामुदायिक सिकाइ केन्द्रहरूलाई सामुदायिक पुस्तकालयको रूपमा विकास गर्ने,
७. स्थानीय कला, संस्कृति, लोकगाथा, परम्परा, इतिहास तथा पुरातात्त्विक महत्वका स्थान र मठ-मन्दिर सम्बन्धी सामग्री संकलन, प्रकाशन तथा प्रयोग गर्ने,
८. परम्परागत कला-कौशल तथा ज्ञान-सीप सम्बन्धी सामग्री तयार गरी प्रयोग गर्ने,
९. खुला तथा वैकल्पिक विद्यालय स्थापना गरी निरन्तर शिक्षामा जोड दिने,
१०. सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गर्ने,
११. सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने,

१२. सिकाइ आवश्यकता अनुसार पाठ्यक्रम, मोड्युल र भाषिक विविधता अनुकूल सामग्री प्रयोग गर्ने,
१३. साझेदारीमार्फत अनौपचारिक प्रौढ, वैकल्पिक, खुला तथा परम्परागत विद्यालय सुदृढीकरण गर्ने,
१४. सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय सूचना तथा सेवा केन्द्रका रूपमा विकास गर्ने,

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने,

### नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र स | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप पन्ध्र वर्ष भन्दा माथि (%) | ८१.५५ | ८१.५५ | ८५ | ८८ | ९० | ९५ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप पन्ध्र वर्ष भन्दा माथिका महिला (%) | ७६.६ | ७७ | ७८ | ८० | ८२ | ८९ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ० | ० | १ | १ | १ | १ |
| ४ | सामुदायिक पुस्तकालयको संख्या | ० | ० | २ | १ | १ | १ |

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्र स १ | प्रमुख क्रियाकलाय | एकाइ पटक | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दश वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | वटा | ० | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | गाउँपालिकालाई पूर्ण साक्षर सुनिश्चितता घोषणा | | ० | ० | ० | ० | १ | १ | ० | |
| ५ | सामुदायिक पुस्तकालयहरुको स्थापना र सञ्चालनलाई सामुदायिक सिकाइ केन्द्रसंग आबद्ध गर्ने | | | | | | | | | निरन्तर |
| ६ | सिकाइ प्रक्रियामा सूचना तथा प्रविधिको प्रयोग (रेडियो अनलाइन | | | | | | | | | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथाअफलाइन डिजिटल सामग्री तथा प्लेटफर्म विकास तथा सञ्चालन) | | | | | | | | | |
| ७ | सामुदायिक सिकाइ केन्द्रमा संयोजक र सहयोगी व्यवस्थापन | | | | | | | | | निरन्तर |
| ८ | आजीवन सिकाइका लागि मोडयुल तथा साम्रगी विकास (मौलिक तथा परम्परागत ज्ञान सहित ) र डिजिटलाइज गर्ने सीप प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

# प्ररिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### परिचय

पाठ्यक्रम औपचारिक शिक्षाको बाटो हो। यही बाटोमा मानिसलाई समुन्नतिको शिखरमा पुऱ्याउने औपचारिक शिक्षा रुपी साधन हिड्ने गर्दछ वा शिक्षा हिड्नु पर्दछ। कुनै मुलुक, प्रदेश, पालिका वा विद्यालयको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्दछ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले तय गर्दछ। यति मात्र नभई पाठ्यक्रमले उक्त बाटोमा सिकारुलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत पाठ्यक्रमले व्याख्या गर्दछ। पाठ्यक्रमले देखाएको बाटोमा सिकारु हिड्न सके नसकेको पहिचान नगरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित बाटोमा हिडेको भएमा सिकारुलाई पाठ्यक्रमले नै तोकेको बाटोमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ यसरी पाठ्यक्रम र मूल्याकनक एकै सिक्काका दुईपाटा भएर काम गरिरहेका हुन्छन्। अर्को शब्दमा भन्नुपर्दा मूल्याङ्कनको पाटोलाई समेत पाठ्यक्रमले आफूमा समाहित गरेर पाठ्यक्रम अघि बढ्ने गर्दछ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात् ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकुल समायोजन हुन रोजगारी प्राप्त गर्न पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। यसका साथै पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिक कारण सहित आत्मसात गर्ने, विभेद रहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ। मानवीय आवश्यकता, सिकारुको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक देखिन्छ।

शिक्षा क्षेत्र योजनाको प्रस्तुत खण्डमा नेपालमा विद्यालय तह (प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा १२ सम्म) को पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरिएको छ। शिक्षाको पाठ्यक्रम र मूल्याङ्कनका सवालहरूलाई समेत सतहमा उठान गरिएको छ। पाठ्यक्रम र सन्दर्भ सामग्रीको सवालमा माण्डवी गाउँपालिकाका प्रयासहरूलाई सन्दर्भ अनुसार जोड्ने काम समेत गरिएको छ। पाठ्यक्रमको सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ। पहिचान गरिएका चुनौती र अवसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा माण्डवी गाउँपालिका पाठ्यक्रम र मूल्याङ्कनलाई अझ सान्दर्भिक बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी यस योजनाका उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा, मुख्य-मुख्य कार्यक्रम तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ।

### ४.१.१ वर्तमान अवस्था

शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासंग मात्र सम्बन्धित हुदैन। देश काल परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसंग पनि सम्बन्धित हुन्छ। के पढाउने, कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो। स्थानीय तहहरू अहिलेको परिवर्तित परिवेशमा स्थानीय पाठ्यक्रम निर्माणको लागि जुटिरहेको देखिन्छ। आफ्नो

पालिकामा उपलब्ध विषय वा पाठ्यक्रम विज्ञ एवम् सो नभए अन्य प्रदेश वा राष्ट्रिय स्तरबाट पनि विज्ञको व्यवस्था गरेर पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने कार्य भइरहेको छ। यस्तै एउटा ज्वलन्त नमूनाको रूपमा रहेको माण्डवी गाउँपालिका हो। यस पूर्व स्थानीय वा ऐच्छिक विषय भनेर अङ्ग्रेजी भाषालाई अध्यापन गरिरहेका विद्यालयहरूले अहिले स्थानीय तहले बनाएको पाठ्यक्रमको आधारमा स्थानीय भाषा, सिप, पेसा, व्यवसाय, पर्यावरण, पर्यटन, प्रविधि, परम्परा, संस्कृति, पूर्वीय दर्शन, सामाजिक मूल्य मान्यता आदि जस्ता विषयवस्तु समेटेर तयार गरिएको हाम्रो माण्डवी हाम्रो माण्डवी गौरव नामको स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिरहेको अवस्था छ।

## चुनौती र अवसर

### चुनौती

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था गर्नु,

२. विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु,

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि स्थानीय तहको क्षमता विकास गर्नु,

४. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु,

५. पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु,

६. पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु,

७. पालिका स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु,

८. बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी भाषाको छनोट गर्नु, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा आदिको प्रयोग गर्नु,

९. विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन गर्नु,

१०. अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु,

११. पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्नु,

१२. मूल्याङ्कनलाई व्यावहारिक र प्रयोजनमूलक बनाउनु आदि पाठ्यक्रम, पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन्।

### अवसर

१. पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङकन प्रणालीमा कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्षभन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको आरम्भ हुनु, मूल्याङ्कन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुँदै जानु,

२. स्थानीय ज्ञान, सिप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने कार्यको आरम्भ हुनु,

३. तुलनात्मक रूपमा पहिलेको भन्दा पाठ्यपुस्तक छपाइ, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु, पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु,

४. पहिले जस्तो पाठ्यपुस्तकमा आधारित नभई अबका शिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको प्रकाशनमा बढोत्तरी हुँदै जानु,

५. विभिन्न मातृभाषामा पाठ्यपुस्तक र सन्दर्भसामग्रीहरू प्रकाशन हुँदै जानु,

६. वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भसामग्रीका इ-कपिहरू पढ्न मिल्ने गरी उपलब्ध हुँदै जानु,

७. प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत विद्यालयहरूमा बालबालिकाहरूका निम्ति कक्षाकोठाहरूमा सन्दर्भ सामग्रीहरू सहितका बुक कर्नरको व्यवस्था हुनु,

८. पालिकाहरूले आफ्नै परिवेश अनुकूलको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था हुनु,

### ४.१.२ उद्देश्यहरू

यस योजनाले पाठ्यक्रम, पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कनका उपक्षेत्रको लक्ष्यको रूपमा पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्बृद्ध पालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु रहेको छ भने यस सम्बन्धी उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्क्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी गर्नु,

२. पूर्वीय दर्शन, मानवीय मूल्यमान्यता र आदर्शलाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित किसिमबाट विकास गरी कार्यान्वयन गर्नु,

३.सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,

५. सिकारुलाई सिकाइ समस्याको समाधन उन्मुख, निरन्तर आवधिक तथा स्तरीकृत साक्षी प्रमाणमा आधारित मुल्याङ्कन पद्दतिको व्यवस्था गर्नु,

६. कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभई पाठ्यक्रममा आधारित बनाउनका लागि शिक्षालयको वातावण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु,

७. स्तरीय र सिकारुमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको लेखन र प्रकाशन गरी विद्यालय र विद्यार्थीहरुलाई सहज किसिमले उपलब्ध गराएर पठन संस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु,

८. पालिका स्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु,

### ४.१.३ रणनीति

उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिएको छ:

१) पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध र समुन्नत पालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनुका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारको विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने साथै कार्यान्वयनको मूल्याङ्कन आवधिक रूपमा गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्ने,

२) पूर्वीय दर्शन, मानवीय मूल्य मान्यता र आदर्शका साथै ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लैजानुका साथै विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गर्ने,

३) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयन गर्ने र यसको प्रभावका आधारमा सिकाइ प्रदान गर्ने साथै विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गर्ने,

४. सङ्घीय संरचनाअनुसार स्थानीय तहको सरकारबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने,

५) राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार स्थानीय स्तरमा विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने अत्यावश्यक सक्षमता र जिम्मेवारीको विकास गर्ने,

६) वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपद, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गर्ने र विद्यालयहरूलाई यसका लागि सक्षम बनाउँदै लैजाने,

७) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरुको विकास, परिमार्जन तथा समायोजन गरी डिजीटल अनलाइन सिकाइ पोर्टल सर्वशुलभ गराउने,

८) पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरु शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, बुद्धिजीवि, शिक्षाप्रेमी तथा अनुसन्धाता आदिको सहभागिता र भूमिकामा वृद्धि गर्ने,

९) स्थानीय तहबाट प्रकाशन हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्ने प्रतिस्पर्धात्मक प्रक्रिया अनुरुप पाठ्यपुस्तक विकास गर्ने, कागज तथा छपाइको गुणस्तरमा समेत सुधार गरी बहुप्रयोगको सम्भाव्यता परीक्षण गर्ने यसका साथै पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत क्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने,

१०) परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित, अपाङ्गमैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी भन्दा बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई जोड दिने,

११) बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गर्ने यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरुमा सिकाइ सहकारी भाषाभाषीलाई प्राथिमकता दिने,

१२) विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्न सक्षम बनाउँदै लैजाने,

१३) विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरुलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने,

१४) सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकासमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याउने,

१५) प्रत्येक सामुदायिक विद्यालयमा एक एक ओटा सूचना तथा प्रविधि र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोगमा थप ज्ञान र सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक सिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्ने,

१६) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न पालिकाले आफ्नो तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवारी र जवाफदेहिताको विकास गर्ने साथै भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोश निर्माण, तथा लेख्य परम्पराको विकास गर्ने कार्यको आरम्भ गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गर्ने,

१७) मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि पालिकाको सक्षमतालाई प्रभावकारी बनाउने,

१८) सङ्घीय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यका आधारमा पालिकामा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि मौजूदा संरचना पुनरावलोकन गर्ने,

१९) संघीय सरकार र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्ने,

२०) पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा नयाँ विकसित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने वा विकास गर्नुपर्ने सक्षमता यकिन गरी उनीहरूको पेसागत सक्षमता विकास योजनासमेत समावेश गरी पाठ्यक्रम कार्यान्वयन पूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाउने,

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

विद्यालय तह र उच्च शिक्षाको पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने

### नतिजा

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म र उच्च शिक्षाको समेत पाठ्यक्रम विकास भई कार्यान्वयन भएको हुने,

२) कक्षा १-३ मा व्यवहार कुशल सिपहरू सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकिकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने,

३) कक्षा १-८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको हुने,

४) प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तहसम्म विशेषतः कक्षा १-३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण भएको हुने,

५) बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार भएको हुने,

६) कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनुका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुने,

७) पाठ्यसामग्रीहरू अपाङ्गमैत्री तथा सामाजिक, सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने,

८) सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी भएको हुने,

९) पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक भएको हुने,

१०) पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित भएको हुने,

११) पाठ्यक्रम कार्यान्वयनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व बहन भएको हुने,

१२) पालिकास्तरको पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना भएको हुने,

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | सूचक | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागू भएका विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | | २८ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | | २८ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | ० | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २६ | २६ | २६ | २६ | | २६ |
| ५ | जलवायू परिवर्तन तथा उत्थानशिलता सम्बन्धी साम्रगी प्रयोग गर्ने विद्यालय संख्या | २६ | २६ | २६ | २६ | | २६ |
| ६ | स्थानीय पाठ्यक्रमलाई परिमार्जन तथा कार्यान्वयन | १ | १ | ० | ० | १ | ० |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नमुना पाठ्यपुस्तक विकास परीक्षण, पाठ्यक्रम कार्यान्वयन, शिक्षक निर्देशिका विकास, पाठ्यक्रम तथा पाठ्यसामी अभिमुखीकरण आदि गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयन | कक्षा/विषय | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| २. | विद्यार्थी मूल्याङ्कन-मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक, बाह्य) अन्तरगत नमुना साधन विकास, कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास विद्यार्थी मूल्याङ्कन-मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक, बाह्य) अन्तरगत नमुना साधन विकास, कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधीकरण (पृष्ठपोषण अभिलेखीकरण समेत) निर्देशिका कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकिकरण र अभिमुखीकरण | कक्षा/विषय | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| ३ . | पाठ्यक्रम तथा पाठ्यसामग्री अन्तर्गत समस्या तथा विकल्प पहिचान र संरचना तयारी, पाठ्यक्रम समायोजन, परिमार्जन तथा विकास पाठ्यसामग्री प्रयोगात्मक कार्यविधि विकास र पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण | पटक (सबै शिक्षक) | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| ४. | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा एकिकरण र अभिमुखीकरण | पटक (सबै शिक्षक) | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| ५. | सबै बालबालिकाहरुलाई नि:शुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| ६. | पाठ्यपुस्तकको बहुवर्षे प्रयोगको परीक्षण | कक्षा/विषय | तयारी | तयारी | परीक्षण | परीक्षण | कार्यान्वयन | | | निरन्तर |
| ७. | पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मार्फत शिक्षकको क्षमता विकास तालिम | | | | | | | | | |
| ८. | आधारभूत तथा माध्यमिक तहमा सार्वजनिक परीक्षा प्रणाली मार्फत शिक्षकको क्षमता विकास अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | निरन्तर |
| ९. | गाउँपालिका स्तरमा पाठ्यक्रम निर्माण एवम् परिमार्जन र पाठ्यपुस्तकको विकास र प्रकाशनका लागि उपयुक्त संरचनाको स्थापना | स्थानीय तह | ० | ० | १ | ० | ० | १ | | |
| १०. | विज्ञ समूह सहितको विद्यालय सुपरीवेक्षण तथा अनुगमन लगायतका प्राविधिक सहयोगका लागि स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको विकास | स्थानीय तह | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निरन्तर |
| ११. | स्थानीय तहले स्थानीय स्तरको पाठ्यक्रम र पाठ्यपुस्तक स्थानीय आवश्यकता, मूल्यनिष्ट समाज एवम् मानवता र पूर्वीय दर्शनको आधारमा तयार पार्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२. | शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३. | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरु गति लिने गर्दछन। शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह , विषय वस्तुको प्राप्त ज्ञान , शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तिव प्रर्दशनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य , व्यवसायिकरुपमा दक्ष, पेसा प्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

हाम्रो मुलुकमा शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरुले गरिरहेका छन। शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरवन्दीमा स्थायी पद पुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारीस गर्ने र शिक्षक वढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भइ आएका शिक्षकहरुलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरुबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रमाणीकरण तथा कस्टमाइज तालिम पाठ्यक्रम निमार्ण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछन भने प्रदेश शिक्षा तालिम केन्द्रहरुले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन्।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलकमा जस्तै यस गाउँपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्ने ,शिक्षक तयारी गर्ने ,कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थी सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने औचित्यपूर्ण शिक्षक आपुर्ति र वितरण गर्ने आदि सवालमा क्रमश: केही सकारात्मक कामहरु भएको देखिएता पनि त्यस सँगसँगै प्रसस्त चुनौतीहरु पनि देखिएका छन। अतः यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरुको मापन गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस गाउँपालिकाको सन्दर्भमा शिक्षक व्यस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरु कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षक व्यवस्थापनको विषयलाई स्थानीय तहले सर्वाधिक चासो लिनुको विषय हो। यद्यपि शिक्षा ऐन र नियमावली संशोधन नभएको कारण यसले मूर्त रुप लिन सकेको छैन। तथापि स्थानीय तहहरुले आफ्नो पालिकाभित्र शिक्षकहरुको सरुवा एवम करार नियुक्ति गर्ने कार्य गरिरहेका छन्।

माण्डवी गाउँपालिकाको सन्दर्भमा भने शिक्षक व्यवस्थापनमा सकारात्मक कार्यहरु सम्पादन गर्दै आएको छ। सर्वप्रथम त माध्यमिक तहका स्थायी शिक्षकहरु केही समिति विद्यालयमा कार्य गरिरहेका छन र अन्य विद्यालयहरुले दरबन्दीमा स्थायी शिक्षकहरु नपाई रहेको अवस्थाका कारण राहत, नीजि दरबन्दीका शिक्षकहरुबाट त्यस्ता विद्यालयहरु सञ्चालन भईरहेको अवस्था थियो। गाउँपालिकाले यो अवस्थामा सुधार गर्नका लागि एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गरी पठाएको छ। आफ्नै स्रोतमा विभिन्न प्राथमिक , निम्न माध्यमिक र माध्यमिक तहमा क्रमश: शिक्षकहरु नियुक्त गरी विभिन्न विद्यालयहरुमा पठाएको छ। गाउँपालिकाको यो कदमले विद्यालयहरुमा शिक्षकहरुको अपर्याप्तताबाट भएका समस्याहरुको समाधान भएको देखिन्छ।

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति २०७६ ले सबै विद्यालयका योग्य तथा सक्षम विषयगत शिक्षकको विकास गर्दै उनीहरुको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थी सिकाइ उपलब्धिसंग जोड्ने नीति अघि सारेको छ। नेपालको चौधौँ योजना २०७६-२०७७ देखि २०८०-२०८१ सम्म पेसामा अब्बल प्रतिभाहरुलाई आर्कषित गर्न विश्वविद्यालयहरुमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिहरुलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षकसेवा आयोगको नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी हुनका लागि शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा पर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिईने अवस्थामा सुधार हुदै गएको छ।

शिक्षक सेवा आयोगद्धारा सञ्चालित परिक्षामा सम्मिलित हुने युवाहरु र त्यसमा पनि महिलाहरुको यस पेसा प्रति उल्लेख्य उपस्थिति रहेको पाइन्छ। नेपाल सरकारले शिक्षकको बढुवा प्रणालीलाई सबैको पहुँचमा पुऱ्याउनका लागि शिक्षक सरुवा सम्बन्धी निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याएको छ।

शिक्षक सेवा आयोगले शिक्षकको निम्ति लिइने परीक्षामा कानुन बमोजिम आरक्षणको व्यवस्था गरेको छ। यसले शिक्षण पेसालाई समावेशी बनाउन सहयोग पुगेको भएता पनि विद्यार्थी र विद्यालयहरुलाई अब्बल शिक्षक पाईने सवालमा अवरोध भएको जन गुनासोहरु आएको अवस्था छ। यसका अतिरिक्त विद्यालय र कक्षा कोठालाई नैतिक आचरण, कम्प्युटर सम्बन्धी दक्षता बालवालिका प्रति सकारात्मक प्रवृति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्व दिने स्वभावको शिक्षकको आवश्यकता भएता पनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनोटका लागि योगदान गर्न नसकेको देखिन्छ।

नेपालमा विद्यालयको उच्च माध्यमिक तह र विश्वविद्यालयले सञ्चालन गर्दै आएका वि.एड. / एम एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ। यस्ता कार्यक्रमहरुमा विद्यार्थी भर्नाका आधारहरुमा न्यूनतम ग्रेड तोकिएको हुदाँ यस परिणामस्वरुप विश्वविद्यालयका यी कार्यक्रमहरुमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ। शिक्षक सेवा आयोग नियमावली २०५७ बमोजिम शिक्षा शास्त्रबाट कक्षा १२ उत्तीर्ण एवम् विश्वविद्यालयवाट वि.एड. वा एम. एड गरेपछि अध्यापन अनुमति पत्रका लागि योग्य मानिन्छ।

शिक्षा ऐन २०२८ (संशोसोधन सहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा सो सरह अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तहबाट उत्तीर्ण गरी एक वर्षे वि. एड. पश्चात अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने व्यवस्था रहेको छ। शिक्षक अनुमति पत्रको परीक्षा सञ्चालन शिक्षक सेवा आयोगले गर्दै आएको छ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। शिक्षा विज्ञान तथ प्रविधि मन्त्रालय र विश्वविद्यालयहरुबिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन। यसै गरी यसमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरु जस्तै स्थायी, अस्थायी, राहत, शिक्षण सिकाइ अनुदान, गाउँ तथा नगरपालिका अनुदान, विद्यालयको नीजिस्रोत शिक्षक आदि छन। विभिन्न प्रकारका शिक्षकहरुका सेवाको सर्त र सुविधाहरु पनि फरक फरक छन। शिक्षकको कार्य सम्पादन मूल्याङ्कन वढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई

विद्यार्थीको सिकाइ उपलब्धिसंग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन।

विद्यालय तहको पाठ्यक्रम प्रारुप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समुहकार्यमा आधारित, सामुहिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ ।२०७६ ले सुचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ। बालवालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हाल सम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना, तथा कार्यक्रमहरुले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर बृद्धि गर्न जोड दिएको छ। जसका कारण विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सृजना गर्ने जस्ता प्रयास भए तापनि अपेक्षित उपलब्धि प्राप्त भएको पाईदैन।

विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका छन। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणिकरण तालिम सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो। यति हुँदा पनि हाम्रा शिक्षकलाई एकातिर कक्षा कोठामा शिक्षण सिकाई क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरु छनोट गरेर शिक्षण गर्न सकिएको छैन। कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, श्रोतको कमि, उच्च गतिको इन्टरनेट सेवाको कमि, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षिक सामाग्रीको कमी, उपयूक्त कार्य वातावरणको कमी आदिका कारण कक्षा कोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ। नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स.२०२८ मा लागू भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले लिडर र फिडर विद्यालयको अवधारणा अघि पनि सारेको थियो। यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरुको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) हुँदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रुपमा धैरै परियोजना र कार्यक्रमहरु कार्यान्वयनमा आए। अध्ययन गर्दा ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ।

ग्रामिण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परिचालनदेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरु स्थापना भएर स्रोत केन्द्र मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आएको थियो। स्रोत केन्द्रले आफ्नो सेवाक्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरुसँग नियमित बैठक गर्ने शैक्षिक सामग्री निमार्ण तथ प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अवलोकन गर्ने पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरु सञ्चालनमा सहयोग गर्ने, शैक्षणिक योजानहरु निमार्णमा सहयोग गर्ने, शिक्षकहरुबिचको अन्तरक्रिया गराउने आदि कार्यहरु हुने गर्थे। सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोत केन्द्र विघटनसंगै स्रोतकेन्द्रबाट हुँदै आएका कार्यहरुमा अवरोध भएको छ।

स्रोतकेन्द्रले सम्पादन गर्दै आएका कामहरु समेत स्थानीय तहले गर्नुपर्ने भएता पनि कतिपय स्थानीय तहहरुमा शिक्षक सेवाका कर्मचारीहरु स्पष्ट कानुन र नीति निर्देशिकाको अभावका कारण कार्यसम्पादनमा प्रभावकारिता देखिएको छैन। राष्ट्रिय शिक्षा निति २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, दिगो विकास लक्ष्य (२०१६ २०३०) अनुसार सिकाइ आदान प्रदान, क्षमता विकास, प्रविधि हस्तानतरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन

भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सङघसंस्थाहरुबीच सञ्चालन विकास गर्न अतिकम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

शिक्षाका पुराना संरचनाहरु विघटन भएको र नयाँ संरचनाको विकास पनि नभइसकेको अवस्थामा अन्य मुलुक झै हाम्रो माण्डवी गाउँपालिका र समग्र मुलुकमा नै प्रचलनमा भएका शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु जस्तै : कन्फरेन्स, सहपाठीसंगको अन्तरक्रिया, प्रतिविम्वित अभ्यास आदि दिशाविहीन भएको अवस्था छ । पेसागतरुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइ सुधार आउन सक्छ । यसै कुरालाई आत्मसाथ गरी पन्ध्रौं योजनामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमश: वा अलगै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमतमको मापदण्ड निर्धारण गरी सो को आधारमा निरन्तर पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । यसै गरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, कहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा निति २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु जस्तै कष्टमाइज तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, शिक्षक सञ्जाल, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान, मनिटरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्रतासंगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट सञ्चालन गरिने उल्लेख छ ।

### चुनौतीहरु

१. विद्यालयहरू यातायात र पूर्वाधारमा सीमित पहुँच
२. पर्याप्त स्रोतसाधनको अभाव
३. शिक्षक मनोबल र प्रेरणा कमी
४. कम तलब व्यावसायिक बृद्धिको लागि सीमित अवसरहरू
५. विषयगत शिक्षकको अभाव तथा असन्तुलित वितरण
६. शिक्षण पेसामा उत्कृष्ट जनशक्ति आकर्षित गर्न
७. शिक्षक कार्यसम्पादन र विद्यार्थी उपलब्धिबिच प्रभावकारी सम्बन्ध स्थापना गर्न
८. प्रविधिमैत्री शिक्षण सिकाइ विस्तार गर्न
९. शिक्षक सरुवा, वृत्ति विकास तथा पुरस्कार प्रणालीलाई पारदर्शी बनाउन

### अवसर

१. विद्यालयमा अनुदान मार्फत न्यूनतम शिक्षक सङ्ख्या रहने व्यवस्था
२. स्थानीय तहबाट विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा थप शिक्षक व्यवस्था
३. डिजिटल प्रविधिको बढ्दो प्रयोग
४. सङ्घ र प्रदेशको समन्वय
५. स्थानीय तहको शिक्षाक्षेत्रमा बढ्दो लगानी

### ४.२.२ उद्देश्यहरु

उपर्युक्त चुनौती र अवसरहरुका आधारमा यस गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजनानमा शिक्षक व्यवस्थापन र विकासको लक्ष्य पर्याप्त सङ्ख्यामा भएका पेसा प्रति समर्पित र दक्ष शिक्षहरुबाट बालबालिकाको सिकाइ उपलब्धि प्रति उत्तरदायी भइ सहजीकरण गर्नु रहेको छ भने योसंग सम्बन्धी उद्देश्यहरु देहाय बमोजिम निधार्रण गरिएका छन:

१. शिक्षक तयारी प्रणालीलाई गुणस्तरीय बनाउनु,
२. शिक्षक छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ गर्नु,
३. विषयगत दक्षता र योग्यता सुनिश्चित गर्नु,
४. निरन्तर पेसागत विकास प्रणाली स्थापना गर्नु,
५. शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,
६. प्रविधिमैत्री तथा नवप्रर्वद्धनमुखी शिक्षण प्रवर्द्धन गर्नु,

### ४.२.५ रणनीतिहरु

यस योजनाका रणनीतिहरु देहायवमोजिम रहेका छन :

१. शिक्षक सक्षमता प्रारुप अद्यावधिक गरी कार्यान्वयन गर्ने,
२. विद्यालयको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने,
३. प्रत्येक शिक्षकलाई नियमित सेवाकालिन तालिम प्रदान गर्ने,
४. विषयगत शिक्षक सञ्जाल गठन गरी अनुभव आदान प्रदान गर्ने,
५. कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गर्ने,
६. ICT मा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिने,
७. उत्कृष्ट शिक्षकलाई पुरस्कार तथा प्रोत्साहन उपलब्ध गराउने,

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको हुने,

#### नतिजा

१. सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर पठनपाठन नियमित गर्नका लागि सट्टा शिक्षकको व्यवस्था गरिने,
२. शिक्षक सक्षमता प्रारुपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास भएको हुने,
३. शिक्षक तयारीका कोर्षहरुमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार भएको हुने,
४. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने,
५. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने,

६. पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने,

७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्यसम्पादनमा सुधार भएको हुने,

८. विधालयमा हुनुपर्ने न्युनतम शिक्षकका साथै शिक्षक विधार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण र शिक्षकको आपूर्ति नियमित रुपमा भएको हुने,

९. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ट आधार सहितको पद्धति स्थापित भएको हुने,

१०. पारदर्शी वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्धति स्थापित भएको हुने,

११. शिक्षकहरु राजनैतिक आस्थाका हिसाबले हुने गुठ उपगुठ र झुण्डलाई छाडेर विद्यार्थीको सिकाइ उपलब्धिमा समर्पित हुनुका साथै आफू स्वयंमको पेसागत विकासका लागि एउटै साझा संस्थामा आवद्ध हुने भएका कारण शिक्षकहरुमा पेसाप्रतिको समर्पण र विद्यार्थी प्रतिको सेवाभाव उच्च भएको हुने,

१२. शिक्षण सिकाइ क्रियाकलापलाई नियमित गर्न शिक्षक नियुक्ति व्यवस्थित भएको हुने,

१३. शिक्षण पेसामा नयाँ शिक्षक प्रवेश गराउन अनिवार्य अवकास हुनु अगावै स्वेच्छिक सेवा रोज्ने शिक्षकलाई विशेष प्रोत्साहनको व्यवस्था भएको हुने,

### नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षकहरुले तोकिएको योग्यता प्राप्त गर्ने % | ६० | ७० | ८० | ९० | १०० |
| २ | प्रारम्भिक बालविकास शिक्षकहरुले बालविकास सम्बन्धी आधारभूत तहको तालिम प्राप्त गर्ने (जना ) | २० | २५ | २८ | ३२ | ३४ |
| ३ | शिक्षक पेसागत सहयोग प्रणाली लागू (पटक) | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण हुने विद्यालय (सङ्ख्या) | २ | ५ | ९ | १५ | १८ |
| ५ | विषयगत रोष्टर शिक्षकद्वारा शिक्षण सिकाइ क्रियाकलापको अनुगमन तथा पृष्ठपोषण प्रदान (पटक) | १ | १ | १ | १ | १ |
| ६ | विद्यालयमा प्रधानाध्यापक छनौटका निम्ति निर्देशिका तयार | १ | ० | ० | ० | ० |

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्र स | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५५ | २०८६ | | | |
| १ | शिक्षकहरुका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ट मापदण्ड बनाइ कार्यान्वयन गर्ने | सबै शिक्षक | | | | | | | | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सरुवा तथा पदस्थापनका लागि पूर्वानुमान योग्य र वस्तुनिष्ट कार्यविधि निर्माण एवम् अद्यावधिक गरिने | दरबन्दी सृजना तथा वितरण | | | | | | | | निरन्तर |
| ३ | स्थानीय तहबाट दरबन्दी सृजना करार सेवा व्यवस्थापन गरी नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने | निरन्तर | | | | | | | | आवश्यकताका आधारमा |
| ४ | बालविकास शिक्षक र विद्यालय कर्मचारीलाई कम्तिमा एक शैक्षिक मजदुरले पाउनुपर्ने सेवा सुविधा नघटाइ पाउनु पर्ने सङ्घले दिएको सेवा सुविधामा थप गरी त.भ. उपलब्ध गराउने | बालविकास केन्द्रका शिक्षक | | | | | | | | निरन्तर |
| ५ | नयाँ नियुक्ति पाएका शिक्षकलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | १ | निरन्तर |
| ६ | प्रत्येक माध्यमिक तहको विद्यालयमा कम्तिमा एक सुविधा सम्पन्न ICT ल्यावको प्रबन्ध गर्ने | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | २६ | ० | |
| ७ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकबाट शिक्षकलाई विद्यालयको सिकाइ उपलब्धिको आधारमा प्रोत्साहनको व्यवस्था गर्ने | कार्यविधि बनाउने | | | | | | | | निरन्तर |
| ८ | प्रत्येक शिक्षकलाई प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकाले प्रकाशित गरी सम्प्रेषण गर्ने | सबै स्थायी शिक्षक | | | | | | | | निरन्तर |
| ९ | सहपाठी कक्षा अवलोकन गर्ने | सबै शिक्षक | | | | | | | | निरन्तर |
| १० | कार्यविधिमा सिकाइका लागि विषयगत शिक्षकहरुको इ-सञ्जाल बनाउने | पटक | १ | ० | ० | ० | ० | १ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने | सम्पूर्ण विद्यालय | | | | | | | | निरन्तर |
| १२ | लामो समय सुत्केरी विदा बस्ने महिला शिक्षकको विदा अवधि भर नियमित शिक्षण गर्न सट्टा शिक्षकको व्यवस्थापन गर्ने | गाउँपालिका | | | | | | | | निरन्तर |
| १३ | स्थायी शिक्षक नआउँदासम्म बैकल्पिक सूचीका शिक्षकहरुलाई करार नियुक्ति दिइ काममा लगाउने | गाउँपालिका | | | | | | | | निरन्तर |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ । यहि विविधताले नेपाली समाजको पहिचान तथा सामर्थ्यलाई प्रतिनिधित्व गर्छ भने यही विविधताका कारण विभिन्न समुदायले ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेदीकरण र वञ्चितीकरणको अनुभव पनि गर्दै आएका छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ । त्यसैगरी भौगोलिक तथा क्षेत्रगत, आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ । विभिन्न किसिमका

अपाङ्ग भएका बालबालिका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ ।

विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गरी सिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गर्न र हटाउन आवश्यक छ । शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु भनेको विद्यालय उमेरका बालबालिकालाई कुनै पनि प्रकारको अवरोधविना विद्यालयमा प्रवेश गर्ने हक सुनिश्चित गर्नु हो । यसका लागि विद्यालयमा भर्ना भएका वालवालिकालाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी वन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ । विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक र आर्थिक अवस्था आदि) लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ । एकीकृत समता रणनीति २०७१ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्क सहित अवधारणात्मक कार्य ढाँचा प्रदान गरेको छ । सूचकाङ्क सहित अवधारणात्मक कार्य ढाँचा प्रदान गरेको छ ।

### ४.३.१ वर्तमान अवस्था

नेपालमा हालका केही दशकहरूमा विद्यालय तहको विद्यार्थी भर्नादरमा उत्साहजनक प्रगति भएको छ । सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रवन्ध, प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो । यद्यपि पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानताहरू कायम रहेका छन् । एकीकृत समता रणनीतिअन्तर्गत जिल्ला तथा स्थानीय तहहरूलाई समता सूचकाङ्कका आधारमा वर्गीकरण गरिएको छ। शैक्षिक सुविधाहरूको समतामूलक पहुँचमार्फत पछि परेका समूह (जनजाति, दलित, मुस्लिम समुदाय तथा अपाङ्गता भएका विद्यार्थी) को शैक्षिक सूचक (खुद भर्नादर, उत्तीर्ण, चक्र पूरा गर्ने तथा तह पूरा गर्ने दर) मा सुधार भएको पाइयो ।

नेपालले महिला तथा अपाङ्ग भएका व्यक्तिको शिक्षाका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा घोषणाहरूमा प्रतिबद्धता जनाएको छ । यस्ता घोषणा तथा प्रतिवद्धताहरूमा अपाङ्ग भएका व्यक्तिहरूका लागि समान अवसर प्रदान गर्ने संयुक्त राष्ट्र सङ्घीय स्तरीकृत नियमहरू, १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्ग भएका व्यक्तिहरूको दशक, १९९३-२००२, सालामान्का घोषणा, १९९४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

तथा संयुक्त राष्ट्रसङ्घीय अपाङ्ग भएका व्यक्तिको अधिकारसम्वन्धी महासन्धि, २००६ लगायतका छन् । संयुक्त राष्ट्रसङ्घीय अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्ग भएका बालबालिकाले अन्य वालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यसले अपारंग भएका बालबालिकाको अधिकारको प्रत्याभूति गर्छ ।

सबैका लागि शिक्षा डकार कार्यढाँचा (२०००) ,दिगो विकास लक्ष्यले निर्धारण गरेका शिक्षासम्बन्धी लक्ष्य हासिल गर्ने दिगो विकासका लक्ष्य नं ४ ले शिक्षालाई समतामूलक तथा समावेशी बनाउनका लागि महत्वपुर्ण भूमिका निर्धारण गरेको छ । नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्ग भएका व्यक्ति तथा सामाजिक आर्थिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । शिक्षामा समता र समावेशिता सम्बन्धी कार्यक्रमलाई निर्देशित गरी कार्यान्वयनमा सहजीकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एकीकृत समता रणनीति, २०७१ तयार गरेको छ । त्यसै गरी वालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले पनि समावेशी शैक्षिक वातावरणका लागि आधार तयार गरेको छ । यी सन्दर्भलाई आधार मानि गाउँपालिकाले पछाडी परेका वर्ग र समुदायको शिक्षा प्राप्त गर्ने अवसर गुणस्तरिय शौचालय अपाङ्गमैत्री संरचनाहरु निर्माण रोजगारीमा आरक्षण विद्यालय पोशाक वितरण जस्ता कार्यक्रमहरु संचालन गरेको छ । माण्डवी गाउँपालिकामा जम्मा २८ विद्यालयहरू छन् जसमध्ये २६ सामुदायिक विद्यालय र २ संस्थागत विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी ३७ वटा बालविकास केन्द्रहरू रहेका छन् जसमध्ये ३५ सामुदायिक र २ संस्थागत बालविकास केन्द्रहरू सञ्चालनमा छन् । वि. स. २०८२ को EMIS तथ्याङ्क अनुसार बालविकास केन्द्र र विद्यालयहरूमा १९ गरी जना अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्रदान गर्ने कानुनी व्यवस्था गरिएको छ । जातीयताको हिसाबले दलित तथा जनजाति समेतलाई पछाडि परेको वर्गको रूपमा लिइन्छ । यस माण्डवी गाउँपालिका कक्षा १-८ विद्यार्थी कुल भर्नामा दलितको प्रतिशत २१.२५ रहेको छ भने कक्षा ९- १२ मा १७.७३ प्रतिशत मात्र रहेको देखिन्छ । तथ्याङ्क केलाएर हेर्दा माध्यमिक तहमा दलित विद्यार्थीको सङ्ख्या क्रमश: घट्दै गइरहेको देखिन्छ । यस तर्फ निश्चित कदमहरू चाल्नु पर्ने देखिन्छ

समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुन सकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहारा विहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लागत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अद्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन ।

### समस्या तथा चुनौतीहरू

१. माथि उल्लिखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको वर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतीहरू निम्न रहेका छन् :

२. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन विश्लेषण र अभिलेखीकरण हुन नसक्नु ,

३. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु,

४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,

५. समाजमा अझैपनि विभेद, दुर्व्यवहार, हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ,

६. समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु,

### ४.३.२ उद्देश्य

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द प्रभावित तथा सामाजिक कारणले वञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु,

३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु,

४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जबाफदेही बनाउनु,

५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,

६. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चितता गर्नु,

### ४.३.३ रणनीति

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने

२. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गर्ने,

३. आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने,

४. आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने,

५. शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गर्ने,

६. आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने,

७. सिकाइ क्रियाकलापलाई सहभागिता मूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गर्ने,

८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गर्ने,

९. विद्यालयमा अभिभावकको सहभागिता बढाउने,

१०. शिक्षण गर्ने सीप युक्त जनशक्तिको व्यवस्था गर्ने,

११. समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

#### नतिजा

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष ०८१/८२ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | स्थानीय तह | १ | १ | १ | १ | १ | १ |
| २ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवं प्रोत्साहन प्राप्त गरेको विद्यालय सङ्ख्या | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने<br>विद्यालय सङ्ख्या | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लैङ्गिक मैत्री बनाउनु | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | २६ | | |
| ३ | गरिबीकै कारणले पढाइ छोड्ने स्थितिमा रहेका बालबालिकाहरूलाई लक्षित गरि निश्चित मापदण्ड निर्माण गरी छात्रवृत्तिको व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | विद्यालय स्तरमा हुने अतिरिक्त, निरन्तर क्रियाकलापहरूमा समता तथा समावेशिता जस्ता मुद्दाहरूलाई पनि प्रवेश दिइने | विद्यालय | | | | | | | | सबै विद्यालयमा |
| ५ | शिक्षकहरूलाई समता तथा समावेशिकरणको विषयमा २ दिने तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र समितिको गठन गरी सो कार्यविधि सम्बन्धी निश्चित पदाधिकारीहरूलाई अभिमुखीकरण प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | | विद्यालय | | | | | | | | एक पटक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयमा सुझाव पेटिका सहयोग गर्ने | | | | | | | | | |
| ८ | विद्यालयमा दण्ड रहित शिक्षाको अवधारणा लागू गर्ने | विद्यालय सबै | | | | | | | | सधैँभरी |
| ९ | छात्राहरूलाई लक्षित गरी घरमा पनि पढ्ने वातावरण सृजना गर्ने | विद्यालय सबै | | | | | | | | घरपरिवार |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

बालबालिकाको स्वास्थ्य पोषण, र शिक्षाका महत्वपूर्ण समस्याहरूलाई सम्बोधन गर्न नेपालमा आ.व. २०७७/२०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि विद्यालयमा दिवा खाजा व्यवस्थापन गरिएको छ । नेपालमा विद्यालय खाद्य र पोषण कार्यक्रमले बाल स्वास्थ्य, पोषण र शिक्षाको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्छ । नेपाल सरकारले र विश्व खाद्य कार्यक्रम जस्ता संस्थाहरूको सहयोगमा, यो पहल खाद्य असुरक्षा विरुद्ध लड्न र शिक्षा र पोषण मार्फत दीर्घकालीन विकासलाई बढावा दिने बृहत्तर रणनीतिको एक हिस्सा हो । कुपोषणलाई सम्बोधन गर्ने र विद्यालय भर्ना र अवधारणलाई समर्थन गर्ने उद्देश्यका साथ सुरु गरिएको, कार्यक्रमले विशेष गरी दुर्गम र पिछडिएका क्षेत्रहरूको विद्यालयमा बालबालिकाहरूलाई दैनिक पोषणयुक्त खाना उपलब्ध गराउनमा केन्द्रित छ । दिवा खाजा कार्यक्रमले धेरै बालबालिकाहरू, विशेष गरी सीमान्तकृत समुदायका, नियमित रूपमा विद्यालयमा भर्ना हुन र उपस्थित हुन प्रोत्साहित गरेको छ ।

विद्यालयहरूमा सरसफाइ विद्यार्थी, कर्मचारी र समुदायको स्वास्थ्य, सुरक्षा र कल्याणको लागि महत्त्वपूर्ण छ। विद्यालयहरू जहाँ बच्चाहरूले एकअर्कासँग नजिकबाट अन्तरक्रिया गर्छन कम सरसफाइ र अशुद्ध वातावरणले फ्लू, रुघाखोकी, छालासम्बन्धी रोगजस्ता संक्रामक रोगहरू छिटो फैलिन सक्छ । उचित हात धुने सुविधा, सफा शौचालय, र कक्षाकोठा र सतहहरूको नियमित सफाईले ब्याक्टेरिया, भाइरस र अन्य रोगजन्य किटाणुहरूको फैलावटलाई कम गर्छ, जसले विद्यार्थीहरूलाई स्वस्थ र विद्यालयमा राख्न मद्दत गर्छ । विद्यालयहरूले बालबालिकाहरूलाई नियमित हात धुने, व्यक्तिगत सरसफाइ जस्ता जीवनभर सरसफाइका बानीहरू सिकाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । विद्यालयमा बालबालिकालाई सरसफाइको बारेमा सिकाउँदा उनीहरूलाई यी बानीहरू घरमा र उनीहरूको समुदायमा अभ्यास गर्न सशक्त बनाउँछ, जसले समग्र सार्वजनिक स्वास्थ्य सुधारमा योगदान पुर्‍याउँछ । सफा विद्यालय वातावरण राम्रो मानसिक स्वास्थ्यसँग सम्बन्धित छ, किनकि अव्यवस्था र फोहोरले अराजक वातावरण सिर्जना गर्न सक्छ, जसले बानी र व्यवहारलाई नकारात्मक रूपमा असर गर्छ।

### ४.४.१ वर्तमान अवस्था

सन्तुलित भोजन प्रदान गरेर, कार्यक्रमले कुपोषणलाई सम्बोधन गर्दछ, जुन नेपालका धेरै भागहरूमा एक महत्त्वपूर्ण मुद्दा हो, जहाँ बच्चाहरूले पौष्टिक खानामा नियमित पहुँच गर्न सक्दैनन् । उचित पोषणले बालबालिकालाई विद्यालयमा राम्रोसँग ध्यान केन्द्रित गर्न, सिकाइ नतिजा र समग्र विद्यालय उपस्थिति दरमा सुधार गर्न मद्दत गर्छ । कार्यक्रमले प्रायः उत्पादनलाई प्रोत्साहन गर्दछ ।

आर्थिक वर्ष २०७६/७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम सुरु गरे पश्चात यस माण्डवी गाउँपालिकाका प्रारम्भिक बालविकास र कक्षा १ देखि ५ सम्म सञ्चालित २६ विद्यालयमा २०८१ सालमा जम्मा २८६० जना विद्यार्थी १३७७ बालिकार १४८३ लाभान्वित भएका छन् । साथै पालिकाबाट विद्यालय दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ पालना गरी विद्यालय दिवा खाजामा पूर्णरूपमा जंक फुड र प्याकेज फुड निषेध गरी व्यवस्थापन गर्ने प्रयास गरिएको छ । शैक्षिक सत्र २०७६/७७ देखि स्वास्थ्य सेवा कार्यक्रम सुरु भएको छ र सबै २०८० सालमा २६ वटा विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गरिएको छ । यस अन्तर्गत स्वास्थ्य सेवा प्रदायक निकायहरूसँग समन्वय र सहकार्य गरी विद्यालयहरूले आवधिकरुपमा जुका औषधी (वर्षको २ पटक), भिटामिन A तथा आइरन फोलिक एसिड चक्की (किशोरीहरूलाई मात्र) खुवाउने लगायत अन्य पोषण तथा स्वास्थ्यसम्बन्धी क्रियाकलापहरू सम्पादन गरिएको छ ।

माध्यमिक तह ९-१२ कक्षा किशोरीका लागि फोलिक एसीड तथा आइरन चक्की र सेनेटेरी प्याड तथा विद्यालयले किशोरी गुनासो सुनुवाईको कार्यक्रम लागू गरिएको छ। मानसिक स्वास्थ्यको लागि परामर्श सेवाको पनि व्यवस्था गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू २४, खानेपानीको आफ्नै स्रोत भएका विद्यालय न्युन छ, खानेपानीको बाहिरी स्रोत भएका विद्यालय २६ छन। विपद् तथा जोखिम व्यवस्थापनको तयारीको लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

### चुनौतीहरु

दिवा खाजा सहित स्वास्थ्य पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. धेरै विद्यालयहरूमा उचित भान्सा, उपकरण, वा खाना तयार गर्न र सेवा गर्न प्रशिक्षित कर्मचारीको अभाव छ, जसले खाना वितरणको दक्षता र गुणस्तरलाई असर गर्न सक्छ।
२. स्थानिय उत्पादन न्युन हुनु र खानेकुराहरूलाई उचित भण्डारण सुविधा नहुँदा खानाको गुणस्तर र उपलब्धता दुबैलाई असर पर्न सक्छ।
३. अभिभावक र समुदायको संलग्नता कम छ।
४. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
५. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न।
६. दिवा खाजाका लागि उपयुक्तता पौष्टिक आहारको सुनिश्चत गर्न।
७. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि र व्यापारसंग जोड्न।
८. दिवा खाजा व्यवस्थापन, सरसफाइ तथा स्वच्छता कार्यान्वयन फितलो छ।

### ४.४.२ लक्ष्य तथा उद्देश्यहरु

१. प्राथमिक उद्देश्य भनेको सामुदायिक विद्यालयहरूमा विशेष गरी खाद्य असुरक्षित क्षेत्रका बालबालिकाहरूलाई दिनको कम्तिमा एक पटक पौष्टिक खाना उपलब्ध गराउनु हो। यसले कुपोषण र सम्बन्धित स्वास्थ्य समस्याहरू कम गर्न मद्दत गर्दछ।

२. निः शुल्क खाना प्रदान गरेर, कार्यक्रमले विशेष गरी केटीहरू र सीमान्तकृत बालबालिकाहरूको लागि विद्यालय भर्नालाई बढावा दिन र परिवारहरूलाई आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन प्रोत्साहन प्रदान गरेर उपस्थिति दर सुधार गर्ने लक्ष्य राखेको छ।

३. राम्रो पोषण भएका बालबालिकाहरू कक्षामा ध्यान केन्द्रित गर्न सक्षम हुन्छन्, जसले गर्दा शैक्षिक कार्यसम्पादनमा सुधार हुन्छ र छाड्ने दर कम हुन्छ।

४. जहाँ सम्भव छ, कार्यक्रमले स्थानीय रूपमा खाद्यान्नको स्रोतलाई प्रोत्साहन गर्छ, जसले स्थानीय किसान र अर्थतन्त्रलाई मात्र सहयोग गर्दैन तर समुदायमा खाद्य सुरक्षा निर्माणमा पनि मद्दत गर्छ।

५.घरायसी कर्तव्यका कारण प्रायः विद्यालय बाहिर राखिने छात्राहरू लगायत कमजोर जनसङ्ख्यालाई लक्षित गरेर, कार्यक्रमले शिक्षामा लैङ्गिक अन्तर घटाउन योगदान पुऱ्याउँछ।

६.कार्यक्रमले बच्चाहरूलाई पोषण र सन्तुलित आहारको महत्त्व सिकाउँछ, स्वस्थ खाने बानीहरू विकास गर्छ।

७. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु

८. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ :

१. विद्यालयहरूमा हालको स्वास्थ्य, पोषण, र सरसफाइ अवस्थाहरूको विस्तृत मूल्याङ्कन गरिने छ। प्रत्येक विद्यालयको विशेष आवश्यकताहरू पहिचान गरिने छ, जस्तै सरसफाइ सुविधाको अभाव, कुपोषण समस्याहरू, वा खाना वितरणमा अन्तर, स्वास्थ्य चुनौतीहरू, उपस्थिति दरहरू, र खाद्य असुरक्षा स्तरहरू।

२. विद्यालयहरूमा पोषण, स्वास्थ्य, र स्वच्छता सुधार गर्न स्पष्ट, मापनयोग्य लक्ष्यहरू सेट गरिने छ। यसमा कुपोषण दर घटाउने, सरसफाइ पूर्वाधार सुधार गर्ने वा विद्यालय भोजन कार्यक्रममा १००५ सहभागिता हासिल गर्ने जस्ता लक्ष्यहरू समावेश हुन सक्छन्।

३. कार्यक्रम कार्यान्वयन र दिगो लागतको रूपरेखा सहित विस्तृत बजेट तयार गरिने छ। यसमा खाद्य, स्वास्थ्य र सरसफाइको आपूर्ति, पूर्वाधार विकास, तालिम र अनुगमनका लागि कोष समावेश गरिने छ।

४.सन्तुलित आहार सुनिश्चित गर्दै बालबालिकाको पोषण आवश्यकताहरू पूरा गर्ने विद्यालयको भोजन मेनुहरू विकास गरिने छ।

५.दिगोपन सुनिश्चित गर्न र स्थानीय कृषि प्रवर्द्धन गर्न स्थानीय रूपमा स्रोत सामग्रीहरूमा फोकस गरिने छ।

६.विद्यालयहरूमा, विशेष गरी दुर्गम क्षेत्रहरूमा ताजा, पौष्टिक खानाको नियमित डेलिभरीको साथ भरपर्दो खाद्य आपूर्ति श्रृंखला स्थापना गरीनेछ। खाद्य सुरक्षा सुनिश्चित गर्न र खराब हुनबाट जोगिन खाद्य भण्डारणका लागि संयन्त्रहरू लागू गरिने छ।

७.खानेपानी, खाना पकाउनको लागि सफा पानी, सरसफाइ सुविधाहरू उपलब्ध सुनिश्चित गरिने छ।

८.विद्यालयहरूलाई साबुन, हात धुने स्टेशन, र केटीहरूको लागि महिनावारी स्वच्छता व्यवस्थापन सामग्रीहरू प्रदान गरिने छ।

९.विद्यार्थीहरूको वृद्धि अनुगमन गर्न, कुपोषणका प्रारम्भिक लक्षणहरू पत्ता लगाउन, र तिनीहरू राम्रो स्वास्थ्यमा छन् भनी सुनिश्चित गर्न नियमित स्वास्थ्य जाँचहरू लागू गरिने छ।

१०.अभिभावकहरूलाई स्कूलको खाना तयार गर्न र सरसफाइको मर्मत सम्भारमा स्वयम सेवा गर्न प्रोत्साहन गरिने छ, स्वामित्व र जिम्मेवारीको भावनालाई बढावा गरिने छ।

### ४.४. ४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको, साथै स्वच्छ पिउने पानी, शौचालय तथा सरसफाई प्रति सचेत भएको हुने,

ख) प्रमखु नतिजाहरू

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७., प्रभाकारिताका साथ कार्यान्वयन भएको हुने छ ।
२. नियमित सबै २६ विद्यालयमा स्वास्थ्य परिक्षण भएको हुने छ ।
३. सवै २६ वटा विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गरी प्राथमिक उपचारको व्यवस्था गरिएको छ ।
४. सवै २६ वटा विद्यालयमा सरसफाई सम्बन्धी आवश्यक पुर्वाधार विकास भएको हुने छ ।
५. स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त खाजा सुनिश्चतता हुने छ ।
६. कार्यक्रम व्यवस्थापनमा अभिभावक, सामुदायिक नेताहरू र स्थानीयलाई संलग्न गरेर, विद्यालयको खाना, स्वास्थ्य र सरसफाइ कार्यक्रमले सामुदायिक स्वामित्व र जिम्मेवारीको भावनालाई लिने छ ।

## ४.४. ५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (दश बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | विद्यालय सबै | | | | | | | | आवश्यकतानुसार |
| २ | स्वास्थ्य परिक्षण | विद्यालय सबै पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | प्राथमिक उपचार बाकसको व्यवस्था | विद्यालय | | | | | | | | आवश्यकतानुसार |
| ४ | सरसफाई सम्बन्धी आवश्यक पुर्वाधार विकास | विद्यालय | | | | | | | | आवश्यकतानुसार |
| ५ | स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त खाजा व्यवस्था | विद्यालय | | | | | | | | सबै विद्यालय |
| ६ | अभिभावक आमा समूह परिचालन गर्ने | विद्यालय | | | | | | | | सधैँभरी |
| ७ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | दिवा खाजा प्राप्त गर्ने कक्षा | विद्यालय | | | | | | | | प्रारम्भिक बालविकास - कक्षा ५ |
| १० | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### परिचय

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण, तथा उत्थानशीलता सम्बन्धी अवधारणा विश्वभर अत्यन्तै महत्वपूर्ण विषय बनेको छ। विशेष गरी नेपालजस्तो प्राकृतिक विपद्बाट बारम्बार प्रभावित हुने मुलुकमा नेपालका विद्यालयहरूमा यस सम्बन्धी योजनाहरू प्रायः **राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय सुरक्षा मापदण्ड २०७२, र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय रणनीति २०७२** ले निर्देशित गरेका छन्।

नेपालमा विद्यालय सुरक्षा सम्बन्धी महत्वपूर्ण पहल "सुरक्षित विद्यालय अभियान" हो, जसले Comprehensive School Safety Framework (CSSF) को सिद्धान्तहरूलाई नेपालमा लागू गर्ने प्रयास गरेको छ । CSSF ले तीन प्रमुख स्तम्भहरूमा काम गर्दछ:

१. विद्यालयको संरचनागत सुरक्षा
२. आपतकालीन तयारी र व्यवस्थापन
३. शैक्षिक निरन्तरता

**नेपालको राष्ट्रिय शिक्षा नीति, २०७६** मा विद्यालयको सुरक्षा र बालबालिकाको शैक्षिक निरन्तरतामा उच्च प्राथमिकता दिइएको छ। यस नीतिमा विपद् व्यवस्थापनलाई एक महत्वपूर्ण खण्डको रूपमा राखिएको छ । नीतिमा विद्यालयहरूको संरचनागत सुधार, विपद् प्रतिरोधी भवनहरूको निर्माण, र विपद्को समयमा शिक्षा निरन्तरताका लागि पूर्व तयारी सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

अर्को महत्वपूर्ण दस्तावेज **विद्यालय सुरक्षा मापदण्ड, २०७२** हो, जसले नेपालमा विद्यालयहरूको भौतिक संरचनालाई भूकम्प र अन्य प्राकृतिक विपद्का दृष्टिले सुरक्षित बनाउन आवश्यक दिशानिर्देशहरू दिएको छ। यस मापदण्डले विद्यालय भवनहरूको सुरक्षा मापदण्ड र त्यसको निरन्तर अनुगमनको आवश्यकता औंल्याएको छ।

नेपालको **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय रणनीति, २०७२** ले पनि विद्यालयमा सुरक्षित वातावरण निर्माणमा विशेष ध्यान दिएको छ। यस रणनीतिमा विपद्को पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना, र पुनर्निर्माणलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसले विशेष गरी भूकम्पबाट प्रभावित विद्यालयहरूको पुनर्निर्माणमा केन्द्रित रहेर काम गरेको छ । **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** (DRRM Act, 2017): यसले राष्ट्रिय, प्रादेशिक, र स्थानीय तहहरूमा विपद् व्यवस्थापन समितिहरू (DMCs) को स्थापना गर्न मार्गदर्शन दिन्छ। यस ऐनले विद्यालयहरूको संरचना सुरक्षित बनाउने, आपतकालीन तयारी, र शैक्षिक निरन्तरताका लागि समन्वय गर्न विभिन्न निकायहरूलाई जिम्मेवारी तोकेको छ।

**लुम्बिनी प्रदेश विपद् व्यवस्थापन नीति, २०७६**: यो नीति लुम्बिनी प्रदेशको विद्यालय सुरक्षा, संरचनागत सुधार, र विपद् व्यवस्थापनका लागि विशेष नीति बनाइएको छ । यसले स्थानीय विद्यालयहरूमा भौतिक संरचना सुधार गर्न, विपद्को समयमा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न, र शैक्षिक निरन्तरताका लागि वैकल्पिक उपायहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ।

अन्य अन्तर्राष्ट्रिय साहित्यहरू:

UNDRR (United Nations Office for Disaster Risk Reduction) ले Comprehensive School Safety Framework (CSSF) ल्याएको हो, जसले विश्वभरिका विद्यालयहरूको सुरक्षित संरचना, विपद् प्रतिकार्य योजना, र शिक्षा

निरन्तरताका लागि मापदण्ड प्रदान गर्दछ । यो मापदण्ड नेपालमा अपनाइएको छ र यसले नेपालका विद्यालयहरूमा संरचनागत सुधार र व्यवस्थापनमा मद्दत पुऱ्याएको छ ।

नेपालका धेरै विद्यालयहरूले CSSF मा आधारित संरचनागत सुधारहरू लागू गरेका छन्, विशेष गरी २०१५ सालको भूकम्पपछि पुनर्निर्माणका क्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) ले विद्यालयको पुनर्निर्माणमा CSSF सिद्धान्तहरूलाई लागू गर्दै बालमैत्री र सुरक्षित विद्यालय को अवधारणा अगाडि सारेको छ ।

यसरी, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विद्यालय सुरक्षा र विपद् न्यूनीकरण सम्बन्धी अनेकौं पहलहरू र नीतिहरू विकास गरिएका छन् । ती सबैले नेपालजस्ता विपद् जोखिमयुक्त मुलुकमा विशेष गरी विद्यालयको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.५.१ वर्तमान अवस्था

नेपालमा विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण (DRR) को वर्तमान अवस्था अझै चुनौतीपूर्ण छ । नेपालका विद्यालयहरू विभिन्न प्राकृतिक विपत्तिहरू-विशेष गरी भूकम्प, बाढी, पहिरो, आगलागी, र महामारीबाट प्रभावित हुने गर्दछ । तल उपलब्ध विवरणमा राष्ट्रिय, प्रादेशिक, र स्थानीय तहमा DRR को वर्तमान अवस्था समेटिएको छ । नेपालमा विद्यालयहरूको संरचना अझै कमजोर अवस्थामा रहेको छ । विशेष गरी ग्रामीण क्षेत्रमा २०७२ सालको भूकम्पपछि धेरै विद्यालयहरू पुनर्निर्माण गरिए तापनि सबै विद्यालयहरू विपद् प्रतिरोधी भएका छैनन् । राष्ट्रिय शिक्षा नीति २०७६ र विद्यालय संरचना मापदण्ड २०७२ ले विद्यालयहरूलाई सुरक्षित बनाउन थुप्रै योजना अघि सारेका छन्, तर यी योजनाहरूको कार्यान्वयन अझै चुनौतीपूर्ण छ । नेपालका धेरै विद्यालयहरूमा आपतकालीन तयारी योजनाहरू छैनन् र शिक्षण विधिहरूमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्रशिक्षण पनि कमजोर छ ।

लुम्बिनी प्रदेशमा विपद् जोखिम न्यूनीकरणको लागि **प्रदेशिक नीति २०७६** लागू गरिएको छ, जसमा विद्यालयहरूको संरचनागत सुधार, शिक्षक र विद्यार्थीहरूको तालिम, र विपद् व्यवस्थापनको लागि समन्वयको आवश्यकता औंल्याइएको छ । **लुम्बिनी प्रदेश विपद् व्यवस्थापन निर्देशिका, २०२०** ले विद्यालयहरूको भौतिक संरचना सुरक्षित बनाउन र विपद् व्यवस्थापनका लागि समुदायको क्षमता विकास गर्ने योजना अघि सारेको छ । माण्डवी गाउँपालिकामा विपद जोखिम न्युनीकरणको लागि माण्डवी गाउँपालिका विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६ तयार गरी कार्यान्वयन गरीएको छ साथै विपद पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुर्नलाभ योजना तयार गरी कार्यान्वयनमा छ यद्यपि यस योजनामा विद्यालय सुरक्षा योजनालाई पूर्ण रुपमा समेट्न सकेको छैन । माण्डवी गाउँपालिका निरन्तर विपदका घटना भइरहने पालिका हो । यस पालिकाको अधिकांश भू-भाग उच्च पहाडी तथा भिरालो भएकाले पहिरोको उच्च जोखिममा रहेको छ । माण्डवी गाउँपालिकामा २६ वटा सामुदायिक विद्यालयमा ५ हजार भन्दा बढी विद्यार्थीहरुले अध्ययन गरिरहेका छन् । २६ वटा सामुदायिक विद्यालयमा गरी जम्मा ११९ भवनहरु रहेका छन् जस मध्ये सम्पुर्ण भवनहरु मापदण्ड अनुरुप निर्माण भएका छैनन् त्यसैले माण्डवी गाउँपालिकामा अझै पनि विद्यालयहरु जोखिममा रहेका छन् ।

### चुनौती तथा अवसर

#### चुनौतीहरू:

१. माण्डवी गाउँपालिकामा धेरै विद्यालयहरू भूकम्प, बाढी, पहिरो, र आगलागीजस्ता विपत्तिहरूमा प्रतिरोध गर्न सक्षम बनाउन,

२. विपद् जोखिम न्यूनीकरण योजनाहरूका लागि बजेट र स्रोतको अभाव प्रमुख चुनौती हो। शिक्षा क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरूको समन्वय अपर्याप्त छ, जसले गर्दा विद्यालय सुरक्षा योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
३. शिक्षक, विद्यार्थी, र स्थानीय समुदायमा विपद् व्यवस्थापनसम्बन्धी तालिम र जनचेतनाको अभाव देखिएकोले विपद्को समयमा कसरी सुरक्षित रहने र तात्कालिक कदमहरू चाल्न,

अवसरहरू:

- समुदायमा आधारित विपद् व्यवस्थापन
- राष्ट्रिय नीतिहरू र ऐनहरूको उपस्थिति
- अनाथ, असहाय एवं संकटपूर्ण अवस्थामा रहेका वालवालिकालाई सम्पूर्ण सुविधा सहित छात्रावासको सुविधा
- जिल्ला विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण कार्य समिति निर्माण भइ सक्रिय रहेको

### ४.५.२ उद्देश्यहरु

माण्डवी गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, तथा उत्थानशीलता सुनिश्चित गर्नका लागि आगामी ५ देखि १० वर्षका लागि स्पष्ट र ठोस लक्ष्य र उद्देश्यहरू निर्धारण गर्नु अत्यावश्यक छ। स्थानीय तहमा विपद् व्यवस्थापनका लागि संरचनागत सुधार, शैक्षिक निरन्तरता र समुदायमा आधारित पहलहरूलाई प्राथमिकतामा राखेर योजना बनाउन सकिन्छ। यहाँ प्राथमिक उद्देश्यहरू प्रस्तुत गरिएका छन्:

१. स्थानीय विपद् जोखिमलाई ध्यानमा राखी भूकम्प प्रतिरोधी भवन निर्माण तथा पुनर्निर्माण गर्नु,
२. विपद्को समयमा शिक्षक, विद्यार्थी, र अभिभावकलाई सुरक्षित रहने तालिम दिने र स्कूल व्यवस्थापन समितिहरूसँग आपतकालीन योजना समन्वय गर्नु,
३. कोभिड-१९ जस्ता महामारीले देखाएको शैक्षिक अवरोधलाई ध्यानमा राखी वैकल्पिक शिक्षणका लागि डिजिटल प्लेटफर्म र सामुदायिक स्रोत केन्द्रहरूको स्थापना गर्नु,
४. स्थानीय स्रोतहरूको परिचालन गर्दै समुदायलाई सशक्त बनाउन, विपद्को समयमा सामूहिक प्रतिकार्य र व्यवस्थापन गर्नु,
५. विद्यालयहरूमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्न, साथै विपद् व्यवस्थापनलाई विद्यालय व्यवस्थापन समितिहरूसँग जोड्नु,

### ४.५.३ रणनीतिहरु

१. विपद्को समयमा शिक्षा निरन्तरता कायम राख्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य तथा पुनःस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूबारे जानकारी तथा सीप विकास गर्ने,
३. प्रकोपबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न आवश्यक तयारी गर्ने,
४. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारसम्बन्धी आवश्यक तयारी गर्ने,
५. महामारीका समयमा शिक्षण-सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको व्यवस्था गर्ने,
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान, प्रभाव मूल्याङ्कन तथा विश्लेषण गर्ने,

७. सङ्कटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्ने,
८. विद्यालयस्तरीय विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने,
९. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनःस्थापना गर्ने,
१०. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र-उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको व्यवस्था गर्ने,
११. विपद् व्यवस्थापनका लागि स्थानीय तह तथा विद्यालयहरूको क्षमता विकास गर्ने,
१२. विपद्, प्रकोप, शान्ति, सुरक्षा तथा अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय तथा जिम्मेवारीको स्पष्ट संयन्त्र निर्माण गर्ने,
१३. विपद् व्यवस्थापनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकरण गरी कार्यान्वयन गर्ने,

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

यस गाउँपालिकामा केही विद्यालयहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको हुने छ। कमजोर संरचनामा रहेका विद्यालयहरूलाई प्राथमिकतामा राखी विपद् प्रतिरोधी भवनहरूको पुनर्निर्माण गरिने छ। विशेषगरी, पहाडी भेगका विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिइने छ।

#### नतिजा

यसले विद्यालयहरूलाई सुरक्षित बनाउने छ र विद्यार्थीहरूको जोखिममा कमी आउने छ । भवन पुनर्निर्माणपछि अध्ययन वातावरण पनि सुधार हुने छ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | १ | १ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास शिक्षा कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | २ | ५ | ८ | ११ | १४ |
| ४ | वैकल्पिक शिक्षण प्रणाली प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ० | ० | १ |
| ५ | वृक्षारोपण गर्ने विद्यालयको सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ |
| ६ | विपद् फोकल शिक्षक भएको विद्यालयको सङ्ख्या | १५ | १८ | २२ | २८ | ० |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा (५ वर्ष) | | |
| १ | विपत् व्यवस्थापन नीति तथा मापदण्ड पुनरवलोकन तथा निर्माण | पटक | १ | - | - | - | - | १ | २ | पहिलो वर्षमा सम्पन्न गर्ने |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम | पटक | २ | २ | २ | २ | २ | १० | १० | वार्षिक रूपमा सञ्चालन गर्ने |
| ३ | विपत् पूर्वतयारी तथा सचेतना कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | समुदायस्तरमा केन्द्रित |
| ४ | शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि तालिम | पटक | २ | २ | २ | २ | २ | १० | १० | शिक्षक र सदस्य लक्षित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विपत् प्रतिरोधी विद्यालय निर्माण | विद्यालय | २ | २ | ३ | ३ | ३ | १३ | १३ | उच्च जोखिम विद्यालयमा |
| ६ | हरित विद्यालय अभियान सञ्चालन | विद्यालय | २ | ३ | ३ | ३ | ४ | १५ | १५ | वातावरणमैत्री कार्यक्रम |
| ७ | वैकल्पिक शिक्षण सामग्री विकास | सामग्री | १० | १० | १० | १० | १० | ५० | ५० | डिजिटल र मुद्रित सामग्री |
| ८ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### परिचय

विद्यालयको शैक्षिक वातावरण विद्यार्थी मैत्री र सिकाइ अनुकूल बनाउन सुरक्षित विद्यालय भवन र कक्षाकोठा, खेलमैदान, शौचालय, सफा पिउने पानी जस्ता आधारभूत विद्यालय भौतिक पूर्वाधारको विकास हुन जरुरी हुन्छ। शिक्षा नियमावली २०५९ को नियम ४ अनुसारको अनुसूची ३ मा एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा शिक्षा र आधारभूत तहका पारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०वर्ग ७५. मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड रहेको छ। त्यस्तै सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउन्ड स्वस्थकर पिउने ,विद्यार्थी अनुपातमा फर्निचरको व्यवस्था , पानीको व्यवस्थाछात्र छात्राका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था हुनु पर्ने मापदण्ड समेत उल्लेख गरेको छ। राष्ट्रिय , ले विद्यालयहरूमा भवन शिक्षा नीति २०७६, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबै बालबालिका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको योजनामा प्रस्ताव गरिएको छ। माण्डवी गाउँपालिकाको शिक्षा नीति ले पनि २०८०- विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकताका आधारमा गर्ने ,भौतिक पूर्वाधार विकासका हिसाबले शैक्षिक संस्थाहरु सम्पन्नशाली बनाउने, पालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधार एकै डिजाइनको बनाउनको लागि कार्यनीति तयार गरी लागू गर्ने भौतिक पूर्वाधारलाई ,भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग गर्ने नीति अवलम्बन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य, उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

माण्डवी गाउँपालिकामा हाल कुल विद्यालयको सङ्ख्या २८ मध्ये सामुदायिक विद्यालयको सङ्ख्या २६ रहेको छन् भने संस्थागत विद्यालयको सङ्ख्या २ रहेको छ। सबै सामुदायिक विद्यालयहरुमा जम्मा ११९ विद्यालय भवन छन। ती भवनहरूमा जम्मा ३३५ कक्षाकोठा पठन पाठनका लागि सञ्चालनमा रहेका छन भने २० ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ। प्रधानाध्यापकका लागि छुट्टै कार्यकक्ष सहितको व्यवस्था रहेको विद्यालय २ रहेका छन्। ६ ओटा विद्यालयमा अलग्गै कम्प्यूटरको कोठा रहेको छ। सबै सामुदायिक विद्यालयमा जम्मा शौचालयको सङ्ख्या ४९ रहेको छ र धेरैजसोमा पर्याप्त पानीको आपूर्ति देखिदैन। विद्यालयहरूमा जम्मा २२ स्टाफ कार्यकक्ष, ५ पुस्तकालय कोठा र ५ ओटा कोठामा विज्ञान प्रयोगशाला रहेको। विद्यालयहरुका छात्राहरूका लागि२१ ओटा र छात्रहरुको लागि २१ ओटा छुट्टा छुट्टै शौचालय रहेका छन। महिला र पुरुष शिक्षकहरुका लागि क्रमशः २१ ओटा पानीको सुविधा सहितको पक्की शौचालय भएको देखिन्छ भने अन्य शौचालयहरू कच्ची एवम काम चलाउको अवस्थामा रहेका छन्। विद्यालयहरुमा खाने पानीको अपर्याप्तता रहेता पनि खाने पानी, प्राथमिक उपचार र विद्युत्को सुविधा सबै विद्यालयमा पुगेको देखिन्छ। कच्ची र पक्की गरी पठनपाठनका लागि प्रयोग भएका कक्षा कोठाहरूको सङ्ख्या ३३५ वटा रहेका छन्। धेरे जसो विद्यालयहरुमा खेलमैदान अपर्याप्तता नै रहेको छ। यस पालिकाका विद्यालयहरुमा कच्ची तथा पक्की पर्खाल र तारबार गरेर घेरावारको

व्यवस्था मिलाइएको देखिन्छ। यद्यपि अभिलेखमा जनाइए अनुसार माथि उल्लेख गरिएको सुबिधाहरूमध्ये समग्रमा कुनै पनि सुविधा पर्याप्त भएको देखिदैन।

नेपालमा विद्यालयको प्राथमिकता (प्राथमिकताको न्यूनतम सक्षमताको अवस्था PMEC) भित्र रहेको कोक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय समेत हालसम्म पूर्ण हुन् सकेको छैन भने, प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/ प्रयोगशाला कक्ष) के र कति आवश्यक पर्ने हो र पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानिय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ। विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। हाल विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैर सरकारी सङ्घसंस्थाबाट निर्माण हुनेअवलम्बन गरिएका छन  विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एक रुपता कायम हुन सकेको छैन। भवन बन्ने र बनाउने विधि र प्रक्रियामा केही विवाद र प्रश्नहरु उठिरहेका छन। शिक्षा मन्त्रालय अन्तर्गतको सबै भन्दा ठूलो बेरुजुको हिस्सा भवन निर्माणको रहेको छ। विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरूले समेत विद्यालयको अरु पक्षलाई भन्दा पनि पूर्वाधार निर्माण पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ। तथापि पूर्वाधारहरू भने अपेक्षा गरे अनुसारको बन्न सकिरहेका छैनन्। पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएकाले आवाजहरु उठिरहेका छन्। चुनौती र अवसर

### चुनौती

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवम विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरुप तथा यसका लागि आवश्यक
२. भूमिका निर्वाह गर्न,
३. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरिय पारदर्शी एवम जवाबदेही बनाउन र सुरक्षित विद्यालयका
४. भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्न,
५. आर्थिक अपर्याप्तताका कारण सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि आवश्यक स्रोतको
६. व्यवस्थापनका साथै नपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्न,
७. पूर्वाधारहरुलाई अपाङ्गमैत्री लैङ्गिक मैत्री र सिकाइमैत्री र वातावरणीय अनुकुलित हुने गरी विकास गर्नु,
८. निर्माण कार्यलाई विवाद रहित बनाउन र पूर्वाधारका कार्यक्रमहरु वितरण गर्दा मागमा भन्दा आवश्यकता र
९. निष्पक्षताका आधारमा वितरण गर्न,
१०. पूर्वाधार निर्माण कार्यक्रम वितरण गर्दा तीनवटा सरकारको बिचमा समन्वयको वातावरण सिर्जना गरी स्थानीय
११. आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्न आदि रहेका छन।

### अवसरहरु

१. पूर्वाधार निर्माणका सवालमा माण्डवी गाउँपालिकामा विभिन्न गैरसरकारी संस्थाहरूले समेत हातेमालो गर्न तयार हुन र समुदायको योगदान पनि उत्तिकै रहेको देखिनु
२. अधिकांश विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुँदै गएको देखिनु,
४. कतिपय विद्यालयहरूमा पूर्वाधार तर्फ मर्मत सम्भारका लागि आफ्नै आयमा प्रयास गरिनु,
५. मन्त्रालय तथा विभागहरुले विपत् प्रतिरोधात्मक भौतिक संरचना निर्माणका लागि मापदण्ड बनाइ अनिवार्य गरिनु

### ४.६.२ उद्देश्यहरू

माण्डवी गाउँपालिकाको शिक्षामा भौतिक पूर्वाधार विकास योजनाको लक्ष्य सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु.
३ .गुणस्तरीय पूर्वाधार विकास एवम विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,
४. विद्यालय पूर्वाधार निर्माणको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउने प्रणालीको विकास गर्नु,
५ . भौतिक पूर्वाधारको हिसाबले शैक्षिक संस्थाहरूलाई अभावमुक्त बनाउनु ।

### ४.६.३ रणनीतिहरू

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुन : परिभाषित गर्ने,
२. पूर्वाधारको विकासको लागि विद्यार्थी सङ्ख्या को प्रक्षेपण, भूगोल, विद्यालय क्षेत्रको हावापानी र लागतका आधारमा मापदण्ड विकास गर्ने,
३ विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गर्ने,
४ . स्थानीय तहको संयोजनमा विकास भएका शैक्षिक संस्थाहरूको पूर्वाधार विद्यालय भन्दा बाहिरका अन्य पक्षले करारका आधारमा उपयोग गरे वापत विद्यालयमा प्राप्त हुने आम्दानीलाई सम्बर्द्धन एवम् मर्मत कार्यमा उपयोग गर्ने,
५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्थासंग लागत साझेदारी गर्ने,
६. विद्यालयका पूर्वधार निर्माण गर्दा कक्षाकोठा, शिक्षक स्टाफ कक्ष, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, स्वच्छ पिउने पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुपात , लैङ्गिक पक्ष र विद्यार्थीको उमेरलाई विचार गरेर), भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन तयार गरी निर्माण गर्ने,
७- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम वातावरणीय सन्तुलन सहितको एकिकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
८. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवम् उपलब्ध स्रोत र जनशक्तिको परिचालन गर्ने,
९. पूर्वाधार निर्माणका लागि मागको आधारमा भन्दा पनि, वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवाद रहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता सहमति, विश्वास र प्रतिबद्धताको वातावरण विकास गर्ने,
१०. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण, सम्बर्द्धन र निगरानीका लागि समुदायका मानिसहरुमा

अपनत्वको भावना विकास गर्ने,

१२. शैक्षिक संस्थाहरूलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रूपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्ने,

१३. कक्षाकोठालाई रङ्गरोगन भित्तेलेखन गरी सिकाइ मैत्री बनाउने,

१४ . विद्यालय सुधार योजनाले प्राथमिकतामा राखेका भौतिक पूर्वाधारलाई सहायता प्रदान गर्ने,

### ४.६.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने,

#### नतिजा

१विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने -,

२ भौतिक पूर्वाधारको आवश्यकता पहिचान -र मापदण्ड सहितको १० वर्षे माष्टर प्लान तयार गर्ने,

३पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास साहित कार्यान्वयन प्रारूप विकास हुने -,

४पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने -,

५) एक विद्यालय सम्पूर्ण पूर्वाधार -A School with complete. Infrastructure को अवधारणा अनुसार पूर्वाधार विकास हुने

६विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने -,

७पूर्वाधार विकासका लागि आवश्यक विधि -, मापदण्ड र स्तरीकरणण सूचक तयार हुने,

८- विद्यालयहरूमा बनेका संरचनाको संवर्धन तथा मर्मत' सम्भारका पद्धति विकास हुने,

९- विद्यालय पूर्वाधार विकासका कामहरू दिगो र विवाद रहित भएका हुने,

१०- गाउँपालीकाका शैक्षिक संस्थाहरू, भौतिक पूर्वाधार विकासको हिसाबले योजना अवधिसम्ममा सम्पन्न भएको हुने,

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयमा अपाङ्गमैत्री लैङ्गिकमैत्री र सिकाइमैत्री पक्की भवनको सङ्ख्या | ० | ० | ० | ० | १ |
| २. | छात्रा छात्र छुट्टा छट्टै शौचालयको सुविधा भएका विद्यालयहरुको सङ्ख्या | १५ | ११ | ० | ० | ० |
| ३. | छुट्टै प्रशासनिक भवन भएका विद्यालय सङ्ख्या | ३ | ३ | ५ | ५ | ८ |
| ४. | पक्की पर्खाल वा तारवार सहितको घेरवार भएका विद्यालयको सङ्ख्या | १० | २ | ५ | ३ | ६ |
| ५. | स्वच्छ र प्रर्याप्त खानेपानीको सुविधा भएका विद्यालय सङ्ख्या | २८ | ० | ० | ० | ० |
| ६. | भुकम्प प्रतिरोधात्मक भवन सङ्ख्या | २५ | २ | २ | २ | ३ |
| ७. | विद्यार्थी अनुपातमा फर्निचर उपलब्ध भएका विद्यालय सङ्ख्या | २० | २ | २ | २ | २ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नु पर्ने | पटक | ! | ० | ० | ० | ० | १ | १ | सङ्घीय प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित | | | | | | | | तथा स्थानीय तह |
| २ | विद्यालयहरूको पूर्वाधार विकास मास्टर प्लानको निर्माण र विकास तथा कार्यान्वयन | पटक | ० | ० | १ | ० | ० | १ | १ | सङ्घीय प्रदेश तथा स्थानीय तह |
| ३ | पूर्वाधार प्रारूप विकास र तिनै तहमा स्रोतको विनियोजन | पटक | | | | | | | | सङ्घीय प्रदेश तथा स्थानीय तह |
| ४ | एक विद्यालय सम्पूर्ण पूर्वाधार(Association with) पूर्वाधार विकास | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | ५ | ५ | ५ | सङ्घीय प्रदेश तथा स्थानीय तह |
| ५ | निर्माणको मापदण्ड एवं स्तरीकरण सूचक विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ३ | सङ्घीय प्रदेश तथा स्थानीय तह |
| ६ | विद्यालयमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री संरचना विकास | पटक | ० | १ | १ | १ | १ | ४ | ५ | सङ्घीय प्रदेश तथा स्थानीय तह |
| ७ | विद्यालयमा भएका संरचनाको संरक्षण तथा मर्मत संभार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ८ | विद्यालयहरूको पूर्वाधार निर्माण र संरक्षणको लागि समूह गठन गर्ने तथा मानिसहरूमा अपनत्वको भावनाको विकास गर्ने | निरन्तर | | | | | | | | स्थानीय र विद्यालय समुदाय |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रमबजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजि तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुने छ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ। नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ हजार विद्यालयमा शिक्षण सिकाइ दश लेका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

### ४.७.१ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य

घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ । माण्डवी गाउँपालिकामा शिक्षण सिकाइ गर्न सहज होस् भनी माण्डवी गाउँपालिका भित्र स्थापना भएका २८ ओटै विद्यालयहरुमा इन्टरनेट, कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर जस्ता सूचना तथा सञ्चार प्रविधिका साधनहरु न्यूनतम साधनहरु जडान तथा प्रदान गर्ने काम सुरु गरिएको छ । सिकाइ सहजीकरणका लागि केहि विद्यालयमा स्मार्ट बोर्ड समेत प्रदान गरिएको छ । समयको पालनाको लागि केही विद्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरिएको छ । विद्यालयका प्रधानाध्यापक र कम्प्युटर शिक्षकहरुलाई ICT सम्बन्धी क्षमता विकास तालिम दिदै आइरहेको छ । IEMIS व्यवथापन तथा सञ्चालनका लागि शिक्षकहरुलाई तालिम दिदै आइरहेको छ । माध्यमिक विद्यालयहरुमा ICT ल्याबहरु सञ्चालनमा रहेका छन ।

### चुनौती तथा अवसरहरु

#### चुनौतीहरु

१. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्न,
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकिकृत प्रणालीको विकास गर्न,
३. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्न,
४. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्न,
५. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न,
६. शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि (E-governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्न,
७. विद्यालयहरुमा शिक्षक र कर्मचारीहरुको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, कोभिड जस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रुपमा प्रविधिलाई प्रयोग गर्न र गाउँपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्न शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरु हुन् ।

#### अवसरहरु

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास हुनु ,
२. सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरु वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील हुनु,
३. सबै विद्यालयहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली डिजिटलाइज हुनु,
४. कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु,

५. छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.बाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू, Online Portal हरूको पहुँचबाट प्राप्त सामग्रीहरू र शिक्षण सिकाइ समूह गठन, Online based Zoom meeting सिकाइका मुख्य विधिहरू हुनु,
६. माण्डवी गाउँपालिका भित्र स्थापना भएका पाँचओटै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको सुविधा हुनु,
७. शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु,
८. वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामिण दूरसञ्चार विकास कोष मार्फत् केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी गर्नु,
९. वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरुको छनौट विकास र प्रयोगलाई गाउँपालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरु रहेका छन ।

### ४.७.२ उद्देश्य

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
२. डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु,
४. विपद् तथा संकटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिनका लागि प्रविधिसंग सम्बन्धित संरचना र श्रोत व्यवस्थापन गर्नु,

### ४.७.३ रणनीतिहरू

१) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने,

२) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गर्ने,

३) विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने,

४) पालिका स्तरमा व्यवस्थित इ-पोर्टल निर्माण गर्ने,

५) विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने,

६) IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकिकृत गर्ने साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने,

७) सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने

८) संघीय सरकार  र प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गर्ने,

९) गाउँपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गर्ने

१०) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गर्ने,

११) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्ने,

१२) विद्यालयहरुमा प्रविधिसंग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेश सरकारसंग सहकार्य र समन्वयात्मक ढंगले एकिकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिने,

१३) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहन गर्ने,

१४) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइको लागि आवश्यक व्यवस्थापन गर्ने,

१५) विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

१६) स्थानीय रेडियो र टेलिभिजनसंग समन्वय गरेर रेडियो माण्डवी शैक्षिक कार्यक्रम नियमित रुपमा र प्रसारण गर्ने साथै महामारीको समयमा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई रेडियो कार्यक्रम उत्पादन र टेलिभिजनको प्रयोगलाई वृद्धि गर्ने,

१७) सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट, विद्युतीय हाजिरी र सिसि क्यामेराको व्यवस्था गर्ने,

१८) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबै विद्यालयलाई उपलब्ध गराउने,

१९) शिक्षक सेवा प्रवेशका लागि सूचना प्रविधिको आधारभूत सिपलाई आधार बनाउने,

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुने।

#### नतिजा

१) माण्डवी गाउँपालिका भित्र स्थापना भएका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन हुने

२) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुग्ने।

३) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने

४) सबै विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्ने।

५) सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने।

६) सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने

७) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने

८) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत हुने

९) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुले प्रविधिको बढीभन्दा बढी प्रयोग गर्ने

१०) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइ हुने

११) विपद् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने हुने

१२) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारी रुपमा परिचालन हुने

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट कनेक्टिभिटी भएका विद्यालयको % | १०० | १०० | १०० | १०० | १०० |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ |
| ३ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | २६ | २६ | २६ | २६ | २८ |
| ४ | विद्युत पहुँच पुगेका विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ |
| ५ | विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको इन्टरनेटको माध्यमबाट सिकाइलाइ निरन्तरता दिन सक्ने विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ |
| ६ | विद्युतीय हाजिरी र सि सि टिभी क्यामेराको व्यवस्था भएको विद्यालय सङ्ख्या | ४ | ५ | ५ | ५ | ७ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना बिस्तार | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ६ | २६ | २६ | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटी )Internet Connectivity) व्यवस्था र बिस्तार | विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक र कर्मचारीहरुलाई ICT सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ४ | विभिन्न किसिमका अपाङ्गता भएकाहरुका लागि डिजिटल सिकाइ सामग्रीहरुको विकास | विद्यार्थी आवश्यकता अनुसार | | | | | | | अपांगता भएकाहरुका लागि डिजिटल सिकाई सहज गराउदै लैजाने | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| ५ | गाउँपालिकामा Education Portal को विकास गर्ने | गाउँपालिका | ० | ० | १ | ० | ० | १ | अध्यावधिक गर्दै लैजाने | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| ६ | पाठ्यक्रम र पाठ्यवस्तुका डिजिटल प्रति सबैलाई सहज रुपमा उपलब्ध गराउने | विद्यालयहरु | २८ | २८ | २८ | २८ | २८ | २८ | | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| ७ | IEMIS लाई व्यवस्थित गर्ने | विद्यालय, शिक्षक र कर्मचारी | २८ | २८ | २८ | २८ | २८ | २८ | | गाउँपालिका |
| ८ | सामुदायिक अध्ययन केन्द्रहरुको ICT सम्बन्धी क्षमता विकास गर्ने | सामुदायिक अध्ययन केन्द्र | ० | १ | १ | ० | ० | २ | निरन्तरता | गाउँपालिका |
| ९ | विभिन्न कक्षाका लागि आवश्यक पर्ने डिजिटल सामग्री विकास गर्ने | वटा आवश्यकता अनुसार | | | | | | | डिजिटल सामग्री विकास निरन्तरता | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| १० | संचालनमा रहेका CLC हरुमा डिजिटल सिकाइ केन्द्र स्थापना गर्ने | CLC | ० | १ | १ | १ | १ | ४ | ४ | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | भर्चुअल कक्षा सञ्चालन | कक्षा | १० | ८ | १२ | ८र १०, १२ | ८र १०, १२ | निरन्तर | सबैको पहुँचमा विस्तार गर्ने | गाउँपालिका, विद्यालय |
| १२ | स्थानीय रेडियो निर्माण र प्रयोग | गाउँपालिका | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | रेडियो मार्फत कक्षा सञ्चालन | गाउँपालिका |
| १३ | सबै विद्यालयहरुमा विद्युतीय हाजिरी र CC TV जडान | विद्यालय | ० | ५ | ५ | ६ | ४ | १० | १० | गाउँपालिका |
| १४ | सबै माध्यमिक विद्यालयहरुको वेबसाइट निर्माण | विद्यालय | ० | १ | २ | २ | १ | ६ | २२ | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| १५ | Digital Learning Center को स्थापना | गाउँपालिका | ० | ० | ० | ० | १ | १ | १ | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| १६ | भर्चुअल कक्षा सञ्चालनका लागि सुविधा सम्पन्न कन्ट्रोल रुम स्थापना गर्ने | गाउँपालिका | ० | ० | ० | ० | १ | १ | ० | संघ, प्रदेश सरकारको समन्वय र सहकार्य |
| १७ | विद्यालयमा प्रोजेक्टर सहयोग | विद्यालय | २३ | ० | २ | १ | ० | २६ | ० | गाउँपालिका |
| १८ | बालविकास केन्द्रहरुमा LED TV सहयोग | विद्यालय | ३३ | ० | १ | ० | ० | ३४ | ० | गाउँपालिका |
| १९ | शिक्षकहरुलाई ल्यापटप वितरण | विद्यालय | ० | ० | ५ | ५ | ५ | १५ | ११ | गाउँपालिका |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

नेपालका स्थानीय सरकारहरूमा शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष हो । स्थानीय सरकारहरूले शिक्षा नीतिहरू लागू गर्न र उनीहरूको समुदायलाई आवश्यक सेवाहरू प्रदान गर्न निर्णायक भूमिका खेल्छन् । प्रभावकारी व्यवस्थापन अभ्यासहरू स्रोत विनियोजनलाई अनुकूलन गर्न, शैक्षिक नतिजाहरू सुधार गर्न र स्थानीय शैक्षिक संस्थाहरूको समग्र क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण छन् ।

नेपालका स्थानीय सरकारहरूमा शिक्षाको व्यवस्थापनमा पाठ्यक्रम विकास, शिक्षक तालिम, पूर्वाधार विकास, मूल्याङ्कन र मूल्याङ्कन लगायत विभिन्न मुख्य क्षेत्रहरू समावेश हुन्छन् । संस्थागत क्षमता विकास पनि उत्तिकै महत्त्वपूर्ण छ, किनकि यसले स्थानीय सरकारहरूलाई उनीहरूको शिक्षा प्रणालीलाई प्रभावकारी रूपमा व्यवस्थित गर्न र उनीहरूको समुदायको आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ ।

### ६.१.१ वर्तमान अवस्था

स्थानीय सरकारहरूमा शिक्षा र संस्थागत क्षमता विकासको व्यवस्थापनले यसको प्रभावकारितामा बाधा पुऱ्याउने थुप्रै चुनौतीहरूको सामना गरिरहेको छ । एउटा प्रमुख चुनौती भनेको स्थानीय सरकारहरूका लागि उपलब्ध सीमित वित्तीय स्रोतहरू हुन्, जसले प्रायः शिक्षा पूर्वाधार, शिक्षक तालिम र शैक्षिक सामग्रीमा लगानी गर्ने उनीहरूको क्षमतालाई प्रतिबन्धित गर्छ। अर्को चुनौती भनेको स्थानीय तहमा दक्ष र अनुभवी शिक्षाकर्मीको अभाव हो, जसले गर्दा शैक्षिक कार्यक्रमहरू र नीतिहरूको सवोत्तम कार्यान्वयन हुन सक्दैन । थप रूपमा नेपालमा शिक्षाको विकेन्द्रीकृत प्रकृतिले कहिलेकाहीं विभिन्न स्थानीय सरकारहरूमा उपलब्ध गराइने शिक्षाको गुणस्तरमा असमानता निम्त्याउन सक्छ । यस बाहेक, नेपालमा व्याप्त सामाजिक-आर्थिक असमानताहरूले शैक्षिक असमानतालाई बढावा दिन सक्छ, किनकि पिछडिएका पृष्ठभूमिका विद्यार्थीहरूको शैक्षिक अवसरहरूमा सीमित पहुँच हुन सक्छ । चुनौतीहरूको बावजुत पनि माण्डवी गाउँपालिकाले शिक्षामा राम्रै प्रयास गरेका छन् । यस गाउँपालिका भित्रका शैक्षिक संरचना तथा तहहरु निम्नानुसार छन् :

कक्षा ११ र १२ सञ्चालित विद्यालय ४, प्राविधिक धार सञ्चालित विद्यालय १, सामुदायिक मा.वि. ५, आधारभूत कक्षा १-८ सञ्चालित विद्यालय १३, आधारभूत कक्षा १-५ सञ्चालित विद्यालय १५ समुदायमा आधारित बालविकास ३४, सामुदायिक सिकाइ केन्द्रहरु २ रहेका छन ।

सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरिएको छ । यस गाउँपालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको सिकाइ क्षमता विकास, लेखा व्यवस्थापन तालिम, प्राविधिक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालयको स्थापना, विद्यार्थीको लागि अतिरिक्त क्रियाकलाप, खेलकुद सञ्चालन, सिकाइ सहजीकरण तालिम, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास र जिम्मेवारी उत्तरदायित्व बोध गराउने तालिम, बालविकास सहजकर्ता तालिम, सरोकारवालालाई विद्यार्थीको सिकाइ अभिवृद्धि गराउने तालिम, आदि कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । यसका साथै शिक्षा नीति निर्माण र कार्यान्वयन, विद्यालयहरुले विद्यालय सञ्चालन

कार्यविधि निर्माण र प्रयोग, विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण, जनशक्ति व्यवस्थापन, सामाजिक परीक्षण, लेखा परीक्षण, अभिभावक भेला, विद्यालयमा गुनासो पेटिका, रेडक्रस, स्काउट, बाल सञ्जाल गठन, विद्यालयको सिकाइ, मूल्याङ्कन, शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम तथा मूल्याङ्कन र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र क्षमता विकासको मार्गमा अग्रसर रहेको पाइन्छ ।

### चुनौती तथा अवसर

#### चुनौती

१. स्थानीय सरकारहरूले प्राय: शिक्षामा अपर्याप्त कोष
२. दक्ष जनशक्तिको अभाव रहनु
३. सामाजिक-आर्थिक असमानताहरू
४. राजनीतिक हस्तक्षेप

#### अवसर

१. इन्टरनेटको पहुँच विकास विस्तार भएको
२. विद्यालयको समस्या स्थानीय तहबाटै समाधान भएको
३. जनशक्तिको क्षमता विकास गरिएको
४. शिक्षामा प्रविधिको प्रयोग गरिएको
५. शिक्षक तालिम कार्यक्रमहरू
६. सरकारले स्थानीय तहमा शिक्षामा थप स्रोतहरू विनियोजन

### ६.१.२ उद्देश्य

१. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
२. विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
३. गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,
४. विद्यालयको शैक्षिक व्यवस्थापनलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
५. विद्यालयहरूको क्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
६. योग्यताको आधारमा प्रधानाध्यापकको छनोट तथा नियुक्ति गर्नु,
७. विभिन्न समिति, प्रधानाध्यापक तथा लेखा एवं प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,
८. विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु,
९. विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु,
१०. विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,

### ६.१.३ रणनीतिहरू

१. विद्यालय सुधार योजना (SIP) निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
२. शैक्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउने,
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
४. विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक वातावरण सुधार गर्ने,

५. विद्यालयमा सुशासन, पारदर्शिता र जवाफदेहिताको अभ्यासलाई संस्थागत गर्ने,
६. प्रधानाध्यापक तथा शिक्षकहरूको नेतृत्व र व्यवस्थापकीय क्षमता विकास गर्ने,
७. विद्यालयको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई सुदृढ बनाउने,
८. विद्यालय व्यवस्थापनमा समुदाय, अभिभावक तथा स्थानीय तहको सक्रिय सहभागिता सुनिश्चित गर्ने,
९. विद्यालयमा सूचना प्रविधिको प्रयोग तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउने,
१०. विद्यालयको सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी तथा प्रभावकारी बनाउने,
११. विद्यालयको आन्तरिक स्रोत परिचालन तथा वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउने,
१२. समावेशी, बालमैत्री तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- विद्यालय भर्ना दरमा उल्लेखनीय बृद्धि
- सुधारिएको पूर्वाधार
- शिक्षणको गुणस्तर सुधार
- स्थानीय समुदायहरू शिक्षामा बढी संलग्न भएका

### नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार बर्ष २०८१/ ८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | १ | १ | १ | १ | ५ |
| २. | आधारभूत विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | २६ | २८ | २८ | २८ | २८ | २८ |
| ४. | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ | २८ |
| ५. | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ० | ० | ५ | ० | ५ |

### ६.१.४ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य पाँच वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | गाउँशिक्षा योजनाको मध्यावधि समीक्षा गरी समयसापेक्ष परिवर्तन | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत विनियोजित बजेटको अनुगमन गरी त्यसको प्रभावकारी बृद्दि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयहरुले यथार्थपरक तवरले विद्यालय सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरुलाई काम, कर्तव्य र अधिकारबारे तालिम प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | लेखा तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | वार्षिक अभिभावक भेला | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | IT शिक्षकलाई EMIS व्यवस्थापन तालिम प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | शिक्षा दिवस भव्यरुपमा आयोजना गर्ने तथा उत्कृष्टताको आधारमा कदर पत्र प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

स्थानीय शिक्षा योजना कार्यान्वयनको व्यवस्थापन तल्लो तहमा प्रभावकारी र समतामूलक शिक्षा वितरण सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष हो। स्थानीय शिक्षा योजनाहरूले विशिष्ट भौगोलिक क्षेत्रहरूमा शैक्षिक विकास र श्रोत विनियोजनलाई मार्गदर्शन गर्ने खाकाको रूपमा काम गर्छन् । यी योजनाहरूको प्रभावकारी व्यवस्थापन वाञ्छित शैक्षिक नतिजाहरू प्राप्त गर्न, शिक्षामा पहुँच सुधार गर्न र शिक्षा सेवाहरूको गुणस्तर वृद्धि गर्न आवश्यक छ । स्थानीय शिक्षा योजना कार्यान्वयनको व्यवस्थापनमा योजना, अनुगमन, मूल्याङ्कन र समन्वयलगायत विभिन्न मुख्य गतिविधिहरू समावेश हुन्छन् । यी गतिविधिहरूका लागि स्थानीय अधिकारीहरू, शिक्षा योजनाकारहरू, विद्यालय प्रशासकहरू, शिक्षकहरू र समुदायहरू जस्ता विभिन्न सरोकारवालाहरू बीचको सहकार्य आवश्यक हुन्छ । स्थानीय शिक्षा योजनाहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गरेर स्थानीय समुदायका आवश्यकताहरू पूरा गर्ने दिगो र उत्तरदायी शिक्षा प्रणाली सिर्जना गर्न सम्भव छ।

### ६.२.१ वर्तमान अवस्था

यस पालिकाले आफ्नो स्थानीय तहमा निर्माण गरिएका विभिन्न योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी आईपरेको छ । स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था, आवश्यक स्रोत साधनको व्यवस्थापन लगायत विभिन्न शिक्षा नीति, ऐन, नियम कार्यविधि र निर्माण गरी प्रबोधिकरण गरेको छ ।

" सबैका लागि शिक्षा "कार्यक्रम वमोजिम माण्डवी गाउँपालिकाले सम्पूर्ण बालवालिकालाई विद्यालय भित्र्याउन र टिकाउन सकारात्मक प्रयास गरिएको छ, साथै पालिका भित्रका सबै विद्यालयहरुमा वालविकास देखि कक्षा १० सम्म नि:शुल्क नीतिलाई कार्यान्वयनमा ल्याएको छ । यस पालिकामा रहेका पुस्तकालय, शैक्षिक सामग्री एवं विद्यालय भवन निर्माण तथा विद्यालय सुशासन कार्यमा भौतिक, आर्थिक, कार्यक्रम, एवं अन्य सुधारमा सहयोग गरेको छ भने शिक्षक दरबन्दी मिलान, दरबन्दी थप, पालिका अनुदान शिक्षक वितरण जस्ता कार्य सम्पन्न गरी विद्यार्थी शिक्षक अनुपातलाई संयोजन गर्न प्रयत्न गरिएको छ ।

### चुनौती तथा अवसर

#### चुनौतीहरू

१गाउँपालिकाको आन्तरिक बजेट पर्याप्त नहुँदा योजनाको प्रभावकारी कार .्यान्वयन गर्न कठिनाइ हुनु,
२जनशक्ति तथा दक्षताको अभावका कारण योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्तिनु .,
३कार्यान्वयनका लागि आवश्यक संरचना ., उपकरण तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु,
४सरकारी निकाय ., विद्यालय तथा समुदायबीच समन्वय नहुँदा योजना प्रभावकारी रूपमा अगाडि बढ्न नसक्नु,
५स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव तथा हस्तक्षेपका कारण कार्यान्वयनमा अनियमितता आउनु .,
६प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढङ्गले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु .,

### अवसरहरू

१. स्थानीय तहमा विद्यालय, अभिभावक, शिक्षक तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागिताले शिक्षाको गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्न सक्ने,
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा तथा शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि तथा प्रभावकारी व्यवस्थापनको अवसर प्रदान गर्ने,
३. संघीय, प्रदेश तथा स्थानीय सरकारबीचको सहकार्य र साझेदारीबाट शैक्षिक कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने,
४. गैरसरकारी संस्था, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यबाट शैक्षिक विकासका लागि थप स्रोतसाधन परिचालन गर्न सकिने,
५. विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घको सक्रिय सहभागिताबाट विद्यालय सुधार योजनाको प्रभावकारी निर्माण तथा कार्यान्वयन गर्न सकिने,
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा नियमित अद्यावधिक गर्ने प्रक्रियाले विद्यालयको समग्र विकासलाई व्यवस्थित बनाउन सहयोग पुग्ने,
७. विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ बनाई प्रधानाध्यापकलाई स्पष्ट जिम्मेवारी तथा उत्तरदायित्व प्रदान गरी कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिने,
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा सञ्चालनसम्बन्धी मापदण्ड विकास र कार्यान्वयनबाट विद्यालय प्रशासनलाई व्यवस्थित बनाउन सकिने,
९. अभिभावक तथा सरोकारवालासँग नियमित अन्तरक्रिया, अभिभावक भेला, बैठक तथा सामाजिक परीक्षणको प्रभावकारी सञ्चालनबाट विद्यालयप्रतिको उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न सकिने,

### ६.२.२ उद्देश्यहरू

१. वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
२. आवश्यकताअनुसार कानून, मापदण्ड तथा निर्देशिका विकास गर्नु,
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने तथा सुधार गर्नु,
४. शिक्षण–सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह समावेश शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्नु,
५. विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,
७. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,

### ६.२.३ रणनीतिहरू

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत समायोजन गरी शिक्षा योजनामा आधारित वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
३. विज्ञ टोली समावेश अनुगमन टोली गठन गर्ने,

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने,

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने,

७. विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ बनाई निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय र कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,

९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

#### नतिजा

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने छ।

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | | १ | ५ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | | १ | ५ | ५ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | | १ | ५ | ५ | |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सशर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ७५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन्। विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत ३ हजार रहेको छ।

दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहने छ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिने छ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत् वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत् विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

### चुनौती र अवसरहरु

### चुनौती

१. शिक्षा क्षेत्रमा लगानी बृद्दि र दिगो स्रोत व्यवस्थापन गर्नु,
२. तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु,
३. आवश्यक स्रोतको व्यवस्थापन गर्नु,
४. सरलीकृत गरी वित्तिय सुशासन कायम गर्नु,

### अवसर

१. शिक्षा क्षेत्रमा लगानी अभिबृद्दि गर्न सकिने.
२. आवश्यक स्रोतको पहिचान गर्न सकिने,
३. सहकार्य सहअस्तित्व र समन्वयमा शिक्षामा सह-लगानी हुने,

## ७.२ उद्देश्य

१. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
४. खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

### ७.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागीता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
३. स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाईने,
४. वार्षिक रूपमा कुल बजेटको २५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
५. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने,
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाईने,

### ७.४ प्रमुख उपलब्धि

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

कसङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलाप प्राप्त हुने अनुमानित बजेट (

| क्रस. | अनुदान प्राप्त हुने उपक्षेत्र विषय/ | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा (हजारमा) | ८५१२ | ८६०० | ८७०० | ८८०० | १०००० | ४४६१२ | ८८००० |
| २ | आधारभूत शिक्षा | ५५३४९ | ५८००० | ६५००० | ७०००० | ८०००० | ३२८३४९ | ६५६६०० |
| ३ | माध्यमिक शिक्षा | २१६१० | २५००० | ३५००० | ४०००० | ४५००० | १६६६१० | ३००००० |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम | ० | ० | ० | १००० | २००० | ३००० | ३००० |
| ५ | अनौपचारिक तथा साक्षारता र निरनतर शिक्षा | | | | | | | |
| ६ | अन्तरसम्धित क्षेत्रहरु | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षा क्षेत्रको बजेट र बृद्धि प्रतिशत | | | | | | | |
| ८ | कुल वजेट र बृद्धि प्रतिशत | | | | | | | |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलाप प्राप्त हुने अनुमानित बजेट**

| क्रस. | अनुदान प्राप्त हुने उपक्षेत्र विषय/ | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | ० |

### ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गत का क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र विषय/ | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३५५८ | ३५५८ | ४००० | ४२०० | ४५०० | १९८१६ | ३९००० |
| २ | आधारभूत शिक्षा | ६०९९ | ६०९९ | ६०९९ | ६०९९ | ६०९९ | ३०४९५ | ६०००० |
| ३ | माध्यमिक शिक्षा | १४०४ | १४०४ | १४०४ | १४०४ | १४०४ | ७०२० | १४००० |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम | ० | ० | ० | २०० | २५०० | ४५०० | ६००० |

### घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र विषय/ | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम | | | | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालयमा शिक्षाका मुख्य उपक्षेत्र जस्तै प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, र प्राविधिक तथा व्यवसायिक तालिम आदी क्षेत्रहरुको हरेक आ.व.को जम्मा बजेट कति आगामी पाँच वर्षको जम्मा बजेट कती र बजेटको सुनिश्चितता सङ्घबाट, प्रदेशबाट,र स्थानिय तहबाट रअन्य सङ्घसस्थाबाट कति भनि सोको विश्लेषण गरिएको छ ।

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रकृया

### स्रोतको अनुमान तथा विश्लेषण

स्रोतको अनुमान तथा विश्लेषण गर्दा अपेक्षा, राष्ट्रिय तथा स्थानीय तहको प्रतिबद्धता, संवैधानिक प्रत्याभूति तथा शिक्षासम्बन्धी स्थानीय नीति एवं कार्यक्रमलाई उचित रूपमा सम्बोधन हुने गरी स्रोतको आँकलन गर्नु आवश्यक हुन्छ। यसरी स्रोतको आँकलन गर्दा उपलब्ध स्रोत र आवश्यक स्रोतबीचको अन्तरसमेत विश्लेषण गरिन्छ । साथै, वर्तमान बजेट प्रवाह तथा प्राथमिकताका क्षेत्रहरूलाई समेत ध्यानमा राखिएको छ ।

हालको अवस्थाको विश्लेषण गर्दा आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले कुल बजेटको करिब ३१.२९ प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको देखिन्छ। प्रदेश सरकारले विद्यालय तथा शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएकाले यसको यथार्थ विवरण संकलन गर्न कठिन भए पनि विद्यालय भवन, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, छात्रवृत्ति तथा अन्य शैक्षिक पूर्वाधार विकासका क्षेत्रमा प्रदेश सरकारबाट सहयोग हुँदै आएको पाइन्छ।

संविधान तथा प्रचलित कानुनअनुसार उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, समावेशी शिक्षा, साक्षरता कार्यक्रम तथा आवश्यक शिक्षक व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहने व्यवस्था छ । त्यसैले शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि प्रदेश सरकारको वित्तीय सहयोग, प्राविधिक समर्थन तथा साझेदारीलाई महत्वपूर्ण स्रोतका रूपमा लिनुपर्ने देखिन्छ ।

हाल प्राप्त भइरहेको अनुदान, स्थानीय स्रोत तथा बजेटको उपलब्धताको अवस्थालाई हेर्दा शिक्षा क्षेत्रका सबै लक्ष्य र कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक बजेट पर्याप्त नहुने अवस्था देखिन्छ । यस कारण शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्था, विकास साझेदार, गैरसरकारी संस्था तथा दातृ निकायहरूलाई लगानीका लागि आकर्षित गर्ने नीति अवलम्बन गर्न आवश्यक छ । त्यसका लागि साझेदारी कार्यक्रम, कार्यशाला, अन्तरक्रिया तथा लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ।

त्यसैगरी, शिक्षा क्षेत्रका सहयोगी व्यक्ति, पूर्वविद्यार्थी, समाजसेवी तथा चन्दादाताहरूलाई विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि "मेरो विद्यालय मेरो दाइत्व" जस्ताकार्यक्रमहरूमा सहभागी गराउने रणनीति अपनाउनु आवश्यक छ । विद्यालयमा उपलब्ध भौतिक, प्राकृतिक तथा मानवीय स्रोतहरूको प्रभावकारी उपयोग गरी थप स्रोत सिर्जना गर्न सकिने सम्भावना रहेको छ । यसका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा स्थानीय समुदायको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

अतः आगामी पाँच वर्ष (२०८१/०८२–२०८५/०८६) को शिक्षा क्षेत्रीय योजनाको सफल कार्यान्वयनका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारको बजेटका अतिरिक्त विकास साझेदार, निजी क्षेत्र, सामाजिक संस्थाहरू तथा समुदायको सहभागितामूलक लगानीलाई समेत स्रोत व्यवस्थापनको महत्वपूर्ण आधारका रूपमा लिनु आवश्यक देखिन्छ।

माण्डवी गाउँपालिका आगामी पाँच वर्ष (२०८१/०८२–२०८५/०८६) को शिक्षा क्षेत्रीय योजना बजेटको अनमा (रु लाखमा)

| क्रस. | अनुदान प्राप्त हुने उपक्षेत्र विषय/ | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा (रु लाखमा) | ८७ | ८८ | ८९ | ९० | ९१ | ४४५ | ९९० |
| २ | आधारभूत शिक्षा | ५५३ | ५८० | ६५० | ७०० | ८०० | ३२८३ | ६५६६ |
| ३ | माध्यमिक शिक्षा | २१६ | २५० | ३५० | ४०० | ४५० | १६६६ | ३००० |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम | ० | ० | ० | १० | २० | ३० | ३० |
| ५ | अनौपचारिक तथा साक्षारता र निरनतर शिक्षा | | ५ | ६ | ६ | ६ | २३ | ४० |
| ६ | पाठ्यक्रम पाठ्पुतक सिकाइ सामाग्री तथा मुल्याङ्कन | ५० | ५२ | ५३ | ५५ | ५५ | २७५ | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक व्यवस्थापन र विकास | २० | २३ | २५ | २५ | २५ | ११३ | २१० |
| ८ | शैक्षक समता र समावेशिकरण | ५ | ६ | ६ | ७ | ७ | ३१ | ६० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५० | ५२ | ५५ | ५६ | ५७ | २४५ | |
| १० | विद्यालय सुरक्षा ,विपद न्युनिकर तथा उत्थानशीलता | १५ | १६ | १७ | १८ | १९ | ८५ | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | १२० | १३० | १३४ | १५० | १६० | ७०० | १२०० |
| १२ | विद्यालय सुचना तथा सञ्चार प्रविधि | १० | १० | ११ | १२ | १२ | ५६ | १०० |
| १३ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | १२ | १२ | १३ | १३ | ५० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | स्थानीय शिक्षा योजना कार्यन्वयनको प्रभाव | | ५ | ६ | ६ | ६ | २३ | ४० |
| १५ | अनुगमन तथा मुल्याङ्कन | | ५ | ५ | ६ | ६ | २२ | ४० |

# परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

## परिचय

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाचबुँझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका बारेममा जानकारी गराउँछ । शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सु व्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाचबुँझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसंग बढी केन्द्रित हुन्छ । अनगुमन सामान्यतया कार्यक्रम कार्यान्वयनका चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनगुमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन्। माण्डवी गाउँपालिका सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरको विभिन्न प्रतिबद्धताअनरूप स्थानीय तहले शिक्षा योजनाको अनगुमन गर्दा कम्तीमा पनि यी पक्षको अनगुमन गर्ने छ।

## ८.१ वर्तमान अवस्था

माण्डवी गाउँपालिकामा निम्नलिखित विषय क्षेत्रका आधारमा अनुगमन तथा मूल्याङ्कन व्यवस्था गरिएको छ:

- अनगुमन संयन्त्रको व्यवस्था
- एकिकृत प्रतिवेदन प्रणालीको विकास
- सहभागितात्मक तथा सामूहिक अनगुमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता
- अनगुमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित
- नतिजामा आधारित अनगुमन
- शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग
- विद्यार्थी उपलब्धि परीक्षण
- विद्यालय कार्यसम्पादन परीक्षण

## ८.२ उद्देश्य

१. अनगुमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास गर्नु

२. अनगुमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चनुौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

## ८.३ रणनीति

निम्नल्लिखित उद्देश्य हासिल गर्नका लागि माण्डवी गाउँपालिकाले अपनाउने रणनीति निम्नानुसार छन्:

१. कार्यक्रमको अनगुमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,

२. नतिजामूलक अनगुमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,

३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,

४. कक्षाकोठाको सिकाइको अनगुमन, कार्यस्थलमा आधारित अनगुमन, मू ल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,

५. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेसागत सहयोगको संयनत्रको व्यवस्था र सुदृढीकरण गर्ने,

६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,

७. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले तोकेबमोजिम अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने,

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनगुमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ।

२. नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

### नतिजा

१. अनगुमन तथा मूल्याङ्कनका लागि सस्थागत सरचना तथा क्षमता विकास भएको हुने छ।

२. नतिजामा आधारित अनगुमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | भौतिक लक्ष्य व १०)र्ष( |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०८१ को अवस्था | आ.व. २०८२ | आ.व. २०८३ | आ.व. २०८४ | आ.व. २०८५ | आ.व. २०८६ | जम्मा | |
| १ | अनगुमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | | १ | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | नतिजामा आधारित अनगुमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | | १ | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | कार्यक्रम कार्यान्व यनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | | १ | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | कार्यक्रम कार्यान्व यन पुस्तिका तयारी | | १ | १ | १ | १ | १ | १ | ५ | ५ |

# सन्दर्भ ग्रन्थ सूची

*नेपाल सरकार. (२०७२). नेपालको संविधान. काठमाडौँ: कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।*

*नेपाल सरकार. (२०७४). स्थानीय सरकार सञ्चालन ऐन, २०७४. काठमाडौँ: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।*

*नेपाल सरकार. (२०७५). अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५. काठमाडौँ: कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय। [१]*

*नेपाल सरकार. (२०७७क). अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७. काठमाडौँ: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय। [१]*

*नेपाल सरकार. (२०७७ख). सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७. काठमाडौँ: कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय*

*लुम्बिनी प्रदेश सरकार. (२०७८). प्रदेश शिक्षा नीति तथा प्रादेशिक शैक्षिक गुरुयोजना. देउखुरी, दाङः सामाजिक विकास मन्त्रालय।*

*माण्डवी गाउँपालिका. (२०७४). माण्डवी गाउँ शिक्षा नियमावली, २०७४ (परिमार्जित संस्करण, २०७८). जस्पुर, प्युठान: गाउँ कार्यपालिकाको कार्यालय।*

*माण्डवी गाउँपालिका. (२०८०क). माण्डवी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८०. जस्पुर, प्युठान: गाउँ कार्यपालिकाको कार्यालय।*

*माण्डवी गाउँपालिका. (२०८०ख). माण्डवी गाउँपालिकाको शिक्षा नीति, २०८०. जस्पुर, प्युठान: गाउँ कार्यपालिकाको कार्यालय।*

*माण्डवी गाउँपालिका. (२०८१). आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा विनियोजन ऐन. जस्पुर, प्युठान: गाउँ कार्यपालिकाको कार्यालय।*

*माण्डवी गाउँपालिका अन्तर्गतका विद्यालयहरू. (२०८१.( विद्यालय सुधार योजना )SIP) तथा वार्षिक शैक्षिक कार्ययोजनाहरू. जस्पुर, प्युठान।*

*राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०७९). राष्ट्रिय जनगणना २०७८: स्थानीय तहगत (माण्डवी गाउँपालिका) नतिजा प्रतिवेदन. काठमाडौँ: नेपाल सरकार।*

*राष्ट्रिय योजना आयोग. (२०७७). दिगो विकास लक्ष्य (SDG 4) - नेपालको राष्ट्रिय प्रतिवेदन (२०१६-२०३०). काठमाडौँ: नेपाल सरकार।*

*राष्ट्रिय योजना आयोग. (२०८१). सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६). काठमाडौँ: नेपाल सरकार।*

*शिक्षा तथा मानव स्रोत विकास केन्द्र. (२०८१). स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन (परिमार्जित संस्करण). सानोठिमी, भक्तपुर: नेपाल सरकार।*

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७६). राष्ट्रिय शिक्षा नीति, २०७६. काठमाडौँ: नेपाल सरकार।*

*राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०८०). द स्टेटस अफ चिल्ड्रेन इन नेपाल [नेपालमा बालबालिकाको अवस्था प्रतिवेदन]. काठमाडौँ: नेपाल सरकार ।*

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७९). स्कुल एजुकेसन सेक्टर प्लान (SESP) २०२२-२०३० [विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३०]. काठमाडौँ: नेपाल सरकार।*

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७५). विद्यालय शिक्षामा समता रणनीति. सानोठिमी, भक्तपुर: नेपाल सरकार।*

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७९क). शिक्षाको सोचपत्र, २०७९. काठमाडौँ: नेपाल सरकार।*

*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०७९ख). सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना. काठमाडौँ: नेपाल सरकार।*

*युनेस्को. (२०१५). एजुकेसन २०३०: इन्चोन डिक्लारेसन एन्ड फ्रेमवर्क फर एक्सन [शिक्षा २०३०: इन्चोन घोषणा र कार्यढाँचा]. पेरिस: युनेस्को।*

*Ministry of Education, Science and Technology. (2022). School Education Sector Plan (SESP) 2022-2032 [विद्यालय शिक्षा क्षेत्र योजना]. Government of Nepal.*

# अनुसूची : एक

## दश बर्षे गाउँ शिक्षा योजना निर्माणका लागि गरिएका निर्णयहरु

**कार्यपालिका बैठक नं. १७**

आज मिति २०७९ फागुन ०४ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री नमराज अधिकारी ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा निम्नलिखित प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिती

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नमराज अधिकारी | अध्यक्ष | |
| २ | पूर्ण प्रसाद कालाथोकी | उपाध्यक्ष | |
| ३ | बाम बहादुर बुढा | वडा अध्यक्ष, माण्डवी गा.पा.-०१ | |
| ४ | प्रकाश वली | वडा अध्यक्ष, माण्डवी गा.पा.-०२ | |
| ५ | धनेन्द्र कार्की | वडा अध्यक्ष, माण्डवी गा.पा.-०३ | |
| ६ | डिल बहादुर घर्ति मगर | वडा अध्यक्ष, माण्डवी गा.पा.-०४ | |
| ७ | दुर्गा प्रसाद आचार्य | वडा अध्यक्ष, माण्डवी गा.पा.-०५ | |
| ८ | शुसिला घर्ति | कार्यपालिका सदस्य | |
| ९ | रमा पौडेल | कार्यपालिका सदस्य | |
| १० | तुल्सा दमाई | कार्यपालिका सदस्य | |
| ११ | बालिका नेपाली | कार्यपालिका सदस्य | |
| १२ | कमला कामी | कार्यपालिका सदस्य | |
| १३ | जितामित्र सुनार | कार्यपालिका सदस्य | |
| १४ | प्रकाश पाण्डे | प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव | |

**अन्य उपस्थिति:**

१. बलराम पौडेल प्रशासन शाखा प्रमुख

२. माधव के.सी. [illegible]

३ मदन घिमिरे [illegible]

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जसपुर, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

CamScanner

प्रस्तावहरु

१. जनता संग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ सम्वन्धमा ।
२. झोलुङ्गे पुल माग सम्वन्धमा ।
३. दीर्घरोगी, विपन्न नागरिकलाई आर्थिक सहायता सम्वन्धमा ।
४. शैक्षिक गुणस्तर सुधार कार्यक्रम २०७९ का लागि प्रस्तावना छनौट सम्वन्धमा ।
५. शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृढीकरण कार्यविधि, २०७९ सम्वन्धमा ।
६. गाउँ शिक्षा योजना निर्माण कार्यदल गठन सम्वन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।
८. कृषि/पशु पकेट कार्यक्रम सम्वन्धमा ।
९. ने.रा.प्रा.वि. थक्लेनीको भवन निर्माण वचत रकम सम्वन्धमा ।
१०. शिक्षकलाई काज खटाउने सम्वन्धमा ।
११. लिफ्ट खानेपानीको आयोजनाको न्युनतम शुल्क सम्वन्धमा ।
१२. मिटरवक्स र एमसिवि माग विवरण पठाउने सम्वन्धमा ।
१३. समिक्षा सम्वन्धमा ।
१४. सार्वजनिक सेवा प्रवाह सम्वन्धमा ।
१५. विवाह गर्नुअघि वडा कार्यालयको सिफारिस अनिवार्य सम्वन्धमा ।
१६. अन्य संस्था आर्थिक सहायता सम्वन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा जनता संग स्थानीय सरकार कार्यक्रमलाई वस्तुनिष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि जनता संग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने र हालसम्म कायम रहेको जनता संग अध्यक्ष कार्यान्वयन कार्यविधि, २०७६ खारेज गर्ने निर्णय समेत गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग ललितपुरको च.नं २३० तथा मिति २०७९/१०/१६ को पत्रानुसार नेपाल सरकारको पन्ध्रौ योजनाले आभारभुत सेवा पँहुच पुर्याउने उद्देश्य आधा घण्टाको फेरोमा ल्याउने लक्ष्य लिएको देखिएकोले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई उच्च प्राथमिकता राखि आगामी ३ वर्ष भित्र आवश्यक सवै झोलुङ्गे पुल निर्माण सम्पन्न गर्नका लागि यस माण्डवी गाउँपालिका भित्र आवश्यक पर्ने झोलुङ्गे तपसिलका झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

| क्र स | झोलुङ्गे पुलको नाम | रहने स्थान/ठेगाना | कै |
|---|---|---|---|
| १ | वायखोला देखि सरुमारानी ६ किमिचौर जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा १ | |
| २ | रातापानी देखि माण्डवी २ काभ्रे जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा २ | |
| ३ | फल्देपाखा देखि वंगलाचुली ६ बाटुले जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा २ | |
| ४ | सल्लीवेशी देखि माण्डवी ३ मार्सिवाङ हिरङखोला जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ५ | देविस्थान देखि माण्डवी १ त्रिवेणी जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ६ | जावुने देखि माण्डवी ५ चकचके जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ७ | मुखचौर देखि वंगलाचुली ६ अमारे जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ४ | |
| ८ | जोत्रे देखि मल्लरानी ५ धुँदी जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ९ | |

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**कार्यपालिका बैठक नं. १२**

आज मिति २०८३ वैशाख ०३ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री नमराज अधिकारी ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा निम्नलिखित प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नमराज अधिकारी | अध्यक्ष | |
| २ | पूर्ण प्रसाद कालाथोकी | उपाध्यक्ष | |
| ३ | बाम बहादुर बुढा | वडा अध्यक्ष, माण्डवी गा.पा.-०१ | |
| ४ | प्रकाश वली | वडा अध्यक्ष, माण्डवी गा.पा.-०२ | |
| ५ | धनेन्द्र कार्की | वडा अध्यक्ष, माण्डवी गा.पा.-०३ | |
| ६ | डिल बहादुर घर्ति मगर | वडा अध्यक्ष, माण्डवी गा.पा.-०४ | |
| ७ | दुर्गा प्रसाद आचार्य | वडा अध्यक्ष, माण्डवी गा.पा.-०५ | |
| ८ | शुसिला घर्ति | कार्यपालिका सदस्य | |
| ९ | रमा पौडेल | कार्यपालिका सदस्य | |
| १० | तुल्सा दमाई | कार्यपालिका सदस्य | |
| ११ | बालिका नेपाली | कार्यपालिका सदस्य | |
| १२ | कमला कामी | कार्यपालिका सदस्य | |
| १३ | जितामित्र सुनार | कार्यपालिका सदस्य | |
| १४ | भिमकान्त भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिती:

बलराम पौडेल प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वडा नं ५ | | | |
| १. | जुजुनेटा फुशुन्ने डाँडा हुँदै रम्दीबेशी प्रतिक्षालय जाने मो.बा. निर्माण | | २,५०,०००/- | [illegible] रोजगार कार्यक्रमका लागि निर्माण सामग्री खरिद तथा ढुवानी | २,५०,०००/- | |
| | अर्दुश खानेपानी एक घर एक धारा विस्तार योजना | | १,५०,०००/- | वडा कार्यालय जाने मोटरबाटो पक्की ढलान | १,५०,०००/- | |
| | ठेक्का नं SQ16 र SQ17 बाट बचत रकम रु. | | ३,२७,०००/- | तिम्रा पक्की सिंचाई कुलो निर्माण योजना | ३,२७,०००/- | |

माण्डवी गाउँपालिकाको वडा नं ५ अन्तरगतका योजनाहरु समेटिने गरि आह्वान गरिएको बोलपत्र ठेक्का नं SQ16 र SQ17 बाट बचत रकम रु ३,२७,०००/- बाट तिम्रा पक्की सिंचाई कुलो निर्माण आयोजना स्वीकृत गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

२. माण्डवी गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. माण्डवी गाउँपालिका वडा नं १ र २ मा मिति २०७९ साल असोज १८ र १९ गते गएको अविरल वर्षाका कारण सिर्जित प्राकृतिक प्रकोप पहिरोको कारण विभिन्न घर आवा सिय संरचना तथा खेतियोग्य जमिनमा क्षति भई केहि घरपरिवार पूर्ण वा आंशिक रुपमा विस्थापित भएको तथा दैनिक गुजारा गर्न असहज अवस्था सिर्जना भएकोले प्रभावित नागरिकलाई गाउँपालिकाको स्रोतबाट आर्थिक राहत सहायता उपलब्ध गराउन आवश्यक देखिएको हुँदा पहिरो प्रभावित घरपरिवारलाई उपलब्ध गराइने राहत, सहयोग सम्बन्धी कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन "पहिरो प्रभावित घरपरिवारलाई आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०८३" स्वीकृत गर्ने तथा सोको कार्यान्वयनका लागि पच्चीस लाख रुपैया विनियोजन गर्ने प्रस्ताव अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

४. माण्डवी गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयहरुमा आधारभूत तह कक्षा १-८ "हाम्रो माण्डवी हाम्रो गौरव" नामक मिति २०७९।१२।२४ गते स्वीकृत स्थानीय विषयको पाठ्यक्रम कक्षा ६-८ सम्म कम्प्यूटर,मानव मुल्य र नैतिक शिक्षा विषय क्षेत्र थप गरी स्थानिय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कार्यदलद्धारा तयार पारिएको "परिमार्जित स्थानीय पाठ्यक्रम" तथा माण्डवी गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण कार्यदलद्धारा निर्मित "दश बर्षे गाउँ शिक्षा योजना २०८२/८३- २०९२/९३" स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

५. स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २ ज को अधिकार बमोजजिम माण्डवी गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीको अनुपातका आधारमा तपसिल बमोजिम दरबन्दी मिलान र विद्यालय मर्ज गर्ने निर्णय गरियो।

६. माण्डवी गाउँपालिकामा सञ्चालित श्री माण्डवी ईङ्लिस बोर्डिङ स्कुलको मिति २०८२/०९/२२ को शैक्षिक शत्र २०८३ को लागि सात कक्षा थप गर्ने अनुमति सम्बन्धमा छलफल गर्दा उक्त विद्यालयले पेश गरेको कागजात तथा विद्यमान शिक्षा ऐन, नियमावली र गाउँपालिकको शिक्षा नीति अनुसार मापदण्ड पुरा गरेको देखिएकोले शैक्षिक शत्र २०८३ देखि लागु हुने गरी कक्षा सात थप गर्न अनुमतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

७. माण्डवी गाउँपालिका गाउँकार्यपालिकाले मिति २०८१ श्रावण २० गते गरेको निर्णय बमोजिम आ.व. २०८१/०८२ को माण्डवी गाउँवासिको २० युनिट सम्मको महशुल भुक्तानी नगर्ने भनिएकोमा माण्डवीबासीको माग र संघीय सरकारको न्युनतम महशुल छुट गर्ने नीति बमोजिम श्री बुटवल पावर कम्पनी लिमिटेडसंग लामो समयदेखि बहसमा रहेको र नेपाल सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको पत्रको व्यहोरा बमोजिम माण्डवी गाउँपालिकाको दायित्व अन्तरगत पर्न आएको माण्डवी गाउँपालिका बासीको २० युनिट सम्मको ब्याज भुक्तानी नहुने गरि हुन आउने न्यूनतम विद्युत महशुल बक्यौदास्वरुप भुक्तानी गर्ने र सोको अनुमोदन तथा आवश्यक बजेट विनियोजनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२०८३/०१/०२
भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner